नागार्जुन नगरपालिकाको

# पर्यटन प्रवर्द्धन तथा सम्भाव्यता

## अध्ययन प्रतिवेदन

नागार्जुन पर्यटन अध्ययन तथा प्रवर्द्धन समिति

हरसिद्धि, नागार्जुन, काठमाडौं

२०८१

**श्री नागार्जुन नगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय**
**हरिसिद्धि, सितापाईला**

<u>विषयः प्रतिवेदन पेस गरिएको।</u>

नागार्जुन नगरपालिकाबाट मिति २०८०/१०/१५ को नगर कार्यपालिकाको बैठकको निर्णयानुसार नागार्जुन नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न पर्यटकिय गन्तव्य, पुरात्ताविक महत्वका विषयहरु, सम्पदाहरुको पहिचान , संरक्षण र प्रवर्द्धन गर्न तथा पर्याटकहरुको आगमनमा बृद्धि गरि नागार्जुन नगरपालिका क्षेत्रलाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नका लागि नागार्जुन नगरपालिकाले चाल्नु पर्ने कदमहरुका लागि अध्ययन गर्न नागार्जुन पर्यटन अध्ययन तथा प्रवर्द्धन समित गठन भएकोमा उक्त समितिले तयार पारेको पर्यटन सम्भाव्यता अध्ययन प्रतिवेदन नगरपालिका समक्ष पेश गरेका छौं।

| क्र.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राम कुमार पुरी | संयोजक | |
| २. | श्री सुदर्शन लामिछाने | सदस्य | |
| ३. | श्री मोहन भट्टराई | सदस्य | |
| ४. | श्री जयराम गौतम | सदस्य | |
| ५. | श्री सुन्दरमणी श्रेष्ठ | सदस्य | |
| ६. | श्री तुलसी मगर | सदस्य | |
| ७. | श्री कोमल लामा | सदस्य | |
| ८. | श्री सुदर्शन न्यौपाने | सदस्य | |
| ९. | श्री निर्मला धमला | सदस्य | |
| १०. | श्री हरिशरण बरूवाल | सदस्य | |
| ११. | श्री दधिराज घिमिरे | सदस्य | |
| १२. | श्री बसन्त तामाङ | सदस्य | |
| १३. | श्री रञ्जित श्रेष्ठ | सदस्य | |
| १४. | श्री पवित्रा तामाङ गुरूङ | सदस्य | |
| १५. | श्री साधुराम गौतम | सदस्य | |
| १६. | ईबिमोचन भण्डारी | सदस्य सचिव | |

मितिः २०८१-१०-०६

**अध्ययन समूहः**



राम कुमार पुरी
अध्ययन समिति - संयोजक
पर्यटन विज्ञ, अध्यापक तथा अनुसन्धानकर्ता



बिमोचन भण्डारी
सदस्य सचिव



कोमल लामा
सदस्य



मोहन भट्टराई
सदस्य



तुलसी मगर
सदस्य



हरिशरण बरुवाल
सदस्य



सुन्दर मणि श्रेष्ठ
सदस्य



निर्मला धमला
सदस्य



बसन्त तामाङ
सदस्य



जयराम गौतम
सदस्य



दधिराज घिमिरे
सदस्य



रन्जित श्रेष्ठ
सदस्य



पवित्रा तामाङ गुरुङ
सदस्य

सुदर्शन न्यौपाने
सदस्य

सुदर्शन लामिछाने
सदस्य

साधुराम गौतम
सदस्य

## Abbreviations

| | |
|---|---|
| रा.यो.आ. | : राष्ट्रिय योजना आयोग |
| स.प.ना.उ.म | : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| DMO | : Destination Management Organization |
| NTB | : Nepal Tourism Board |
| VFR | : Visiting Friends and relatives |
| TAAN: | : Trekking Agencies Association of Nepal |
| NARA | : Nepal Association of Rafting Agencies |
| NMA | : Nepal Mountaineering Association |
| HAN | : Hotel Association Nepal |
| MoCTCA | : Ministry of Culture, Tourism and Civil Aviation |

# भूमिका

प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक दृष्टिबाट नेपाल विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्यको सम्भावनायुक्त देश हो। पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरहरु सृजना गरी गरिवी न्यूनीकरण मात्र होइन, जनताको जीवनस्तरमा नै उल्लेख्य सुधार गर्न सकिने प्रशस्त आधारहरु यस देशमा छन्। पर्यटन नेपालको लागि अत्यन्तै उर्वर र सम्भावना भएको क्षेत्र भएपनि यस विषयले संघ, प्रदेश र स्थानीय सरकारहरुबाट यथोचित प्राथमिकता पाएको देखिँदैन। पर्यटन सम्बन्धमा केही सोच, लक्ष्य, रणनीति र कार्यनीतिहरु तयार भएका त छन् तर पनि ती प्रभावकारी ढंगबाट कार्यान्वयनको चरणमा आउन सकेका छैनन्। नेपालमा संघीय शासन प्रणाली लागु भएपछि पर्यटनलाई देशका धेरै गाउँपालिका र नगरपालिकाहरुले आफ्नो प्रतिष्ठाका लागि आकर्षक नाराको रुपमा लिएका छन्। स्थानीय सरकारका नीति र कार्यक्रममा पर्यटनको विकास बारेमा प्रतिवद्वताहरु जाहेर गरिएका पनि हुन्छन्। तर ती न त पर्यटन क्षेत्रको विकासका लागि कुनै स्पष्ट दीर्घकालीन योजना अन्तर्गत आएका हुन्छन्। न त तिनको कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन कार्यमा गम्भीरता नै देखिन्छ। सतही प्रकारका यस्ता कार्यबाट कुनै स्पष्ट सोचसम्म त आउन सक्दैन भने पर्यटनको विकास सम्भव हुने कुरै भएन। परिणाम स्वरुप, स्थानीय स्तरमा युगौं अघि देखि चलिआएका रीतिथिति, कलासंस्कृति, संस्कार लोप भएर भविष्यको पिढिले देख्नै नपाउने अवस्था को सम्भावना बढ्दै गएको छ। प्राकृतिक स्रोत सम्पदाको निर्मम दोहनबाट बाढी-पहिरो लगायत अनेकौं विपत्ती आउने जस्ता समस्या आइलाग्छन् भने अर्का तिर अथाह सम्भावना युक्त पर्यटन क्षेत्रबाट स्थानीय जनताले कुनै आर्थिक लाभ लिन नसक्ने अवस्था सिर्जना हुन्छ। अतः पर्यटन क्षेत्रको विकास केबल लहडमा र अरुको अन्धानुकरणमा मात्र गरिने विषय होइन भन्ने चेत र चिन्तन विभिन्न तहका नीति निर्माताहरु र सम्पूर्ण सरोकारवालाहरुमा आउनु अव आवश्यक भइसकेको छ। बेलैमा चेतना आयो भने मात्र अमूल्य सांस्कृतिक सम्पदा मासिन पाउँदैनन्, प्राकृतिक सुन्दरता लोप हुन पाउँदैन र आर्थिक सामाजिक विकासका अपूर्व अवसरहरु गुम्न पाउँदैनन्। यही चेतना नागार्जुन नगरपालिका भित्रका सरोकारवालाहरुमा जगाउने उद्देश्यले नागार्जुन पर्यटन अध्ययन तथा प्रवर्द्धन समिति गठन भई सो समितिले यो प्रतिवेदन तयार गरेको छ।

यसै सन्दर्भमा काठमाडौं उपत्यकाका अन्य कयौं नगरपालिकाले जस्तै नागार्जुन नगरपालिकाले "समृद्ध नागार्जुनको आधार, पर्यटन सहितको पूर्वाधार" नामक मौलिक नारा लिएर पर्यटनको विकासका लागि प्रतिवद्धता देखाएको छ। पर्यटन क्षेत्रको दीर्घकालिन र योजनावद्ध विकासका लागि यस नगरपालिकाले पर्यटन विकास गुरुयोजना तयार गर्ने कुरालाई विगत केही वर्ष

अघिदेखि आफ्ना वार्षिक कार्यक्रमहरुमा राख्दै आएको पनि छ। तथापि हालसम्म सो गुरुयोजना तयार गर्ने कार्यले मूर्तरुप लिन भने सकेको देखिएको छैन।

यस्तो पृष्ठभूमि बीच नागार्जुन नगरपालिकाले आफ्नो क्षेत्रभित्र पर्यटन प्रवर्द्धनको सम्भाव्यता अध्ययन गराउने जुन प्रयास गर्यो यसलाई परिवर्तन प्रतिको एउटा राम्रो पहलका रुपमा लिनुपर्ने हुन्छ। साना कामबाट नै ठूलो परिवर्तनको जग तयार हुन्छ। पर्यटन क्षेत्रको विकासका लागि सिङ्गो नगरपालिकाकै लागि यो अनुकरणीय कार्य हो। तथापी, ऐतिहासिक कालका बाइसे-चौविसे राज्यहरुको अवधारणा जस्तै वडा-वडाले आआफ्ना क्षेत्रभित्र पर्यटनको विकासको सम्भाव्यता खोज्नुभन्दा समग्र नगरपालिकाले आफ्नो क्षेत्रको आर्थिक समृद्धिको लागि सर्वप्रथम दीर्घकालिन सोचसहितको गुरुयोजना बनाई तदनुसार कार्यक्रम क्रमशः ल्याएमा विकासले चाँडै गति लिन्छ भन्ने हाम्रो धारणा छ। पर्यटन क्षेत्रको गहिरो विषयगत अनुभव र कार्य क्षमतालाई विश्वास गरी यो गहन र समसामायिक विषयको सम्भाव्यता अध्ययन गर्ने जिम्मेवारी सुम्पिएको नागार्जुन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं। साथै अध्ययनका क्रममा नगर प्रमुखज्यू, योजना तथा प्रशासन शाखा प्रमुखज्यू हरुबाट समय समयमा विभिन्न जानकारी, सल्लाह र सुझावहरु प्राप्त हुन सकेकोमा आभार प्रकट गर्दछौं।

उहाँहरु सबैलाई हार्दिक धन्यवाद दिन चहान्छौं। यसका अतिरिक्त नगर कार्यपालिकाका शाखा प्रमुखज्यूहरु लगायत कर्मचारी मित्रहरु, वडा सदस्यज्यूहरु, स्थानीय पर्यटन विद्हरु, पर्यटनसँग सम्वद्ध संघ संस्था, अतिथि सत्कार व्यवसायमा आवद्व उद्यमीहरुबाट समेत उल्लेखनीय जानकारीहरु प्राप्त भएकोले उहाँहरु सबैजना धन्यवादका पात्र हुनुहुन्छ।

नगर प्रमुखज्यू, नगर उपप्रमुखज्यू, वडा अध्यक्षज्यूहरु र अन्य पदाधिकारीहरुले आफ्नो अति व्यस्तताका बीच पनि अध्ययन प्रतिवेदन अन्तिम रुप दिने सिलसिलामा हाल आयोजित अन्तरक्रिया कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाउनु भयो। यसलाई आफ्नो नगरको विकासप्रति उहाँहरुको हृदयदेखिको चासो र क्रियाकलापलाई हामिले हौसलाका साथ लिएका छौं। अन्तरक्रिया कार्यक्रमका सहभागीहरुबाट प्राप्त विचारहरु र अमूल्य सुझावहरुलाई समेत हामीले यस प्रतिवेदनमा यथोचित स्थान दिएका छौं।

नागार्जुन नगरपालिकाले नमुनाको रुपमा शुरु गराएको पर्यटन प्रवर्द्धन विषयको सम्भाव्यता अध्ययन कार्य समसामयिक र स्थानीय जनताका लागि निकै लाभप्रद छ। यसबाट प्राप्त भएको ठोस निष्कर्ष र सुझावहरुको कार्यान्वयनले स्थानीय स्तरको आर्थिक सामाजिक विकासमा प्रत्यक्ष र दीर्घकालिन प्रभाव अवश्य पार्ने छन्। अतः प्रस्तुत गरिएका सुझावहरुको सफल

कार्यान्वयनबाट नै पर्यटन उद्योगको प्रवर्द्धन भई स्थानीयवासीहरुले धार्मिक-सांस्कृतिक एवं पर्या-पर्यटनका अनेकौं अवसरहरुबाट लाभ लिन पाउने हुँदा प्रतिवेदनको कार्यान्वयनले उच्च प्राथमिकता पाउने कुरामा यस समितिलेढृढ विश्वास लिएको छ।

अन्त्यमा, पर्यटन विकासको माध्यमबाट नागार्जुननगरपालिकाको दिगो विकास र नागार्जुनका वासीन्दाहरुको समृद्धिको कामना गर्दछौं।

मितिः २०८१ माघ

**राम कुमार पुरी**
**संयोजक,नागार्जुन पर्यटन अध्ययन तथा प्रवर्द्धन समिति**
**नागार्जुन नगरपालिका, हरसिद्धि, काठमाडौ**

# विषय सुचि


१. पृष्ठभूमि ............ १

१.१ अध्ययनको पृष्ठभूमि............ १

१.२ पर्यटन प्रवर्द्धनको सम्भाव्यता अध्ययनको आवश्यकता ............ ३

१.३ सम्भाव्यता अध्ययनको उद्देश्य ............ ५

१.४. अध्ययनको विधि ............ ६

१.५ अध्ययनको अवधि ............ ६

२. अध्ययन क्षेत्रको संक्षिप्त परिचय ............ ७

२.१ नागार्जुनको इतिहास ............ ७

२.२ नागार्जुन सँग जोडिएका रोचक पक्ष ............ ७

२.३ नागार्जुन नगरपालिकाको संक्षिप्त परिचय ............ ९

२.३.१ ऐतिहासिक स्थलहरु ............ १०

२.३.२ धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरु ............ १०

२.३.३ गुम्वा तथा स्तुपा ............ ११

२.३.४ खेल मैदान तथा पार्क ............ १२

२.३.५ पर्यटकीय तथा दृश्यावलोकनको लागि महत्वपूर्ण स्थानहरु ............ १२

२.३.६ प्रमुख नदी नाला ............ १२

३. नेपालमा पर्यटन उद्योगको अवस्था ............ १३

३.१ शुरुवातः ............ १३

३.२ पर्यटनको वर्तमान अवस्था ............ १६

३.३ भविष्यका सम्भावना ............ १८

४. नागार्जुन नगरपालिकामा पर्यटनको अवस्था ............ २०

४.१ नागार्जुन नगरपालिकामा धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदा ............ २०

४.२ नागार्जुन नगरपालिका भित्र रहेका होटल, लज आदीको विवरण ............ २२

४.३ शीपयुक्त जनशक्तिको उपलब्धता ............ २२

४.४ पर्यटन उद्योगमा लगानी ........ २३
५. नगरपालिकामा पर्यटनको वर्तमान अवस्था ........ २४
५.१ धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक र पर्यटकीय सम्पदाहरु........ २४
५.२ नगरमा पर्यटन प्रवर्द्धनका वर्तमान अवस्था ........ ५०
६ .नगरपालिकामा पर्यटन प्रवर्द्धनका सम्भाव्य क्षेत्रहरु ........ ५७
६.१ आन्तरिक पर्यटन ........ ५९
६.२ धार्मिक - सांस्कृतिक पर्यटन ........ ६०
६.३ साहसिक पर्यटन ........ ६२
६.४ ग्रामीण पर्यटन ........ ६३
६.५ मनोरञ्जन पर्यटन ........ ६४
६.६ ऐतिहासिक पर्यटन ........ ६४
६.७ खानपान पर्यटन ........ ६५
६.८ प्राकृतिक र पर्या-पर्यटन ........ ६५
६.९ खेलकूद पर्यटन ........ ६६
६.१० कृषि पर्यटन ........ ६७
६.११ स्वास्थ्य तथा आध्यात्म पर्यटन ........ ६८
६.१२ साहित्यिक पर्यटन ........ ६८
६.१३ पदयात्रा मार्गहरुको सम्भावयता ........ ६९
७. पर्यटन विकाससँगै पर्न सक्ने सकारात्मक र नकारात्मक प्रभावहरु........ ७१
७.१ समाज र संस्कृति क्षेत्र ........ ७१
७.२ आर्थिक क्षेत्र ........ ७१
७.३ वातावरण क्षेत्र........ ७२
७.४ अन्य क्षेत्र ........ ७२
८. निष्कर्ष र सुझावहरु........ ७३
८.१ निष्कर्ष ........ ७३

८.२ सुझावहरू ................................................................................................. ७४
८.२.१ उद्यमशीलता विकास ........................................................................................ ७९
८.२.२ जनशक्ति विकास ............................................................................................ ७९
८.२.३ होमस्टेको प्रवर्द्धन ............................................................................................ ८०
८.२.४ पर्यटकीय सम्पदाहरूको संरक्षण ........................................................................... ८१
८.२.५ सहजीकरण .................................................................................................. ८२
८.२.६ प्रवर्द्धन र प्रचार—प्रसार ..................................................................................... ८२
८.२.७ भगिनी सम्बन्ध स्थापना .................................................................................... ८३
८.२.८ पर्यटक सूचना केन्द्र स्थापना गर्ने ........................................................................ ८३
८.२.९ पर्यटक तथ्यांक संकलन .................................................................................... ८४
८.२.१० प्रभावकारी संयोजन ........................................................................................ ८४
८.२.११ पर्यटन बिकास गुरुयोजना तर्जुमा ........................................................................ ८५
८.२.१२ नीजि क्षेत्रहरुबाट गरिनुपर्ने कामहरु ..................................................................... ८६
८.२.१३ समूदाय स्तरबाट गरिनुपर्ने कामहरू ..................................................................... ८७
८.३.अन्य निकायहरूसँग सहकार्य ................................................................................. ८९
अनुसूची -१ अध्ययनका क्रममा सम्पर्क गरिएका महानुभावहरुको विवरण ........................................ ९०
अनुसूची -२ विगत २७ वर्षमा नेपाल आएका विदेशी पर्यटकहरुको वार्षिक संख्या ............................ १०३
अनुसुची- ३ नक्साहरु .......................................................................................... १०५
सन्दर्भ सामाग्रीहरु .............................................................................................. ११२

# १. पृष्ठभूमि

**१.१ अध्ययनको पृष्ठभूमि**

नागार्जुन नगरपालिका साविक पाँच गा.वि.स. इचङ्गुनारायण, सीतापाईला, रामकोट, भीमढुङ्गा, स्यूचाटार मिलाएर बनाइएको नगरपालिका हो। वि.सं २०७१ मंसिरमा स्थापित यस नागार्जुन नगरपालिका भौगोलिक रुपमा काठमाडौं जिल्लाको पश्चिममा अवस्थित छ। वागमती प्रदेश अन्तर्गत काठमाडौं जिल्लाको पश्चिमी भागमा पर्ने नागार्जुन नगरपालिका क्षेत्र अनेकौं ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, पौराणिक, प्राकृतिक र वातावरणीय सम्पदाहरुले भरिएको क्षेत्र हो। यस पालिकाले समग्र नगरको समृद्धिको आधार पर्यटनलाई बनाउनुले पनि यो अध्ययनले कति महत्व राख्दछ भन्ने प्रष्ट पार्दछ। यहाँ ब्राह्मण, क्षेत्री, दशनामी, नेवार, तामाङ, मगर आदि जातीहरुको मुख्य बसोबास क्षेत्र रहेको छ, जसमध्ये अधिकांश जनसंख्या हिन्दु र बौद्ध धर्ममा आस्था राख्नेहरु पाइन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकाको कुल जनसंख्या १,१५,४३७ रहेको छ। जसमध्ये पुरुष ५७,५९६ (४९.८९ प्रतिशत) र महिला ५७,८४१ (५०.११ प्रतिशत) रहेको छ। घरधुरी संख्या ३१३०१ रहेको यस पालिकामा जनसंख्या घनत्व (प्रति वर्ग कि.मि.) ३,८६७ र बसोबास ५३६.४ (प्रति वर्ग कि.मि) रहेको छ। यसै पृष्ठभूमिमा पर्यटनको सम्भावना र नगरको सम्पूर्ण क्षेत्रको एकमुष्ठ अध्ययन गर्न नागार्जुन नगरपालिकाको निर्णय अनुसार नागार्जुन पर्यटन समितिबाट विस्तृत अध्ययन पश्चात गठन भई यो प्रतिवेदन तयार गरिएको छ।



नागार्जुन नगरपालिका संघीय राजधानी काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिकासँग रहेको र धादिङ्ग जिल्लासँग पनि जोडिएको छ। यस नगरपालिका क्षेत्रमा यातायातको राम्रो सुविधा छ। त्यस्तै, विजुली, खानेपानी, संचारको पनि सुविधा छ। यी महत्वपूर्ण पूर्वाधार भएर पनि यस क्षेत्रमा पर्यटन उद्योगले खासै गति लिन नसकेको कारणले पर्यटन व्यवसायमा वाञ्छित रोजगारी सिर्जना हुन सकेको छैन। त्यस्तै स्थानीय स्तरमा उत्पादित कृषि, पशुपालन, तरकारी, फलफूल, माछामासु लगायतका वस्तुहरु पर्यटन व्यवसायसँग प्रभावकारी ढंगबाट जोडिन सकेको अवस्था छैन।

स्थानीय समुदायको सशक्तिकरण र समृद्धिलाई आधार मानी कार्यान्वयन योग्य पर्यटन योजना तयार गरी समुदायमा पुऱ्याउनु यो प्रतिवेदनको मुख्य उद्देश्य हो। यस प्रतिवेदनमा नगरपालिकाको संस्कृति, परिवेश र ऐतिहासिकतासँग सँगैसम्बन्धित विभिन्न प्राकृतिक, सांस्कृतिक, धार्मिक र ऐतिहासिक स्थलहरुको समेत चर्चा गरिएको छ। यो अध्ययन प्रतिवेदन स्थानीय समुदायको समृद्धि र विकासको लागि पर्यटन मियो सावित हुने आधारलाई ध्यानमा राखेर तयार गरिएको छ। नगरपालिकाको स्थानीय अर्थतन्त्रलाई सशक्त बनाउँदै र समुदायको प्रगति र उत्थानमा महत्वपूर्ण भूमिका खेल्ने गरी नगरपालिकाको विकासमा पर्यटन मूल आधार, हुने सक्ने आधार र कारणहरुको खोजि गरिएको छ ।

नागार्जुन नगरपालिका पर्यटनको परिप्रेक्ष्यबाट एक नमूना स्थलको रुपमा विकसित गर्न सकिने सम्भावनालाई यस प्रतिवेदनले उजागर गरेको छ। नेपालको पर्यटन उद्योग देशको राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण अंग हो, जसले प्राकृतिक सौन्दर्य, सांस्कृतिक धरोहर र ऐतिहासिक स्थलहरुको माध्यमबाट विश्वभरीका पर्यटकहरुलाई आकर्षण गराउँदछ।

नागार्जुन नगरपालिका स्थित ऐतिहासिक मन्दिर, गुम्बा र प्राकृतिक मनोरम पदयात्राले पर्यटकलाई प्राकृतिक सौन्दर्य, आराध्यता र स्थानीय सांस्कृतिक अनुभव समेट्नका लागि एक शानदार विकल्पको रुपमा अगाडि ल्याउन सकिने  सम्भावनाहरुको बुँदागत वर्णन गरिएको छ। पर्यटनको परिप्रेक्ष्यबाट नागार्जुन नगरपालिकामा प्राकृतिक सौन्दर्य, विविधता र सांस्कृतिक धरोहर महत्वपूर्ण सम्पत्ति रहेको छ। यसले नागार्जुनलाई पर्यटन उद्योगका लागि एक महत्वपूर्ण केन्द्र बनाउँदै लाने छ, जसले स्थानीय अर्थतन्त्रलाई प्रभावी रुपमा सहयोग गर्न सक्छ। नागार्जुन नगरपालिकामा पर्यटन उद्योगले स्थानीय आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्नेछ। यहाँको प्राकृतिक र ऐतिहासिक स्थलहरुमा पर्यटकलाई अत्याधिक प्रभावित गर्न सक्ने सम्भावनाहरु निहीत रहेका छन्।

तसर्थ नागार्जुन नगरपालिकामा पर्यटन उद्योगको विकासले नगरपालिकाको स्थानीय आर्थिक विकास उत्थानका लागि थप सहयोग पुऱ्याउने विश्वास गर्न सकिन्छ। एकत्रित प्रयास र कार्ययोजनाबाट पर्यटनले स्थानीय जनसंख्यालाई रोजगारीका अवसर प्रदान गर्न सक्छ र स्थानीय उत्पादन र वितरणको लागि एक प्रमुख स्रोतको रुपमा काम गर्न सक्छ। यसले स्थानीय समुदायको अभिलाषामा आधारित विकासको लागिसामाजिक अन्यायका विरुद्ध लड्नमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्छ।

## १.२ पर्यटन प्रवर्द्धनको सम्भाव्यता अध्ययनको आवश्यकता

नागार्जुन नगरपालिका क्षेत्र यति धेरै वैभवले सम्पन्न भई धार्मिक, सांस्कृति र साहासिक पर्यटन विकासका लागि एउटा राम्रो गन्तव्य हुन सक्ने स्थल भएर पनि यहाँ पर्यटन उद्योगको प्रवर्द्धनआशातित रुपमा हुन सकेको छैन। फलस्वरुप, यस उद्योगका माध्यमबाट आम जनताको आयस्तर बढाउन सकिने सम्भावनाहरुले मूर्तरुप लिन सकेको छैन।

पर्यटन क्षेत्रको विकासका लागि नागार्जुन नगरकार्यपालिकाको अभिरुचि भने केही देखिन्छ। संघीयताको अवधारणा सहितको नयाँ संविधान लागु भए पश्चात २०७४ सालमा सम्पन्न स्थानीय सरकारको निर्वाचनबाट बनेको नागार्जुन नगरपालिकाले "समृद्ध नागार्जुनको आधार पर्यटन सहितको पूर्वाधार र आवासीय नगर" को उत्साहजनक नारा लिएर नगरको विकासका आधारशीला मध्ये पर्यटन क्षेत्रलाई पनि प्रमुख रुपमा लिएको छ। त्यसै अनुसार विगत ३-४ वर्ष देखि वार्षिक नगर विकास योजना, नीति तथा कार्यक्रममा पर्यटन विकासको गुरुयोजना तयार गर्ने कार्यक्रम राख्ने गरेको पाइएको पनि छ। तर पर्यटन क्षेत्रको योजनावद्ध विकासलाई यसरी प्रत्येक वर्ष प्राथमिकतामा राखेर पनि हालसम्म तत्सम्बन्धी गुरुयोजना तयार गर्ने कार्यले मूर्तरुप लिन नसक्दा पर्यटन उद्योगको योजनावद्ध विकास हुन सकेको छैन।

यस पृष्ठभूमिमा नगरपालिकाका १० वटै वडामा पर्यटन प्रवर्द्धन सम्भाव्यता अध्ययन गराउने कार्यक्रमलाई महत्वका साथ स्वीकृत गरी नगरपालिकाबाट बजेटको व्यवस्था नगरिएता पनि विशुद्व पर्यटन क्षेत्रको अध्ययन अनुसन्धानमा संलग्न रहँदै आउनुभएका पर्यटज विज्ञ श्री राम कुमार पुरीको संयोजकत्वमा १६ जना सदस्यीय समितिबाट यो अध्ययन कार्य सम्पन्न गरिएको छ।

**पर्यटन प्रवर्द्धनको सम्भाव्यता अध्ययनको आवश्यकता**

**नागार्जुन नगरपालिकाको पर्यटन सम्भावनाको अध्ययनमा महत्वपूर्ण कारकहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छः**

क। प्राकृतिक सौन्दर्य र स्थलीय आकर्षणः नागार्जुन नगरपालिकामा प्राकृतिक सौन्दर्य र आदर्श स्थलहरुको अध्ययन गर्न।

ख। पर्यटन संरचनाः पर्यटकलाई आवास, खाना-पिना र मनोरञ्जनका लागि आवश्यक संरचना तथा सेवाहरुको अवलोकन गर्न।

ग। सांस्कृतिक र ऐतिहासिक सम्पदाको मूल्याङ्कनः स्थानीय सांस्कृतिक र ऐतिहासिक सम्पदाको पर्यटन उद्योगमा सहायता गर्ने अवस्था कसरी विकसित गर्न सकिन्छ तथा कसरी संरक्षण गर्न सकिन्छ भन्ने विषयमा अध्ययन गर्न।

घ। पर्यटन बजार र अवसरहरुको अध्ययनः पर्यटन बजारको अवलोकन, पर्यटकहरुको रुचि, र स्थानीय उत्पादन र वितरणमा समावेशको अध्ययन गर्न।

ङ। सामुदायिक सहभागिताः स्थानीय निर्वासीहरु, स्थानीय व्यवसायहरु, र स्थानीय संगठनहरुसँग सहभागिता गरी पर्यटन सम्बद्ध नीति र योजना तयार गर्न।

च। पर्यटन व्यवस्थापन र नियोजनाः पर्यटन उद्योगको संरचना, व्यवस्थापन र विकासका लागि योजना र नीति तयार गर्न।

छ। संरचनात्मक विकास र बाह्य परिवेशः नागार्जुन नगरपालिकामा पर्यटन सम्वद्ध संरचनाहरुको विकास र परिवेशको सुधारका लागि आवश्यक कार्यहरुको अध्ययन।

ज। अनुसन्धान र अध्ययनः पर्यटन सम्पर्कमा आएका नयाँ प्रवृत्तिहरु, विकासहरु र अनुसन्धानहरुको अध्ययन र संगठन गर्न।

झ। पर्यटनीय उत्पादन र प्रविधिहरुको अध्ययनः पर्यटनको सेवाहरु, उत्पादन तथा प्रविधिहरुको अध्ययन गर्दै आधुनिक तथा उच्च गुणस्तरको पर्यटन सेवा प्रदान गर्नका लागि योजना बनाउने।

ञ। सांस्कृतिक परिचयः स्थानीय सांस्कृतिक विरासतको परिचय, बजारिया र स्थानीय उत्सवहरुको अध्ययन गरी पर्यटकहरुलाई सांस्कृतिक अनुभव प्रदान गर्नका लागि योजना बनाउने।

### १.३ सम्भाव्यता अध्ययनको उद्देश्य

क। पर्यटन सम्बद्ध स्थलहरुको पहिचान गर्नुः नागार्जुन नगरपालिकामा पर्यटन सम्भावनाको मुख्य स्थलहरु, प्राकृतिक सौन्दर्य, ऐतिहासिक र सांस्कृतिक सम्पदा पहिचान गर्ने ।

ख। पर्यटन संरचना र व्यवस्थापनको सुधारका लागि सुझाव प्रस्तुत गर्नुः पर्यटन सम्बद्ध संरचनाहरुको विकास, सुधार र व्यवस्थापन गर्ने योजना तथा नीति तय गर्ने।

ग। सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाको संरक्षण र प्रचारका लागि उपायहरु प्रस्तुत गर्नुः स्थानीय सम्पदाको संरक्षण, प्रचार र संरक्षण गर्ने उपायहरु पहिचान गर्ने।

घ। स्थानीय अर्थतन्त्र र रोजगारीमा सम्बद्धताको लागि पर्यटनका अवसरहरु अन्वेषण गर्नुः पर्यटनले स्थानीय अर्थतन्त्र र रोजगारीमा कसरी समृद्धि गर्न सक्छ भन्नेअवसरहरु पहिचान गर्ने।

ङ। पर्यटन सम्बद्ध उद्योगका लागि अवसरहरु अध्ययन गर्नुः स्थानीय व्यवसायहरुले पर्यटन सम्बद्ध उद्योगमासमेत कसरी प्रवेश गर्न सक्छ भन्ने अवसरहरुको अध्ययन गर्ने।

च। पर्यटन सम्बद्ध नीति र योजनाहरुको तयारीमा सहायक अध्ययन गर्नुः पर्यटन सम्बद्ध नीति, योजना र कार्यक्रमको तयारीमा सहायक अध्ययन गर्ने।

छ। स्थानीय सामुदायिक सहभागिता बढाउनुः पर्यटन सम्बद्ध नीति, योजना र कार्यक्रममा स्थानीय सामुदायिक संगठनहरु र स्थानीय निवासीहरुको सहभागिता बढाउने।

ज। पर्यटनको सामाजिक, पर्यावरणीय र आर्थिक प्रभावको अध्ययन गर्नुः पर्यटनको संरचना र विकासले स्थानीय समुदाय र पर्यावरणमा कसरी प्रभाव पार्दछ भन्ने अध्ययन गर्ने।

झ। पर्यटन सम्बद्ध शैक्षिक कार्यक्रमहरुको विकासमा मद्दत गर्नुः पर्यटनको शैक्षिक क्षेत्रमा कसरी सम्बर्द्धन गर्न र विकास गर्न सकिन्छ भन्ने अध्ययन गर्ने।

ञ। स्थानीय प्राकृतिक सम्पदाको संरक्षण र सुरक्षा गर्नुः पर्यटनको विकास र सम्बर्द्धन, प्राकृतिक सम्पदाको संरक्षण र सुरक्षा गर्ने।

ट। सम्बद्ध तथा वितरण नीति तथा योजनाको तयारीमा सहयोग प्रदान गर्नुः पर्यटनको वितरण र प्रवर्द्धनमा कसरी संबद्धता र वितरण नीति तथा योजनालाई विकास गर्न सकिन्छ भन्ने अध्ययन गर्ने।

## १.४. अध्ययनको विधि

**प्रस्तुत पर्यटन प्रवर्द्धनको सम्भाव्यता अध्ययनका क्रममा निम्न लिखित विधिहरुको प्रयोग गरिएको छः**

क। उपलब्ध स्रोत सामाग्री, पुस्तक पुस्तिका, प्रतिवेदन आदिको विस्तृत अध्ययन गरी नागार्जुन नगरपालिका भित्रका सम्पूर्ण पर्यटकीय क्षेत्रहरु बारे प्रारम्भिक जानकारी प्राप्त गरिएको छ।

ख। नगरपालिका भित्रका सबै वडाका अध्यक्ष लगायत वडाका जनप्रतिनिधिहरु र कर्मचारीहरुका जानकारीमा रहेका पर्यटकीय महत्वका स्थानीय धार्मिक, ऐतिहासिक स्थलहरु, कला- संस्कृति- परम्परा लगायत विविध सम्भावनाहरु बारे तथ्यहरु, सूचनाहरु संकलन गरी पर्यटकीय सम्भावनाहरु, समस्याहरु एवं चुनौतीहरुका विषयमा यथार्थ जानकारी प्राप्त गरिएको छ।

ग। नागार्जुन नगर भित्रका महत्वपूर्ण स्थलहरुको भ्रमण गरी सरोकारवालाहरुसँग अध्ययनसँग सम्बन्धित विविध पक्षहरु बारे गम्भिरतापूर्वक छलफल गरिएको छ। पर्यटन सम्बन्धी संघीय सरकारी निकायका केही पदाधिकारी तथा व्यवसायमा संलग्न नगरका अन्य वडाका पनि केही जानकार व्यक्तिहरु (Key Informants) सँग अन्तर्वार्ता लिइएको छ। (यस क्रममा सम्पर्क गरिएका सम्पूर्ण महानुभावहरुको नामावली अनुसूची १ मा प्रस्तुत गरिएको छ)


घ। अध्ययन प्रतिवेदनको मस्यौदा २०८१ असारमा नागार्जुन नगरपालिका कार्यालयमा प्रतिक्रिया र सल्लाह सुझावका लागि पेश गरिएको थियो। त्यस्तै २०८१ असारमा नगरपालिकाको सभाकक्षमा आयोजित कार्यक्रममा सो मस्यौदाको प्रस्तुतीकरण कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा नगर प्रमुखज्यू, उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, शाखा प्रमुखज्यूहरु, लगायत कार्यालयका अधिकृतज्यूहरु तथा अन्य सहभागीहरुबाट प्राप्त प्रतिक्रिया र सुझावहरुलाई समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ। (छलफल कार्यक्रममा सहभागीहरुको नामावली अनुसूची- २ मा प्रस्तुत गरिएको छ। )

## १.५ अध्ययनको अवधि

प्रस्तुत अध्ययन २०८० माघको अन्तिम हप्तादेखि शुरु गरिएको हो। विभिन्न छलफल, अन्तरक्रिया, विज्ञसँग परामर्श तथा अन्य वडा स्तरीय कार्यक्रमहरु गर्दै दुई तीन चरणमा प्रारम्भिक प्रतिवेदन परिमार्जन गर्दै २०८१ माघ महिनामा अध्ययन प्रतिवेदन बुझाउने कार्य सम्पन्न गरिएको छ।

# २. अध्ययन क्षेत्रको संक्षिप्त परिचय

## २.१ नागार्जुनको इतिहास



पहिलो सताब्दीमा भारत वर्षमा वौद्ध मार्गी दार्शनिक नागार्जुनको जन्म सन् ७५ मा भारतको महाराष्ट्र, नागपुर जिल्ला- विदखा गाउँमा एक ब्राह्मण कुलमा भएको थियो। जन्म पछि विद्वान र पण्डितहरु आइ चिना हेर्दा निःशब्द भएका थिए किनभने उक्त जन्मेको बालकको आयू एक हप्ता मात्र रहेको थियो। फलस्वरुप समाधानको लागि र आयू बढाउन एक सय आठ ब्राह्मणलाई प्राथना गर्न लगाइयो र अब आयू ९ वर्ष सम्मको हुने आशा भयो। सोही क्रममा नौ वर्ष पछि मर्ने भने पछि नालन्द (पट्ना विहार) मा पढाउन पठाउने निधो गरी सराह गुरुसँग नागार्जुनका पिताले सल्लाह गर्नुभयो। साथै निरन्तर रुपमा मन्त्र जप गरियो र उनी १०० वर्ष भन्दा पनि बढी बाँच्ने गुरुले जानकारी गराउनुभयो।

निरन्तर रुपमा अमिताभ बुद्वको जप गर्न शुरु गर्दा झन् तेजिलो, तिखो दिमाग र विस्तारै भिक्षु श्रीमाको नामले चिनिन थाल्नु भयो। उहाँले फलामलाई कसरी सुनमा परिणत गर्न सकिन्छ भन्ने सिद्वान्तको सुरुवात गरेको मानिन्छ भने ज्योतिष विद्वानको रुपमा पनि उहाँले ख्याती कमाउनु भएको थियो। उहाँलाई जडीबुडी सम्बन्धि ज्ञान भएकोले वैद्यको रुपमा पनि चिनिन थालियो। एक ब्राह्मण परिवारमा जन्मेका उनले महायान बौद्व धर्मका सिद्वान्तहरु अध्ययन गर्दा आद्यात्मिक रुपान्तरण गरे। उहाँको मध्य मार्गको भौतिक बुद्धि र द्वन्द्वात्मक विधि अस्तित्व कसरी उत्पन्न हुन्छ, ज्ञानको माध्यम र वास्तविकताको प्रकृतिको बारेमा गलत विचार हरुको आलोचनात्मक विश्लेषण हो भन्ने सिद्वान्तलाई विकास गर्नु भयो।

## २.२ नागार्जुन सँग जोडिएका रोचक पक्ष

- एक पटक नागलोकमा धेरै नागहरु विरामी भएकाले खोज्दै जाँदा श्रीमा भिक्षु (नागार्जुन) को रुपमा जानकारी भई दुई जना नाग राजकुमारहरु मनुष्यको रुपमा गई उहाँहरुलाई आउन आग्रह गर्नुभयो। त्यसपछि नेपाल मण्डल आउनु भयो। स्वयम्भूको शान्तिपुरको द्वारबाट भित्र पस्नुभयो जहाँबाट नागपुर पुगिन्छ भन्ने कुरा

स्वयम्भू पुराणमा उल्लेख गरिएको छ। उहाँबाट उपचार गर्ने क्रम शुरु भयो र सबै नागहरु निको भए। नागराजाले उहाँलाई भिक्षु नागार्जुनको रुपमा उपाधी दिनुभयो (नाग + अर्जुन = नागार्जुन/ उद्धारकर्ता) र सात वटा नागको टाउको भएको मायाको चिनोको रुपमा उपहार दिनुभयो। साथै उक्त नागले सधैं नागार्जुनको रक्षा गर्ने विश्वास दिलाउनुभयो।

प्रज्ञा पारमिता गम्भिर सुत्र शुन्य लेखिएको नागले नागलोक, गन्दर्वले गन्दर्वलोक र देवताले देवलोक लगेका थिए। नागलोकमा रहेको पज्ञा पारमिता सबै भन्दा छोटो रहेको जुन हालको ठमेल- "थवहिल" — "थैवेल" मा जम्मा ४ ठेलीमा (य, र, ल, व ) राखिएको थियो। नागराजाको अनुरोधमा भिक्षुले पज्ञा पारमिता लैजाने मससाय राखु भयो र विभिन्न अध्याय मध्ये नागराजले एउटा अध्याय निकाली लुकाइदिनुभयो। अर्थात् भिक्षुलाई फेरी फेरी आउन र संकट परेको बेला उपचार गर्न बोलाउने निधोले उक्त कार्य गर्नुभएको थियो तर नागार्जुनले उक्त पाठ हेर्ने वित्तीकै १ अध्याय नभएको थाहा पाई थवहिलको "विक्रमशिल महाविहार" शुन्य लेखिएको प्रज्ञा पारमिता स्थापना गर्नुभयो र सबैले दर्शन गर्न सक्ने व्यवस्था मिलाउनुभयो।

- एक पटक स्वयंभूको पूजा गर्न नागार्जुनपादको जाट मात्रोच्य पर्वत (जामाचो) मा गुफा बनाएका थिए जहाँ उनले अक्षोभ्य बुद्वको मुर्ती राखेका थिए। जव पानीले उपत्यका भरियो (नागहरुले यसलाई मानिसबाट पुन प्राप्त गर्ने प्रयासको क्रममा) यो छविको नाभिसम्म उठ्यो, जहाँ नागार्जुनले पानीमा खेलिरहेका नागलाई समातेर गुफामा थुनेर राखे। यस क्षेत्रमा जति पानी चाहिन्छत्यहिँ नागले आजसम्म पुर्याउँदै आएको मानिन्छ त्यसैले नागलाई जलपुरित भनिन्छ। नागार्जुन पादआचार्यले माटोको चैत्य बनाउनुभयो र धेरै तन्त्र शास्त्रहरुको रचना वा संकलन गर्नुभयो। साथै धेरै देवताहरुको रहस्यका बारेमा पत्ता लगाउनुभयो।

  नागार्जुन गुफामा १३० देखि १५० वर्षसम्म ध्यान गर्दा गर्दै आफ्नो शरिरलाई इन्द्रचाप कायामा परिवर्तन गर्नुभयो (Rainbow Body) - एक छिनमा देखा पर्ने र एकै छिनमा विलय हुने गरी शुन्यमा परिवर्तन गर्नुभयो। त्यसै वेला देखि यो पर्वतलाई नागार्जुन पर्वत भनिन्छ र यसलाई धेरै पवित्र पर्वतको रुपमा लिइन्छ। मोक्ष प्राप्त गर्न उत्सुक भएका मानिसहरुले आफ्नो खप्परको हड्डी (अगाडीको हड्डी) यस पहाडमा पठाउने आदेश दिनुभयो जहाँ यसलाई हावामा फ्याकिन्छ,

त्यसपछि गाडिन्छ र त्यस माथि चैत्य बनाइन्छ। आज पनि पर्वत शिखरमा वुद्ध सिंहासनको अगाडि स्मशान छ। घना जंगलको वीचमा शाक्य मुनीको ढुङ्गामा बनेका चित्रहरु छन्। अपार पुण्य र मोक्षको लागि नागार्जुन भूमि टेक्नुपर्ने र हिमाली भेगमा औषधि बनाउने सुरुवात नागार्जुन बाट नै भएको मानिन्छ। तिव्वत, चिन र भारतमा पनि आयूर्वेदिक उपचार यहिँ बाटै सुरु गरेको मानिन्छ।

- स्वयम्भू पूराण अन्तर्गत एक पटक स्वयम्भू दर्शन गर्न नागार्जुन आउनुभयो र गुफामा बसी ध्यान गर्दा नागसिद्धि प्राप्त गर्नुभयो भन्ने उल्लेख गरिएको छ र उक्त कुरा शाक्य र बज्राचार्यहरुले मान्नु भएको उल्लेख गरिएको छ। एकपटक भारतीय "नागबोधी" — चेला भैंसीपालनमा लागेका र नागार्जुन गुरुसँग दिक्षा लिँदा यमान्तक (भैंसीको अनुहार भएको) देवताको ध्यान गर्न अनुमति प्राप्त गरी उत्पादीक्रम ध्यानमा तिव्र भई भैंसीको टाउको भएको देवताको ध्यान गर्दै गर्दा गुफाबाट बाहिर निस्कन आग्रह गर्दा "मेरो सिङ अड्किन्छ म निस्कन सक्दिन" भन्दा त्यो सिङ मा नै सम्पूर्ण ध्यान केन्द्रित भएर बाहिर आउ भन्दा सिङको पनि शुन्यताको भावमा पुगे पछि बाहिर निस्के र नागबोधीको रुपमा सिद्ध प्राप्त गरे भन्ने उल्लेख गरिएको पाइन्छ। त्यसपछि सँगैको गुफालाई नागबोधी गुफा भन्ने गरियो भन्ने पौराणिक कथन रहेको छ।

## २.३ नागार्जुन नगरपालिकाको संक्षिप्त परिचय

नेपाल सरकारको निर्णय बमोजिम मिति वि.सं २०७१ मसिंर १६ गते काठमाडौं जिल्लाको साविक पाँच गा.वि.स. इचङ्गुनारायण, सीतापाईला, रामकोट, भीमढुङ्गा, स्यूचाटार समेटेर घोषणा भएको २९.८ वर्ग कि.मि. क्षेत्रफल रहेको नागार्जुन नगरपालिका भौगोलिक रुपमा पुर्व देशान्तर ८५° १२" देखि ८५° १७" र उत्तर आक्षांश २७° ४०" देखि २७° ४४" को बिचमा पर्दछ । समुद्र सतह देखि १३०० देखि २५०० मी. औषत उचाई सम्म रहेको यस पालिकाको पुर्वमा काठमाडौं महानगरपालिकाको वडा नं १३, १४, १५ र १६, पश्चिममा धादिङ्ग जिल्ला, उत्तरमा तारकेश्वर नगरपालिका र दक्षिणमा चन्द्रागिरी नगरपालिका रहेका छन्। जम्मा १० वटा वडामा बिभाजन गरिएको यस पालिकालाई भूसंरचनाको आधारमा मुख्य २ क्षेत्रमा विभाजन गर्न सकिन्छ । १. उत्तरी पहाडी क्षेत्र २. उपत्यका क्षेत्र ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकाको कुल जनसंख्या १,१५,४३७ रहेको छ।जसमध्ये पुरूष ५७,५९६(४९.८९%) र महिला ५७,८४१(५०.११%) रहेको छ

। घरधुरी संख्या ३१,३०१ रहेको यस पालिकामा जनसंख्या घनत्व (प्रति वर्ग कि.मि.) ३,८६७ र बसोबास ५३६.४ (प्रति वर्ग कि.मि.) रहेको छ।

मुख्यरुपमा बाहुन, क्षेत्री, नेवार, मगर, सन्यासी जस्ता जातीको बाहुल्यता रहेता पनि बिभिन्न जातजाती, समुदाय तथा धर्मावलम्विहरुको बसोबास रहेको छ, जसमध्य अधिकांश जनसंख्या हिन्दु र बौद्ध धर्ममा आस्था राख्ने पाईन्छ।

ऐतिहासिक,धार्मिक तथा पर्यटकिय गन्तब्यको रुपामा महत्व राख्ने महत्वपुर्ण स्थलहरूः

### २.३.१ ऐतिहासिक स्थलहरु

- वीर भगवती
- स्यूचाटार हवाई मैदान
- पृथ्वीनारायण शाहले बनाएको कोत घर (अदुवावारी)
- घ्याम्पे कुवा
- राणाकालिन सिंचाई पर्खाल
- स्यूचाटार कमल पोखरी
- नागार्जुन जंगलमा रहेको गुफा
- हरसिद्धि कमल पोखरी
- पञ्चकन्या र ऐतिहासिक शिलालेख भएको नागार्जुन-६ उमागाउँ
- ऐन डाँडा
- वसाह चौर
- रानी पाटी
- सिंगारी पाटी

### २.३.२ धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरु

- पचली भैरव
- हल्चोक आकाशे भैरव
- इचङ्गु नारायण मन्दिर
- आदेश्वर मन्दिर
- सीतापाइला मन्दिर
- पञ्चकन्या मन्दिर
- कल्पेश्वर/झम्केश्वरी मन्दिर

- कोटश्य भैरव मन्दिर
- राधाकृष्ण मन्दिर
- कौडु भगवती मन्दिर
- इन्द्रायणी मन्दिर
- चुनदेवि मन्दिर
- विन्ध्यावासीनी मन्दिर
- जनकल्याणेश्वर मन्दिर
- बद्रिनारायण धाम्
- श्यामेश्वर महादेव मन्दिर
- भिमसेन स्थान
- शक्तिवल्लवेश्वर मन्दिर
- भुवनेश्वरी मन्दिर
- तारकेश्वर मन्दिर
- बज्रयोगिनि मन्दिर
- कालिदेवि मन्दिर
- कोदारदेवि मन्दिर
- गणेश मन्दिर
- बंगलामुखी मन्दिर
- घाटकी देवि मन्दिर
- महाँकाल मन्दिर
- नारायण मन्दिर विभिन्न समाधी स्थल

### २.३.३ गुम्वा तथा स्तुपा

- सेतो गुम्वा
- रातो गुम्वा
- पहेंलो गुम्वा
- आनी गुम्वा
- हसन्टार गुम्वा
- रामकोट स्तुपा

### २.३.४ खेल मैदान तथा पार्क

- खड्कुले चौर
- भिमढुङ्गा नर्सरी चौर
- लाखे चौर(छङछडे खोला)
- हसन्टार चौर
- पुष्पलाल पार्क
- धुन्सा पार्क
- सहिद पार्क
- छापेचौर(स्विजल्याण्ड पार्क)
- गणेशमान स्मृति पार्क
- हरसिद्धि चौर

### २.३.५ पर्यटकीय तथा दृश्यावलोकनको लागि महत्वपूर्ण स्थानहरु

- थाप्ले
- भिरकोट
- गुरुङ्ग डाँडा
- हल्चोक डाँडा
- चिसापानी डाँडा
- रानीवन जंगल तथा अन्य सामुदायिक वन
- दहचोक डाँडा
- सेतो गुम्वा(डाडाँगाउ तथा बतासे डाँडा)
- घट्टेखोला (Rock Climbing)

### २.३.६ प्रमुख नदी नाला

- मनमती खोला
- लुपाङ्ग खोला
- भद्रमती खोला (चराचुरुङ्गी अवलोकन)
- कल्चौंडे खोला

# ३. नेपालमा पर्यटन उद्योगको अवस्था

## ३.१ शुरुवातः

इतिहासलाई फर्केर हेर्दा राणा शासन कालमा नेपाल एउटा नियन्त्रित राष्ट्रको रुपमा थियो । नेपालमा बिदेशीहरुको भ्रमण सहज थिएन तर कुनै काम बिशेषमा सरकारको स्वीकृति लिई केही सङ्ख्यामा बिदेशी नेपाल प्रबेश गर्दथे । राणा प्रधानमन्त्री मोहन शम्सेर राणाले फ्रान्सेलि पर्बतारोही समुहलाई पहिलो पटक धौलागिरी वा अन्नपूर्ण चढनकोलागि अनुमति दिएका थिए। सोहि क्रममा धवलागिरी हिमाल चढन नसके पनि सन १९५० जुन ३ मा अन्नपूर्ण हिमाल आरोहण सफलतापूर्बक चढि ८,००० मि. भन्दा अग्लो हिमाल चढन सकिन्छ भन्ने कुराको सुरुवात भयो । त्यसैगरी सन १९५३ मे २९ मा Tenzing Norgay र New Zealand का Edmund Hillary ले सगरमाथाको सफल आरोहन गरि नेपाल संसारमा चिनिन थाल्यो र कन्चनजङ्गा, लोप्से, मकालु, चोयु, मनास्लु, धवलागिरी, अन्नपूर्ण, लगायतका ८००० मिं भन्दा हिमाल नेपालमा नै भएको प्रकाशित गरियो । बिदेशी पर्यटकहरुको आगमन मुख्यतः २००७ सालमा प्रजातन्त्र प्राप्तिपछि शुरु भएको हो । त्यसका साथ साथै पर्यटन नेपालमा ब्यबसायका रुपमा स्थापित हुन थालेको हो सन १९५८ मा २,०५६ जना बिदेशी पर्यटक नेपाल भ्रमण गरेको आधिकारीक तथ्याङ्क सरकारले पहिलो पटक तेस्रो योजनामा उल्लेख गरेको थियो ।

विश्व पर्यटनमा नेपाल नयाँ गन्तब्य स्थानको रुपमा बिस्तारै चिनिन थाल्यो । र सन १९५६ पछि French George Lebrec को निगरानीमा National Planning Council on Tourism बन्यो र सोहि बर्ष नेपालमा National Tourist Development Board गठन भयो । बिदेशी पर्यटकको सुबिधाको लागि सन १९५८ मा शाहि नेपाल वायूसेवा निगम (Royal Nepal Airlines Corporation) स्थापना भयो । त्यस्तै, सन १९६२ मा ६,१७९ जना बिदेशी पर्यटक आएको तथ्याङ्क पर्यटन मन्त्रालय ले प्रकाशित गरेको थियो । सन १९६४ मा ९,५२६ जना आएका थिए। सोहि बर्ष देखी भने बायु मार्ग र स्थलगत मार्गबाट आएका बिदेशी पर्यटक हरुको छुट्टाछुटै संख्या देखिने गरी वार्षिक विवरण पर्यटन मन्त्रालयले नियमित रुपमा प्रकाशित गर्दै आएको छ । प्राकृतिक, सास्कृतिक, ऐतिहासिक, धार्मिक तथा साहसिक पर्यटनका दृष्टिबाट नेपालले अघि देखि नै विश्वकै एक प्रमुख प्रर्यटकीय गन्तब्य देशका रुपमा स्थापित हुने क्षमता राख्दै आएको छ । आर्थिक विकासमा पर्यटन क्षेत्रको योगदान उल्लेखनीय रुपबाट बढ्न सक्ने अवस्था रहेता पनि उपयुक्त योजना तर्जुमा, कार्यन्वयन, लगानी प्रचार प्रसार र यथेष्ट भौतिक पूर्बधारको

अभाबले गर्दा बिगतमा वाञ्छित गति लिन सक्नेछ। यी कारणहरुका अतिरिक्त नागरिकहरुमा चेतनाको कमी, उद्धधमशीलता र ब्यबसायिकताका अभाबमा पर्यटनबाट देशले सम्भावनाको थोरै अंश मात्रै प्राप्त गर्न सकेको छ।

सन १९६० र १९७० ताका नेपालमा हिप्पि (Hippies) को आगमनले पर्यटन क्षेत्रमा नयाँ पाटोको निर्माण र नेपालमा बृद्वि पर्यटक ( गाँजा र चरेस) सेवनको लागि आउन थाले । सन १९७३ मा गाँजा तथा चरेसलाई खुल्ला रुपमा बेच बिखन गर्न प्रतिबन्ध लगाइयो र नेपालमा साहसी पर्यटक र सास्कृतिक पर्यटकहरु आउन थाले । बिदेशी पर्यटकलाइ लक्षित गरेर "Visit Nepal ९८" नेपाल भ्रमण बर्ष सन १९९८ मा मनाइयो । जसले गर्दा लगभग ५ लाख बिदेशी पर्यटक नेपालमा आए । आन्तरिक द्वन्द्व, भारतिय हवाइजहाजको अपहरण, राजदरबार हत्याकाण्ड जस्ता घटनाले गर्दा खस्कदै गएको नेपालको पर्यटन क्षेत्र झन्डै १० बर्ष सम्म आशातित रुपमा चल्न सकेन। सन्२०११ मा Together For Tourism Year २०११ र सन् १२ लाई लुम्बिनी भ्रमणवर्ष घोषणा गरी बिभिन्न कार्यक्रम आयोजना गरी पर्यटनक्षेत्रलाई उकास्ने कार्य गरियो । तर सन् २०१५ अप्रिल २५ को ७.८ रेक्टर को विनाशकारी भुकम्पले गर्दा पुनः पर्यटन क्षेत्र थला पऱ्यो ।

सन् २०१६ मा चिनिँया पर्यटकलाई निःशुल्क प्रवेश शुल्क लागु गरे सँगै पर्यटकहरुको आगमनले फेरी गति लिन सुरु गर्यो। सन् २०१९ लाई नेपालको पर्यटनमा सुनौलो वर्षको रुपमा लिईन्छ। जहाँ ११,९७, १९१ बिदेशी पर्यटक नेपालमा भित्रिएका थिए । सरकारले बिगत दुई-तीन दशक अघिदेखी बिभिन्न प्रवर्द्धनात्मक कार्यक्रम लागु गरी बिदेशि पर्यटकको संख्या बढाउने प्रयत्न निरन्तर रुपमा गरिरहेको छ । विशेष गरी पछिल्लो पटक सन् २०२० लाइ नेपाल भ्रमण बर्षका रुपमा घोषणा गरी बिदेशी पर्यटकको संख्या २० लाख पुऱ्याउने लक्ष्य राखिएको थियो । तर बिश्वब्यापी रुपमा फैलिएको कोभिड १९ महामारीका कारण नेपालको पर्यटन उद्योगमा सो बिशेष बर्ष मा नै नराम्रो असर देखियो ।

पछिल्लो तथ्यांक हेर्दा, कोभिडपूर्व सन् २०१९ मा बिभिन्न देशबाट ११,९७,१९१ जना पर्यटक आएका थिए भने सन् २०२० मा भने कोभिडका कारण अघिल्लो वर्षका तुलनामा ८०.७ प्रतिशतले घटेर जम्मा २,३०,०८५ जना मात्र आए । सन् २०२१ मा झनै घटेर गएको स्थिति छ । सो वर्ष अघिल्लो वर्षका तुलनामा ३४.३ प्रतिशतले ह्रास आई जम्मा १,५०,९६२ जना मात्र विदेशी पर्यटक आएका थिए। सन् २०१५ देखि

सन् २०२२ मा फेरी अन्तराष्ट्रिय पर्यटनमा बृद्दि हुँदै नेपाल आउने पर्यटकको संख्या ६,१४,८६९ पुगे जुन अघिल्लो बर्षको तुलनामा झन्डै ३०७.३% ले बढि हो। बिदेशी पर्यटक बढने क्रममा सन २०२३ मा १०,१४,८७६ पुग्दै पर्यटक सख्या मा उल्लेखिय वृद्धि भयो । २०२४ को शुरुवाती तीन महिनामा नै पर्यटकको संख्या ३,०४,६९३ पुगिसकेको छ । जुन पर्यटन क्षेत्रको लागि ठूलो उत्साह पनि हो ।

नेपालमा अन्तर्राष्ट्रिय पर्यटकका लागि अनेकौं अनुपम आकर्षणहरू रहेका छन् । वर्षैभरि हिउँले ढाकिने मनोरम हिमाल र हिमालबाट तीव्र गतिमा बगेर तलतिर आउने नदीहरू नेपालका अद्वितीय प्राकृतिक सम्पदा हुन् । हिमालय पर्वतको सबैभन्दा बिस्तृत भाग र संसारको सबैभन्दा अग्लो हिमश्रृङ्खला नेपालमा नै पर्दछ । विश्वको सर्वोच्च शिखर सगरमाथा मात्र होइन संसारमा भएका ८ हजार मिटरभन्दा अग्ला जम्मा १४ वटा हिमालहरूमध्ये ८ वटा (सगरमाथा, कञ्चनजङ्गा, ल्होत्से, मकालु, चोयु, धौलागिरी, मनास्लु र अन्नपूर्ण -१) नेपालमै रहेका छन् । यस्ता उच्च हिमश्रृङ्खलाका शिखरहरूको आरोहण गर्न विश्वका विभिन्न भागबाट उत्साहित हुँदै साहसी युवायुवती हरेक वर्ष नेपाल आउँछन् । यहाँका रमणीय पहाडी धरातलमा हर्सौं लगाएर पदयात्रा गर्न पनि हजारौं पर्यटक आउँछन् ।

त्यस्तै, नेपालका तीन वटा नदी भोटेकोशी, सुनकोशी र कर्णाली ह्वाइट वाटर राफ्टिङका लागि संसारमै कहलिएका १० वटा नदीभित्र स्थापित भएका हुँदा त्यस साहसिक खेलमा रुचि हुनेहरू पनि रमाउन यहाँ आउँछन् । पर्वतारोहण, पदयात्रा र जलयात्रा जस्ता साहसिक पर्यटनमा शोख राख्ने संसारभरिका अतिथिहरूको रोजाइ नेपालका यी विविध प्राकृतिक सम्पदा हुने गरेका छन्। आध्यामिक पर्यटन, स्वास्थ्य पर्यटन, खेलकुद पर्यटन, कृषि पर्यटन, खानपान पर्यटन, आदिको पनि प्रचुर सम्भावना नेपालमा रहेको छ। नेपाल प्राचीनकालदेखि हिन्दू र बौद्ध धर्मावलम्वी पर्यटकहरूको एउटा प्रमुख आकर्षण रहि आएको छ । विश्वकै हिन्दू मात्रका परम आराध्यदेव श्री पशुपतिनाथ नेपालमा नै बिराजमान हुनुहुन्छ । अरु अनेकौं प्रसिद्ध देवीदेवताको वासस्थान यस देशमा छन् । भारत लगायत संसारका अरु देशमा बसोबास गर्ने धेरै हिन्दूहरूको नेपाल भ्रमणको उद्देश्य धार्मिक पर्यटन रहि आएको छ ।

सन् १९७९ मा युनेस्कोले काठमाडौं उपत्यकाका सातवटा विशेष ऐतिहासिक तथा सांस्कृतिक स्थलहरू ( पशुपति क्षेत्र, बौद्धनाथ क्षेत्र, स्वयम्भू क्षेत्र, चाँगुनारायण क्षेत्र, हनुमानढोका दरबार क्षेत्र, भक्तपुर दरबारक्षेत्र तथा पाटन दरबार क्षेत्र ) लाई विश्व

सम्पदा सूचीमा सूचीकृत गरेपछि तिनको बारेमा विश्वव्यापी अभिरुचि बढेको हो । त्यसपछि नेपालका यी सम्पदाहरू विश्वका सांस्कतिक पर्यटकीय गन्तव्यमा स्थापित भएका छन्। विश्वका करोडौं बौद्धमार्गीहरूले पनि नेपाललाई पवित्र भूमि मानेका छन् । भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भएको नेपालको अर्को एउटा महत्वपूर्ण सम्पदा हो। प्रसिद्ध चिनिँया यात्री, अन्वेषक तथा लेखक हुएन साङ्ले इशाको सातौं शताब्दीमा लुम्बिनी भ्रमण गरेका थिए । वर्तमान कालमा लुम्बिनीमा वर्सेनि हजारौं पर्यटक र तीर्थयात्री भित्रिने गरेका छन् । तीमध्ये भारतबाट लुम्बिनीमा आउने पर्यटकको संख्या सर्वाधिक छ । त्यसपछि श्रीलङ्का, म्यान्मार, थाइल्यान्ड, चीन, भियतनाम, दक्षिण कोरिया, क्याम्बोडिया, ताइवान, जापान, मलेसिया लगायतका एसियाली पर्यटकहरू मात्र होइन जर्मनी, फ्रान्स, संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया आदि देशहरूबाट पनि बौद्धमार्गीहरू तथा अन्य पर्यटक लुम्बिनीमा आउने गरेका छन् । नेपालका यी विभिन्न प्रकारका अमूल्य सम्पदाका अतिरिक्त अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय र बहुभाषिय सामाजिक संरचना, धार्मिक, सांस्कृतिक र सामाजिक विविधता, अनेकौं ऐतिहासिक सम्पदाका कारण नेपाल विविध रुचि, उमेर र आर्थिक अवस्थाका विदेशी पर्यटकहरूको गन्तव्यमा पर्दछ ।

## ३.२ पर्यटनको वर्तमान अवस्था

पर्यटन उद्योगको विकासका लागि भौतिक पूर्वाधारको व्यवस्था अत्यावश्यक मानिन्छ । बिगतका दशकहरूदेखि नै पर्यटकीय क्षेत्रमा भौतिक पूर्वाधारको विकास हुँदै आएको छ। सडक यातायातले देशका धेरै पर्यटकीय स्थानहरूलाई जोडेको छ। यसका साथसाथै पर्यटन व्यवसायमा निजी क्षेत्रको लगानी वृद्धि हुँदै गएको छ। पर्यटन र अतिथि सत्कार विषयमा नेपालका विश्वविद्यालयहरूका स्नातक र त्योभन्दा माथिको तहमा पठनपाठन शुरु भइसकेका छन। ती विषय पढाइने शैक्षिक संस्थाहरूको संख्यामा वृद्धि भएसँगै डिग्रीप्राप्त र तालीमप्राप्त जनशक्तिको उत्पादन पनि क्रमशः बढिरहेको छ। नेपाल आएका कुल विदेशी पर्यटकमध्ये छिमेकी राष्ट्रहरू भारत र चीनबाट आएका पर्यटकको संख्या बिगत केही वर्षदेखि पहिलो र दोस्रो स्थानमा रहि आएकोमा विश्वब्यापी कोभिड संक्रमणपछि चीन हाल प्रमुख पाँच मुलुकमध्ये एउटा भएको छ । ती दुवै राष्ट्रको उच्च आर्थिक वृद्धिबाट त्यहाँका मध्यम आयवर्गको जनसंख्या तीव्र गतिमा वढिरहेको छ । यस सँगसँगै ती देशबाट आउने पर्यटकको संख्या बढ्ने निश्चितप्राय छ । त्यस्तै, बिगत एक दशकको तथ्यांक अध्ययन गर्दा नेपाल आउने विमानहरूको संख्या र उडानको संख्यामा पनि क्रमशः वृद्धि हुँदै गएको छ । सन् २०११ मा नेपाल आएका र गएका कुल उडान

संख्या जोड्दा २२,७९२ पुगेको थियो भने कोभिड संक्रमणभन्दा अघिल्लो बर्ष वि.सं २०१८ मा यो संख्या लगभग केही बढेर ३३,८९७ पुगेको थियो ।

सन्२०१९को आर्थिक आकडा अनुसार पर्यटन क्षेत्रबाट कुल ग्राहस्थ उत्पादनमा ६.७% योगदान दिएको थियो भने देशको कुल रोजगार मध्ये ६.९% पर्यटन क्षेत्रबाट मात्र थियो । त्यसैगरी पर्यटन क्षेत्रबाट बिदेशी पर्यटन क्षेत्र बा मुद्रा $ ७२४ मिलियन आय भएको थियो । जसमा पर्बतारोहन (Mountaineering and Expedition) बाट मात्र रु. ५६८ मिलियन राजश्व उठेको थियो । सन् २०२२ देखि विश्वमा कोभिडको प्रभाव घट्दै गएको छ । अब विस्तारै विश्वकै पर्यटन उद्योगले गति लिने अनुमान गरिएको छ । कोभिडपछि विस्तारै नेपालमा पनि पर्यटकहरू आउन थालेका छन् । यी सबै कारणबाट आगामी वर्षहरूमा नेपालमा पर्यटनको विकासका थप अवसरहरू प्राप्त हुने भई रोजगारीका अवसर र समग्र आर्थिक वृद्धि हुने सम्भावना प्रवल देखिन्छ । पर्यटन उद्योगको प्रवर्द्धनका लागि देशको दीर्घकालीन योजनाका सम्बन्धमा पनि केही चर्चा गर्नु उपयुक्त हुन्छ । पन्ध्रौं योजना (२०७६/७७ - २०८०/८१) मा नेपाललाई एक आकर्षक, सुरक्षित र मनोरम पर्यटकीय गन्तव्यका रुपमा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्ने सोच (Vision) बनाइएको छ । त्यस्तै, विश्व पर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्ने लक्ष्य राखिएको छ । उक्त योजनाका उद्देश्यहरू निम्न प्रकारका रहेका छन्ः

- नेपाललाई सुरक्षित, गुणस्तरीय र पर्यटनमैत्री बनाई आकर्षक पर्यटन केन्द्रको रूपमा विकास गर्नु ।
- गन्तव्य स्थल तथा उपजमा विविधीकरण गरी अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गर्नु ।
- पर्यटकीय लाभलाई समन्यायिक रूपले जनस्तरसम्म पुऱ्याउनु ।

नेपालको प्रति व्यक्ति आय चौधौं योजनाको अन्तिम वर्ष वि.सं २०७५ मा अमेरिकी डलर १,०७४ रहेकोमा यस शताब्दीको अन्त्य अर्थात वि.सं. २१०० मा १२,१०० अमेरिकी डलर पुर्‍याई नेपाललाई उच्च आय स्तरको विकसित मुलुक बनाउने दीर्घकालीन सोच चालु पन्ध्रौं योजनाले लिएको छ । सो दीर्घकालीन सोचलाई मूर्तरुप दिने क्रमिक प्रयास स्वरुप योजनाको पाँच वर्षे अवधिका लागि पर्यटन क्षेत्रका केही महत्वपूर्ण सूचकहरूमा पनि लक्ष्य निर्धारण गरिएका छन । त्यस अनुसार कुल विदेशी पर्यटक आगमन सङ्ख्या आधार वर्ष २०७५/७६ को अंक ११ लाख ९७ हजारबाट बढाई अन्तिम वर्ष २०८०/८१ मा ३५ लाख पुऱ्याउने, कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान

आधार वर्ष २०७५/७६ को अंक २.७ प्रतिशतबाट बढाई २०८०/८१ मा १० प्रतिशत पुऱ्याउने, पर्यटन क्षेत्रमा प्रत्यक्ष रोजगारी सिर्जनाको सख्या आधार वर्ष २०७५/७६ को अंक २ लाख व्यक्तिमा २०८०/८१ मा ९१ हजार थप गर्ने, विदेशी पर्यटकको औषत बसाई १२.७ दिनबाट १५ दिन पुऱ्याउने र प्रति पर्यटक खर्च प्रति दिन ४८ अमेरिकी डलरबाट बढाई १०० अमेरिकी डलर पुयाउने लक्ष्य राखिएको छ ।

पर्यटन क्षेत्रका यी पञ्चवर्षिय लक्ष्य प्राप्तिका लागि केही रणनीतिहरू लिइएका छन् । त्यस अनुसार छिमेकी मुलुक तथा प्रमुख पर्यटन बजारमा प्रचार-प्रसार र प्रवर्द्धन गर्ने, शिक्षा, स्वास्थ्य, खेलकुद जस्ता क्षेत्र समेटेर एकीकृत पर्यटन विकास गर्ने, सार्वजनिक — निजी साझेदारीमा आधुनिक पर्यटन पूर्वाधार विकास, बजारीकरण र प्रवर्द्धन गर्ने, निजी क्षेत्रसँगको सहकार्यमा पर्यटकीय गन्तव्य स्थल पहिचान, विकास तथा विविधीकरण गर्ने र पर्यटन क्षेत्रबाट हुने आर्थिक लाभलाई स्थानीय स्तरसम्म पुर्‍याउने रणनीति तय गरिएका छन् । दीर्घकालीन सोचलाई मूर्त रुप प्रदान गर्नका लागि गुणस्तरीय मानवपूँजी निर्माण, उद्यमशील कार्य संस्कृतिको विकास र सम्भावनाको पूर्ण उपयोग जस्ता कार्यलाई रुपान्तरणका केही मुख्य संवाहकका रुपमा पहिचान गरिएको छ ।

### ३.३ भविष्यका सम्भावना

नेपालका प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको विद्यमानता र पर्यटन उद्योगको प्रवर्द्धनको योजनाबद्ध विकासका लागि सरकारले लिएका लक्ष्य, उद्देश्यहरू र रणनीतिको अध्ययन गर्दा भविष्यमा पर्यटन उद्योगको आकार बढेर जाने अनुमान गर्न सकिन्छ । तर केही अप्रिय घटनाहरूले बेलाबेलामा नेपालको छवि नराम्रोसंग विगार्ने गरेका छन् । दश वर्षे जनयुद्ध, राजदरबार हत्याकाण्ड, सन् २०१५ को भूकम्प जस्ता घटनाहरूले विदेशी पर्यटकको संख्यामा नराम्ररी ह्रास आएको छ । यहाँका पहाडी भू- धरातलमा हुने गरेका हवाई दुर्घटनाहरूले पनि अन्तर्राष्ट्रिय स्तरमा नेपालको छविलाई धमिलो बनाइदिएका छन् ।

यस पक्षमा सरकार गम्भीर भएर यहाँका विमान कम्पनीहरूले प्रयोग गर्ने विमानहरूको गुणस्तर, विमानस्थलहरूको भौतिक अवस्था, कार्यरत जनशक्तिको योग्यता र दक्षता, यात्रुहरूको समग्र सुरक्षा व्यवस्था आदि जस्ता संवेदनशील विषयहरूमा स्थापित अन्तर्राष्ट्रिय मापदण्डको अक्षरशः पालना गर्ने गराउने तर्फ प्रभावकारी अनुगमनको व्यवस्था हुनु जरुरी छ, भनेर आम पर्यटकले अनुभूत गर्नसक्ने गरी यो काम भयो भने र यसको सकारात्मक सन्देश अन्तर्राष्ट्रिय जगतमा पुऱ्याउन सकिएको खण्डमा नेपालमा

बाह्य पर्यटकको संख्या उत्साहवर्द्धक रुपमा बढ्ने ठूलो सम्भावना छ । विगत केहि वर्ष यता घरेलु पर्यटकको देशका विभिन्न स्थानहरुमा बढेको आन्तरिक भ्रमणले पनि देशको राजश्व वृद्धिमा ठूलो योगदान पुर्याउँदै आएको छ । आन्तरिक पर्यटकलाई व्यवस्थित गर्न सके र नेपालका विभिन्न पर्यटकिय स्थल र त्यहाँ संचालन हुने गतिविधिलाई व्यबस्थापन गर्न सके पर्यटन क्षेत्रबाट राज्यले ठूलो आम्दानी गर्न सक्ने सम्भावना प्रचुर छ।

# ४. नागार्जुन नगरपालिकामा पर्यटनको अवस्था

नागार्जुन नगरपालिका पर्यटनको क्षेत्रमा प्रचुर सम्भावना भएको नगरपालिका हो। भौगोलिक विविधताले सु-सम्पन्न यस नगरपालिकामा पर्यटन प्रवर्द्धन र यसको विकासको लागि पहल कदमी पनि भईरहेको छ।यद्यपी केही वडाहरुमा आन्तरिक तथा वाह्य पर्यटकहरुको राम्रो उपस्थिति हुने गरेको भएता पनि यस अन्तर्गतका सम्पूर्ण वडाहरुमा भने सोचे अनुरुप पर्यटन व्यवसायको विकास र विस्तार हुन नसकेको हुँदा पर्यटकहरुको उपस्थिति अत्यन्त न्यून भएको पाइएको छ।यस नगरपालिकाको वडा नं १ मा पर्यटकहरुलाई खानावास सहितको व्यवस्था भएको सुविधा सम्पन्न होमस्टे दर्ता गर्नेहरुको संख्या पनि दिनानुदिन बढ्दै गइरहेको छ भने पर्यटकीय स्थलहरुको खोज तथा अनुसन्धान पनि अगाडि बढिरहेको छ। जामाचो, रातो गुम्वा, रानीवन लगायतका प्राकृतिक तथा धार्मिक स्थलहरु रहेको यस वडामा पर्यटकहरुलाई आकर्षिक गर्ने किसिमको पर्यटकीय स्थलहरु र सो का लागि आवश्यक पूर्वाधारको विकासको लागि पनि कार्य अगाडि बढाइएको छ।

यसैगरी प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलको रुपमा परिचित सेतो गुम्बा (White Gumba) रहेको छ। यस नगरपालिका भित्र रहेको प्रमुख पर्यटकीय स्थलको रुपमा पनि सेतो गुम्बा (White Gumba) परिचित छ। बौद्ध धर्मावलम्बीहरुको पनि आस्थाको केन्द्र विन्दु मानिएको यस ठाउँबाट काठमाडौं उपत्यकाको दृश्य अवलोकन गर्न दैनिक सयौंको संख्यामा आन्तरिक तथा वाह्य पर्यटकहरुको घुइँचो लाग्ने गरेको पाइन्छ।

चिसो हावा पानी तथा यातायात पूर्वाधारको सहजता र सरल पहुँच भएका कारण पनि यस ठाउँ पर्यटकहरुको रोजाइको केन्द्र बनेको पाइन्छ। यस बाहेक नगरपालिका अन्तर्गतका अन्य वडाहरुमा पर्यटकहरुको उपस्थिति अत्यन्त न्यून पाइने गरेको छ। उक्त स्थानहरुमा पर्यटन प्रवर्द्धनका लागि आवश्यक पहल र पूर्वाधारहरुको निर्माण गर्न जरुरी रहेको देखिन्छ। सम्पूर्ण वडाहरुमा पर्यटन प्रवर्द्धन र विकासको लागि नगरपालिकाले आवश्यकता अनुसार रकम विनियोजन गरी आवश्यक पूर्वाधारको विकासका साथै पहलकदमी गरेको खण्डमा सबै क्षेत्रमा पर्यटन क्षेत्रमा समृद्धि हासिल गर्न सक्नेमा विश्वस्त हुने अवस्था रहेको देखिन्छ।

## ४.१ नागार्जुन नगरपालिकामा धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदा

नागार्जुन नगरपालिकाका धार्मिक, ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक पक्षबाट हेर्दा काठमाडौं उपत्यका मात्र होइन देशकै अनुपन धरोहरका रुपमा परिचित छ। इचङ्गुनारायण, पचलि भैरव, आकाश भैरव, आदेश्वर महादेव, कल्पेश्वर महादेव, कोटश्य भैरव, पञ्चकन्या मन्दिर, कौडु

भगवती, भिमसेनस्थान, राधाकृष्ण मन्दिर, तारकेश्वर मन्दिर, बद्रिनारायणधाम, महाँकाल मन्दिरहरु यस नगरभित्र हुनुनै यस क्षेत्रको विशिष्ट महत्व छ।

पशुपतिनाथ मन्दिर भन्दा पनि पुरानो मन्दिरको रुपमा मानिएको आदेश्वर मन्दिर, इन्द्रजात्रासँग जोडिएको र महाभारतको युद्वसँग जोडिएको आकाश भैरवको मन्दिर, चार नारायण मध्ये कान्छो नारायण इचङ्गुनारायण मन्दिर, ललितपुरको हरसिद्विसँग जोडिएको हरसिद्वि मन्दिर जात्रा, भिमसेनस्थान र भिमा एकादशीको जात्रा साथै पृथ्वीनारायण शाह सँग जोडिएको अनगिन्ति विशिष्टताहरु नागार्जुन नगरपालिका भित्र रहेका छन्। नागार्जुन तपश्विसँग जोडिएका रोचक प्रसंग, लिच्छविकालिन शिलालेख, वीर भगवती स्थित ऐतिहासिक दरवार र अन्य ऐतिहासिक पोखरी यहाँको प्रमुख पहिचानको रुपमा रहेको छ। यहाँका जात्रा र नाचका विषयमा पनि आआफ्नै किम्वदन्ती र पुराना परम्पराहरु यद्यपी जीवितै रहेका छन्। बौद्ध धर्मावलम्वीहरुका लागि पनि यो पवित्र भूमि हो। नागार्जुन तपश्विले तपस्या गरेको नागार्जुन गुफा र सेतो गुम्बाको विशेष महिमा छ। सुन्दर र प्राकृतिक वन क्षेत्रभित्र अरु पनि अनेकौ आकर्षक गुम्बाहरु रहेका छन्। कतिपय गुम्बाहरुमा बौद्ध दर्शन पढाउने विद्यालयहरु पनि रहेका छन्।

यी धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरु र मौलिक सभ्यताहरुका अतिरिक्त अनेकौ जैविक विविधताहरु समेत नागार्जुन नगरपालिका क्षेत्रमा विद्यमान छन्। डाँडागाँउ, ऐन डाँडा, दहचोकको विभिन्न स्थानबाट उपत्यकाको दृश्यावलोकन, सूर्योदय र सूर्यास्त अवलोकन गर्न सकिन्छ। पर्यटकीय हिसावले अनगिन्ति पदयात्रा मार्गहरुको विशेषता, चराचूरुङ्गि अवलोकन, विभिन्न वन्य जन्तु अवलोकन सँगै स्थानीय रमणीय फाँट र गराहरुको दृश्य सँगै सामुदायिक वन भित्रको यात्रा निकै उत्साह जनक छ। उपत्यकाका चन्द्रागिरी र तारकेश्वर नगरपालिकासँग यो नगरपालिका जोडिएको छ।

काठमाडौंका चार नारायण मध्येका इचङ्गुनारायण, झम्केश्वरी, भिमशेन मन्दिर, पञ्चकन्या मन्दिर, तारकेश्वर मन्दिर, बद्रिनारायण धाम र अन्य धार्मिक स्थानहरु यहाँका धरोहर हुन्। यस स्थलमा तेत्तीस कोटी देवताहरुको बास रहेको जनविश्वास छ। यस नगरपालिका क्षेत्रमा बसोबास गर्ने विविध जातजातिमा देखिएको सामाजिक सदभाव, धार्मिक सहिष्णुता र आपसी मेलमिलापले पनि यस क्षेत्रको महत्वलाई उजागर गरेका छन् । नगरपालिकाको मुख्य चिनारी यिनै प्राकृतिक, ऐतिहासिक, धार्मिक र सांस्कृतिक वैभव नै भएकाले नगरपालिकाले आगामी दिनमा यी अमूल्य सम्पदाको संरक्षण गर्दै यिनलाई व्यवस्थित तरिकाले पर्यटनको विकाससँग जोड्न सकेमा स्थानीय अर्थतन्त्रमा ठूलो प्रभाव पर्नेछ ।

### ४.२ नागार्जुन नगरपालिका भित्र रहेका होटल, लज आदीको विवरण

नागार्जुन नगरपालिका भित्र ग्रामीण र शहरी क्षेत्र गरी विभाजन गरिएको छ। नागार्जुन नगरपालिकाका वडाहरु १, २, ४, ५, ९ र १० शहरी क्षेत्रसँग जोडिएका छन् भने यी वडाहरुमा पर्यटकीय स्थरका होटल, लज र होमस्टेहरुको राम्रो प्रबन्ध छ। पर्यटकहरुले उचित खानपानको सुविधा र उच्च स्तरको सुविधा प्राप्त गर्न सक्नछन्। सोही अनुपातमा अन्य वडाहरुमा सुविधा छैन। वडा नं ७ मा तारेस्तरको (Star Category) रिसोर्ट केही खुलेका र खुल्दै गरेका भेटिन्छन्। त्यसै गरी वडा नं ६ र ८ मा होमस्टे पहिला संचालनमा रहेको तर अहिले नभएता पनि भविष्यमा ठूलो सम्भावना बोकेको छ। अध्ययनको क्रममा पर्याप्त सूचना प्राप्त गर्न नसकिएको साथै नगर र वडामा पनि उक्त तथ्याङ्क पर्याप्त रुपमा राखिएको भेटिएन।

### ४.३ शीपयुक्त जनशक्तिको उपलब्धता

नागार्जुन नगरपालिका क्षेत्रभित्रका होटेल, होमस्टे रिसोर्टहरूमा लगभग पूरा नै स्थानीय कर्मचारी छन् । महिला र पुरुष कर्मचारीको संख्या बराबरी जस्तो छ । महिलाहरू विशेष गरी हाउसकिपिङ, किचेन, गार्डेनिङ र फ्रन्ट अफिसमा कार्यरत छन् । पुरुषहरू अफिस व्यवस्थापन, वेटर, सरसफाइ र सुरक्षाको जिम्मेवारीमा छन् । टुरिजम र हस्पिटालिटी म्यानेजमेन्ट विषयहरूमा ब्याचेलर, मास्टर्स गरेका जनशक्ति राम्रै रुपमा उपलब्ध छ। अध्ययनकै क्रममा नागार्जुन नगरपालिका भित्र बसोबास गर्ने पर्यटन क्षेत्रसँग सम्बन्धित पथप्रदर्शक, प्रकृति गाइड, होटल व्यवस्थापनमा राम्रो दख्खल भएका व्यक्ति, पर्यटक विज्ञ र पर्यटन र होटल व्यवस्थापन अध्यापन गराउने विशिष्ट व्यक्तित्वहरु र पर्यटन व्यवसायमा लाग्नु भएका अव्वल जनशक्ति भेटियो। उनीहरुसँग भएको विज्ञता, क्षमता र दुरदर्शिता नगरले उचित उपभोग गर्न सक्ने हो भने नागार्जुन नगरपालिका भित्र धेरै उपलब्धी हासिल गर्न सकिन्छ। नागार्जुन नगरपालिका क्षेत्रभित्र सन्तोषजनक संख्यामा त्यस्ता योग्यता प्राप्त जनशक्ति भए पनि उनीहरू बृत्ति विकासका अवसर पर्खेर काठमाडौंका ठूला होटेलमा, विदेशमा र कोही आफ्नै ट्राभल एजेन्सी चलाएर बसेको जानकारी अध्ययनका क्रममा प्राप्त भयो । स्थानीय स्तरमा जनशक्तिको आवश्यकता र उपलब्धताको विषयमा छुट्टै अध्ययन हुनुपर्ने देखिन्छ ।

### ४.४ पर्यटन उद्योगमा लगानी

पर्यटन व्यवसायमा ठूलो लगानीको आवश्यकता हुन्छ । महँगो रकम तिर्न इच्छुक स्वदेशी तथा विदेशी पर्यटकहरूका स्तरका एउटै होटेल, रिसोर्ट निर्माणका लागि जग्गा खरिद, भवन, अन्य सेवा सुबिधाको परिपूर्तिका लागि करोडौं रुपियाँको खाँचो पर्दछ ।

ब्यापार , व्यवसायमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका हुन्छ । त्यसैले सरकारी क्षेत्रको भूमिका भने सहजकर्ता र समन्वयकर्ताका रूपमा सीमित हुनुपर्दछ । स्थानीय सरकारले पर्यटन विकासका सन्दर्भमा आफ्नो दीर्घकालीन सोच, योजना र प्रवद्र्धनात्मक कार्यक्रमहरू ल्याएर निजी क्षेत्रलाई लगानीका लागि विश्वस्त नपारेसम्म ठूलो रकम लगानी गर्नका लागि स्थानीय व्यवसायीहरूमा अभिरुचि हुँदैन । नगर भित्र रहेका निजी क्षेत्रका वाणिज्य बैंकहरूको हालको लगानी अन्य व्यवसायका तुलनामा पर्यटन क्षेत्रमा न्यून नै रहेको पाइएको छ । ठूलो लगानीका रिसोर्टका लागि खर्चको ठूलो अंश जग्गा खरिदमा जाने हुँदा व्यवसायीले नै जग्गाको प्रबन्ध गर्ने हो भने अन्य खर्चका लागि यस व्यवसायमा लगानी गर्न बैंकहरू सकारात्मक रहेका पाइएका छन् ।

# ५.नगरपालिकामा पर्यटनको वर्तमान अवस्था

## ५.१ धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक र पर्यटकीय सम्पदाहरु

समग्र नागार्जुन नगरपालिका क्षेत्र धार्मिक, सांस्कृतिक, एतिहासिक पर्यटकीय र प्राकृतिक सम्पदामा निकै सम्पन्न छ। काठमाडौं महानगरपालिकाको पश्चिमि भागमा प्रकृतिको लोभलाग्दो काखमा अवस्थित यो नगरपालिका प्राकृतिक सुन्दरताले भरिपूर्ण छ। मन्दिरहरु, ऐतिहासिक क्षेत्र, प्राकृतिक र सांस्कृतिक विशेषता यसै नगरपालिका भित्र प्रसिद्व रहेका कारणले समेत यस नगरपालिकाको महिमा र महत्व निकै रहेको छ। विभिन्न देवदेवीका मन्दिरहरुले नगरवासीहरुबीचको धार्मिक आस्था, विश्वास र सहिष्णुतालाई प्रवल र सुमधुर बनाउनमा महत्वपूर्ण सघाउ पुर्याएका छन्। त्यस्तै रमणीय, अग्ला र हरिया डाँडाहरुले यस नगरलाई शोभायमान बनाएका छन्। यस नगरका प्रमुख धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक स्थानहरु र तिनका विशेषताहरु निम्न प्रकारका छन्।

### १. ऐतिहासिक स्थलहरु

- **वीर भगवती**

नागार्जुन -३ भगवती चोक स्थित यस ऐतिहासिक स्थल वीर बलभद्र कुवरसँग जोडिएको छ। नालापानी युद्धसँग जोडिएको यस ऐतिहासिक स्थल वा भनौं बलभद्र कुवँरको घरको रुपमा चिनिन्छ। सन् १८७२ मा




बलभद्र र वीर भद्रको घर बनि सकेपछि भगवतीको मन्दिर आँगनमा स्थापना गरिएको मानिन्छ। १८७२ देखि ७६ सम्म यहि स्थानमा बसेको भन्ने छ। यस ऐतिहासिक क्षेत्र गुठीमा दर्ता भएको र हाल संरक्षणमा केही पनि पहल नगरेको देखिन्छ। हाल नापजाँच गर्दा अर्कैको कित्तामा परेको हुनाले संरक्षण र पूनः निर्माण हुन असहज भएको देखिन्छ। यस दरबार र मन्दिर जिर्ण भइसकेको (मन्दिर पूनःनिर्माण भईसकेको) तर दरबार हालसम्म नभएको छ भने कतिपय ऐतिहासिक सामाग्री यस स्थानबाट चोरी भई सकेको देखिन्छ।

- **पृथ्वीनारायण शाहले बनाएको कोत घर (अदुवावारी)**

नागार्जुन भित्र रहेका विभिन्न स्थानहरु राष्ट्र निर्माता पृथ्वीनारायण शाहसँग जोडिएको पाइन्छ। नागार्जुन ७ झाँक्रीवास र अदुवावारी वन क्षेत्र भित्र पुरातात्विक संरचनाहरु र अन्य अवशेष रहेका विन्ध्यावासीनि मन्दिर, पृथ्वीनारायण शाहले किर्तिपूर र उपत्यका विजय गर्नका लागि बनाइएको सैनिक पोष्टहरु (किल्ला) डाँडामा छन् भने पृथ्वीनारायण शाह बस्नको लागि अदुवावारी सामुदायिक वन छापेचौरको तल्लो भाग अदुवावारी थलीमा ३, ४ वटा घरको जगहरु साथै पानी संचित गर्न बनाइएको निल दह रहेको छ।

- **स्यूचाटार हवाई मैदान**

स्यूचाटार ९ र १० को सिमानामा पर्ने उक्त चौर बिक्रम सम्बत २०२१ सालतिर अमेरिकन दुताबासले स्थानीयहरुसंग खरिद गरी आफ्नो नीजि बिमानस्थलको रुपमा करिब चार वर्ष जति संचालन गरेको स्थानीय बताउँछन्। पछि उक्त जग्गालाई नेपाल सरकारले आफू मातहत ल्याई आधा भाग नेपाल बिद्युत प्राधिकरण र आधा भाग सी.टि.ई.भी.टी. र आनन्दकुटी बिहारलाई प्रदान गरेको थियो। जसमा अहिले तारकेश्वर युवा क्लबले खेलमैदान तथा कभर्डहल निर्माण गरेको छ।

- **घ्याम्पे कुवा**

यस घ्याम्पे कुवा स्थानीयहरुले पानी पिउनको लागि सुरुमा माटोको घ्याम्पो जमिनमा गाडेर त्यसमा संकलन भएको पानी पिउन सुरु गरे। बिस्तारै यो कुवा चर्चित हुँदै गएपछि उक्त स्थानको नाम नै घ्याम्पे टोल रहन गएको स्थानीय हरु बताउछन्। हाल वडा नं १० ले यस स्थानमा घ्याम्पे कुवाको नाम जस्तै कलात्मक घ्याम्पो निर्माण गरेको छ।

- **राणाकालिन सिंचाई पर्खाल**

यस पर्खाल राणा कालमा स्थानीयहरुलाई पानी खुवाउने उद्देश्यले राणा प्रधानमन्त्रीले यस पर्खालको निर्माण गर्न लगाएका थिए भन्ने जनश्रुति प्रचलित रहेको छ। कुलो बनाएर लैजान त्यस ठाउँको भौगोलिक बनौट सुहाउँदो नभएकोले यस पर्खाल निर्माण गरिएको स्थानीय बताउँछन्। कसैले जुद्धशमशेर त कसैले चन्द्रशमशेरले बनाउन लगाएको भन्ने भिन्दाभिन्दै जनश्रुति प्रचलनमा भएपनि यकिन हुने प्रमाण हाल सम्म उपलब्ध भएको छैन। उक्त पर्खालको केहि भाग अझै पनि सग्लो अवस्थामा वडानं ७ मा अवलोकन गर्न सकिन्छ। उक्त

पर्खालमा प्रयोग भएको इट्टाहरुमा पनि खासै केहि जानकारी पाउन सकीदैन। यद्दपि यो पर्खाल पुरातात्विक भएकोले यसको संरक्षण आवस्यक छ।

- **टप्पाकोट कमल पोखरी स्यूचाटार**

नेपाल एकीकरण गर्दै पृथ्वी नारायण शाह जब किर्तिपुर राज्यमा आइपुगे तब उनले आफ्नो सेनाहरुलाई बिश्राम गर्न उपयुक्त स्थान पहिचा गरी यस टप्पाकोट निर्माण गराएका थिए। यस स्थान अग्लो ठाउँमा भएकोले यहाँबाट किर्तिपुर राज्य मज्जाले नियाल्न सकिन्थ्यो साथै यो स्थान किर्तिपुरबाट धेरै नजिक रहेकोले उनलाई किर्तिपुर आक्रमण गर्न निकै सजिलो हुन्थ्यो। त्यति बेलाको भाषामा " एक गुलेलीको बेगमा" किर्तिपुर रहेकोले यस ठाउँबाट सहजै किर्तिपुर आक्रमण गर्न सकिने भएकोले यस स्थानलाई छनौट गरिएको थियो। उनको सेना आराम गर्ने ठाउँसंगै उनीहरुलाई पानी पिउनको लागि यसै स्थानमा दुई पोखरी निर्माण गर्न लगाएका थिए भन्ने बिश्वास गरिन्छ। साधारण तया यस्तो पोखरीहरुमा एकै प्रकारको कमल फुल्ने गर्छ तर यस पोखरीमा कलेजी र सेतो कमल) जुन निकै दुर्लभ मानिन्छ फुल्ने गर्दथ्यो। हाल यस पोखरीको पून:निर्माण वडा नं १० ले गर्दै आएको छ।


- **नागार्जुन जंगलमा रहेको गुफा**

उपत्यकामा गुफाहरु रहेको अर्को क्षेत्र नागार्जुन पर्वत पनि हो। भारतीय सिद्ब नागार्जुन (शुन्यवादका प्रवर्द्धक) काठमाडौं आउँदा ध्यान, साधना गरेको छ भने उहाँकै सम्झनामा यो पर्वतको नामाकरण गरिएको मानिन्छ। नागार्जुन पर्वतको चुचुरोमा साना र ठूला दुई गुफा छन्। पर्वतको मुख्य स्थल स्थुपाबाट दक्षिण तिर ठूलो गुफा छ। गुफामा ठूला ठूला बुद्ब आकृति मूर्तिहरु छन् साथै भग्न रहेको चैत्यका अवशेषहरु पनि देख्न सकिन्छ जसको निर्माण शैलि लिच्छवी कालिन र मध्य कालिन जस्ता लाग्दछन्। काठमाडौंमा खडेरी परेको बेला स्वयम्भूका बुद्बचार्यहरु यो गुफामा पूजा आजा गर्ने र खडेरीको अन्त्य हुने गरेको पाइन्छ। गुफा भित्र गुडगुड आवाज आएमा तुरुन्त पानी पर्ने लोकोक्ति पाइन्छ। नागार्जुन फेदबाट त्रिशुली जाने बाटोको छेवैमा रहेको गुफा स्थानीय नेवार वौद्ध हरुमा "धिकेपाक्व" गुफाको नाम चर्चित छ। गुफा भित्र दुई वटा बाटो रहेको र एउटा गुफाबाट स्वयम्भू चैत्यसम्म पुग्न सकिने बताइन्छ।

- **पञ्चकन्या र ऐतिहासिक शिलालेख भएको नागार्जुन-६ उमागाउँ**


नागार्जुन ६ - उमागाउँ स्थित (रामकोट) लिच्छवी लिपि र संस्कृत भाषामा लेखिएको ठूलो चट्टान र अभिलेख रहेको छ। यसै गरी यहाँ रहेका चट्टान अभिलेखहरुमा लिच्छवी लिपिमा नायक दिनार वर्मा अंकित र प्राचिन नेवारी लिपिमा णायक चन्देश्वरको नाममा स्पष्टसँग उल्लेखित गरिएको छ। यी चट्टान अभिलेखको विशेषता, रोचकता र ऐतिहासिकतामा सम्पूर्ण लिच्छवी लिपि र पूर्व मध्यकालका लिपिमा निहित छ।

यहाँ रहेका अन्य चट्टानमा पनि दुई अभिलेख रहेका छन्। दुई अभिलेख मध्य एउटामा "तिरपाल स्वामी" (लिच्छवी अभिलेखमा) भनेर लेखिएको छ भने अर्को अभिलेखमा प्रचिन नेपाल लिपिमा मिति सहित "ॐ सम्वत् २९४ पशुपति भट्टारख चन्द्रेश्वर कारिक मिति "णायक" भनी लेखिएको छ। यस स्थानमा



माथिबाट ढुङ्गाले हिर्काउँदा ढुङ्गाबाट आवाज आउने पनि सुन्न सकिन्छ। स्थनीयको भनाई अनुसार कुनै वेला काठमाडौं दरबारबाट हाल काल भैरवको मूर्ति राखिएको शिला उक्त शिलाबाट मुर्ति कुँदी राख्ने भनि त्यो ढुङ्गा लिन जाँदा एक्कासी माहुरीको हुल आइ अवरोध गरेको र अलिअलि मुर्ति आकारमा कुँदिएको उक्त ढुङ्गा त्यही छोडी नागार्जुन जंगलबाट अर्कै ढुङ्गा लिएर गई काल भैरवको मूर्ति कुँदिएको भन्ने पनि कथन छ। सोही स्थान भन्दा केही पर फस्कु-लुपाङ्गमा पञ्चकन्या मन्दिर अवस्थित छ र यो ठाउँ पनि लिच्छवी कालिन इतिहाससँग जोडिएको मान्न सकिन्छ।

- **ऐन डाँडा**



यो स्थान नागार्जुन-८ पश्चिम पट्टीको डाँडाको रुपमा चिनिन्छ भने जंग बहादुर राणाका पालामा ऐन डाँडामा बसेर घाँस, दाउरा काट्ने, जनावर मार्ने, आदी कार्य रोक्न एउटा ऐन अर्थात कानून बनाइयो। वि.सं १९१० मा जंग बहादुर राणाले लेख्नुभएको हस्त लिखित मुलुकी ऐन हो र यो प्रकृतिका लागि बनेको एक मात्र कानून हो। यस ठाउँमा हालसम्म पनि रहेको एउटा शिलालेख राजा सुरेन्द्र वीर विक्रम शाहदेवले वन्य जन्तु संरक्षण सम्बन्धित विभिन्न ऐन र नियम जारी गरेको उल्लेख छ।

- **वसाह चौर**

नागार्जुन- ६ कछाडथोकमा रहेको यस स्थान हाल खुम्चिएर सानो मन्दिरको रुपमा मात्र छ भने वर परको जग्गा अतिक्रमणमा परि सकेको छ। बसाह अर्थात साँढे (भगवान शिवको बहानको रुपमा रहेको) यो स्थानमा आफैं उत्पत्ती भएको ढुँङ्गाको बसाह छ तर अहिले अनावश्य रङ्ग लगाई कुरुप बनाइएको देखिन्छ। ठूलो चौर र सन्यासीहरुको समाधि स्थल भएको उक्त ठाउँ नागार्जुन नगरपालिका भित्रको एक ऐतिहासिक ठाउँ हो।

- **रानी पाटी**

नागार्जुन- ४ रानीपाटी कुनै काल खण्डमा गोरखा हुँदै काठमाडौं प्रवेश गर्ने व्यापारिक केन्द्रको रुपमा उल्लेख गरेको पाइन्छ। यस क्षेत्रमा धेरै पाटीहरु अहिलेपनि अवलोकन गर्न सकिन्छ । १०० वर्ष भन्दा पुराना उक्त पाटीहरु केही पीनः निर्माण गरिएका छन्, केही जिर्ण छन् त केही हराइसकेका छन्। कलात्मक हिटिको छेवैमा रहेको उक्त पाटी धेरै पाटीहरु मध्ये राम्रो काष्ठकला प्रयोग गरि बनाइएको र कलात्मक भएको हिसावले रानीपाटी भन्ने उल्लेख गरिएको स्थानीयहरुको भनाई छ भने यस पाटीलाई टाढा टाढाबाट हिंडेर आउँदा राति हिंडेर आउँदा वास वस्न बनाइएको भन्ने कथन छ। आधुनिकताले छोप्दै

गएको अहिलेको समाजमा यस्ता ऐतिहासिक र कलात्मक शैलिमा निर्माण गरिएका पाटी, फल्चा आदीको संरक्षण अपरिहार्य छ।

- **पाटी चोक (डाँडाको पाटी)**



नागार्जुन-१० स्थित यो पाटी (धर्मशाला) श्री ५ महाराजा गिर्वाणयुद्ध वीर विक्रम शाहदेवको पालामा वि.सं १८६२ पौष २ मा बलम्बु ९ मुखिया गाउँ निवासी दाता श्री नवल सिंह घिमिरे खत्री तथा मेथ्यानी जमुना समेतले स्थापना गरिएको उल्लेख छ। हालको स्यूचाटारलाई "शिवजीटार" भनेर उल्लेख गरिएको छ भने यो स्थान ऐतिहासिक महत्व बोकेको स्थानको रुपमा रहेको छ।

## २. धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरु

- **पचली भैरव**

नागार्जुन -१ रानीवन (शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज) भित्र अवस्थित यो भैरवको मन्दिर सन् १३३२ मा स्थापना भएको मानिन्छ। शिवपुरी राष्ट्रिय निकुञ्ज भित्र रहेको यो मन्दिरमा खासै मानिस पुग्दैनन भने उक्त स्थान प्रवेश गर्न वालाजु वाइपास देखि फुलवारी गेट हुँदै जान सकिन्छ। जीवित देवि "कुमारी" लाई अलौकिक शक्ति प्रदान गर्ने देवताको रुपमा पचली भैरवलाई चिनिन्छ भने पहिले राजा र पचली भैरव वीच खड्ग साट्ने परम्परा अनुसार रानीवन भित्र पचली भैरवको मन्दिर निर्माण गरिएको विश्वास गरिन्छ।

- **श्री हल्चोक आकाश भैरव**

काठमाडौं स्वयम्भू चक्रपथ बाट करिव १.५ कि.मि. पश्चिम इचङ्गु नारायण मन्दिर जाने बाटोमा निकै महत्व बोकेको आकाश भैरवको मन्दिर अवस्थित छ। श्री हलचोक आकाश भैरवलाई प्राचिन कालदेखि राजाहरुले आफ्नो इष्ट देवताको रुपमा मान्दै आएका छन्।


प्रत्येक वर्षको इन्द्रजात्रामा लैजाने चण्डी, श्री कुमारी, श्री आकाश भैरव, विशेष प्रकारको मुकुण्डोको देउता घरमा पूजा गरी काठमाडौंको मासः गल्लीमा रहेका चित्रकारहरुको घरमा लगिन्छ। भाद्र शुल्क एकादशीको दिन तीन वटा मुकुण्डो र अर्को सात देवि देवताको लस्करको मुकुण्डोलाई पूजा गरी हलचोकको देउता घरमा ल्याई रात भरी पूजा गरी सबै गाउँबासीहरु मिलेर प्रसाद खाइन्छ र भोलिपल्ट द्वुदसीका दिन पुतुवार गुठीयार हरुले विशेष पूजा गरी काठमाडौं नरदेवी प्रस्थान गरिन्छ। परम्परागत बाजागाजाका साथ मुकुण्डो, पोशाक, गरगहना लगाइ काठमाडौंको महत्वपूर्ण स्थानहरुमा घुमाइन्छ र हरेक १२ /१२ वर्षमा लाग्ने जात्रा विशेष रुपमा लिइन्छ। अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न सकिने र नागार्जुन नगरपालिकालाई सांस्कृतिक स्थलको रुपमा चिनाउन सकिने श्री हलचोक आकाश भैरवलाई लिन सकिन्छ ।



- **इचङ्गु नारायण मन्दिर**

नागार्जुन- ३ मा पर्ने अर्को एक धार्मिक र ऐतिहासिक स्थल मध्ये इचङ्गुनारायण मन्दिर पनि एक हो जुन लिच्छवीकालिन युगको उत्कृष्ठ कलाको नमुना मध्ये पर्दछ। चार नारायण मध्ये कान्छो नारायणको नाममा इचङ्गुनारायण प्रख्यात छन्। इचङ्गु नारायण को मन्दिर नेपाली शैलीको आयातकार चारपाटे र तल्ले रहेको छ। पित्तलको छाना भएको मन्दिरमा धातुको तोरणमा नारायण र गरुडको चित्रहरु कुँदिएको देख्न सकिन्छ। छैटौं शताब्दीमा राजा हरिदत्तले यो मन्दिर बनाएका हुन्। राजा हरिदत्तले बनाएको मन्दिर भुकम्पले भत्काएपछि फेरी शिवानन्द नाम गरेका व्यक्तिले यो मन्दिर निर्माण गरेका हुन्। मन्दिर सँगै ३००

वर्ष पुरानो रुख रहेको छ भने उक्त रुखलाई नेवारी भाषामा नः सिं- अर्थात नः भनेको फलाम र सिं भनेको काठ भनिन्छ।



मन्दिर सँगै महालक्ष्मीको मन्दिर अवस्थित छ। यसरी प्राकृतिक मनोरम दृश्य सँगै सानो थुम्कोमा रहेको यो मन्दिरमा कुँदिएको कलाले मन्दिरलाई आज सम्म पनि आकर्षक बनाइरहेको छ। मन्दिर भित्रका नारायणले आफ्नो चार हातमा शंख चक्र गदा पद्म लिएका छन्। ठूलो एकादशीको दिन यो स्थानमा ठूलो मेला लाग्छ भने मन्दिरको केही माथी बद्रिनारायण गुफा पनि अवलोकन गर्न सकिन्छ।

- **आदेश्वर मन्दिर**

नागार्जुन- ५ आदेश्वर मन्दिर एकदमै पुरानो (पशुपतिनाथ भन्दा पनि पुरानो) शिवलिङ्ग मन्दिर भएको मानिन्छ। किम्वदन्ति अनुसार उपत्यका पानीले भरिएको बेलामा पनि यस क्षेत्रमा रहेको मन्दिरको रुपमा आदेश्वर महादेव मन्दिरलाई लिइएको छ। यस मन्दिरको बारेमा सतीदेविको आधा शिर पतन भएको ठाउँ भएकोले आदेश्वर भनिएको भनाई प्रचलित छ। श्री स्वस्थानी कथा



अनुसार सतीदेविको शिरको हड्डी पतन भएपछि हनुमान आइ तपस्या गरेको र लङ्का भष्म गर्न पाउँ भनि हनुमानले वरदान प्राप्त गरेको उल्लेख गरिएको छ। यो शिवलिङ्ग खोक्रो रहेको छ भने सँगै कैलाश पर्वत ढुङ्गा, हात्ती, गणेश, अर्धनारी, महादेव पार्वती, नेपालको नक्साको आकृती आदी देख्न सकिन्छ।

यस मन्दिर सँग रहेको किम्वदन्तियस प्रकार छः

- सत्य युगको शिव पुराण हिमवत खण्डको ५१ मा आदेश्वर महादेवको बारेमा उल्लेख गरिएको छ भने ६४ प्रमुख ज्योतिर्लिङ्ग मध्ये यो एक प्रमुख रहेको कुरा उल्लेख गरिएको छ। हिरण्यकश्यपुबाट जन्मिएका भक्त प्रहलाद माथि अत्याचार बढ्दै गएपछि भगवान विष्णुलाई शान्ति स्थापना गर्नुपर्छ भन्ने लागे पछि नारायण विष्णुले विष्णुमतिमा नित्य जल चढाउने र शिवजिको आराधना गर्ने गरेको र नारायण हिरण्यकश्यपुको नरसिंह अवतार लिनुपर्ने र सोही क्रममा भगवान शिव नरसिंहको नङ्ग्रा भएर हिरण्यकश्यपुको वध गरी शान्ति कायम गर्न सहयोग गर्नुपर्ने बाचा सहित यक्षस्वरको रुपमा प्रकट भएको कथन छ। काठमाडौंका नेवार समुदायको कुल देवताको रुपमा पूजा गर्ने र मल्लकालिन वेलादेखि नै पूजा चल्दै आएको देखिन्छ भने केदारनाथको आधा स्वरुप र शिर पतन भएको उल्लेख गरिएको छ।
- शिवपुराणको २४ अध्यायको हिमवत खण्डमा उल्लेख गरिए अनुसार यक्ष आइ तपस्या गर्ने गरेको र दक्ष कुण्डमा आई तपस्या गरी शिवको दर्शन गर्ने र पाप मुक्तीको कारण रहेको उल्लेख गरिएको छ। एक दिन यक्ष भौतारिँदै जाँदा पाटीमा वास भएको र उक्त दिन आफ्नै आमासँग भेट भएतापनि वेलुकाको समय भएकोले चिन्न नसकि राती आफ्नै आमासँग सम्भोग हुन पुगेको छ। तत् पश्चात पाप लागि उक्त पापबाट मुक्ती पाउनको लागि ब्रम्हाको तपस्या गर्दा नेपालको पश्चिम भागमा शिव मन्दिर छ र यक्ष कुण्डमा स्नान गरी महादेवको दर्शन गर्दा पाप मुक्त हुने भन्ने जानकार भई सोही स्थानमा आई महादेवको आराधाना गरेको मानिन्छ ।

जानकारीमा आए अनुसार १८ रोपनी जग्गामा फैलिएको यस स्थानमा शिवरात्री, तिज, अक्षय तृतिया र श्रावण महिना भरी शिवलिङ्गको मुकुट निकाल्ने गरिएको छ र उक्त दिनहरुमा ठूलो मेला लाग्ने गरेको छ। पहिला व्यक्तिगत जग्गा उल्लेख गरिए पनि २१ सालमा नापी हुँदा (ज्ञान प्रसाद गौतम उपाध्याय) जग्गा धनी उपस्थित नहुँदा उक्त जग्गा आदेश्वरको नै हो भन्ने उल्लेख गरिएको छ।



- **दाता विनायक गणेश मन्दिर**

नागार्जुन नगरपालिका वडा नं ४ मा स्थित शरणपुरमा दाता विनायक गणेश मन्दिर छ। सो मन्दिर २०२६ सालमा हाल मन्दिर भएको स्थान अगाडी घर निर्माण गर्ने क्रममा घर बनाउनको लागि माटो मुछने खाल्डो खन्दा अन्दाजि ५/६ फिट गहिरो खाल्डो भए पछि उक्त गणेशको कलात्मक मूर्ति भेटिएको र सो गणेशको कलात्मक मूर्ति जग्गा धनी स्वयं स्वर्गिय तेज बहादुर थापा मगरले प्राण प्रतिष्ठा गरी श्री दाता विनायक नामाकरण गरी गणेश मन्दिर स्थापना गर्नु भयो। साथै उक्त गणेशको मूर्ति कुर्सी ढुङ्गाबाट बनेको हुनाले पुजा गर्दा अविर र केशरीले



गर्दा अधिकांश बुट्टा खीएर गएको छ। गणेशको मूर्ति ५/६ फिट को खाल्डो मा पाएको हुँनाले सो मूर्ति एकीनका साथ यतैनी वर्ष पुरानो भन्न नसकिने अवस्था छ। साथै सयौ वर्ष पुरानो हुन सक्ने अनुमान गरिएको छ।

- **सीतापाईला मन्दिर**

नागार्जुन - ५ मा रहेको यस मन्दिर माता सीतासँग जोडिएको छ। यो एक यस क्षेत्रको प्रमुख धार्मिक र पौराणीक स्थलको रुपमा लिइएको छ। कुनै समय राम, सीता र लक्ष्मण बनवासको क्रममा यो स्थानमा आइपुगेको र प्रचण्ड गर्मीले गर्दा सीता माताले यस स्थानको ढुङ्गामा टेक्दा उक्त ढुङ्गामा पैतालाको डोव रहन गएको र सोही समयपछि यद्यपि माता सीताको पाइला रहेको ढुङ्गाको रुपमा पूजा आजा गरेको मानिन्छ। सीता माताको यहिँ पाइलाको कारणबाट गाउँकको नाम नै सीतापाईला रहन गएको जनश्रृति छ । सीता जयन्ती र राम नवमीको दिन यहाँ ठूलो मेला लाग्ने गर्दछ।

- **कल्पेश्वर/झम्केश्वरी मन्दिर**



नागार्जुन - ६ डाँडागाउँ (कल्लावारी) स्थित रहेको यो दुवै धार्मिक तथा ऐतिहासिक ठाउँ निकै महत्वपूर्ण छ। सत्य युगदेखि जोडिएको धार्मिक आस्था र प्राकृतिक रुपले भरिपूर्ण यो स्थान नागार्जुन नगरपालिकाको गहनाको रुपमा लिइन्छ। कल्पेश्वरी मन्दिर सतिदेविको कलेजो पतन भएको मानिन्छ भने झम्केश्वरीमा सतीदेविको सूची (स्त्रीलिङ्ग) पतन भएको मानिन्छ। माघ महिना भरी वाचन गरिने श्री स्वस्थानी माताको मेला यस स्थानमा गरिन्छ। वर परबाट देखिने प्राकृतिक दृश्य, नजिकै सेतो गुम्बा, पञ्चकन्या मन्दिर, विभिन्न

मौसममा फुल्ने व्यवसायीक फूलखेती र दृश्यावलोकनको लागि यो स्थान निकै उपयुक्त छ।

- **कौडु भगवती मन्दिर**

नागार्जुन -७ कौडु गाउँमा रहेको यो मन्दिर भवगतीको शक्ति स्वरुप रहेको मानिन्छ। कौडु भगवतीलाई ज्वालामुखी देवि र भगवती स्थान भनेर पनि पुजिन्छ। सत्य युगमा आँफै उत्पत्ती भएको भन्ने जनश्रुति रहेको छ। एक पटक विराटनगर घर भएका एक जना डाक्टरलाई कौडु भगवतीले सपनामा दर्शन गर्न आउ भनि निमन्त्रणा गरेको र उहाँले सोध्दै खोज्दै जाँदा उक्त स्थानमा पुगी भगवतीको दर्शन गरेको भन्ने स्थानीयको भनाई छ। फेरी एक पटक महिनावारी भएको एक महिला उक्त स्थानमा वेहोस भएको र पछि देवि उहाँको शरिरमा चडी बक्न थालेको र पूजा आजा गरी क्षमा मागे पश्चात ठिक भएको भन्ने कथन छ। यस क्षेत्रमा सप्तऋषि, शिव लिङ्ग र करिव हजार वर्ष भन्दा पहिलेको दुई वटा चिलाउनेको रुख रहेको जानकारी राखिएको छ। वर्षको एक पटक मंसिर महिनामा देविको विशेष पूजा गरिन्छ भने कुनै पनि शुभ कार्य गर्दा देविलाई पूजा नगरी अन्य कार्य गर्रिंदैन।

- **चुनदेवी मन्दिर**

नागार्जुन- ८ मरहट्टा गाउँमा अवस्थित यो शिला (ठूलो ढुङ्गा) चुनदेवि भनि परा-पूर्वकालदेखि पुजींदै आएको छ। जनश्रृति अनुसार एकदिन स्थानीय व्यक्तिको सपनामा देवि आइ मेरो पूजा आजा गर्ने कोही नभएकोले मलाई पूजा गर्नु भनि आज्ञा भएको र भोलिपल्ट नागार्जुनको जंगलमा खोज्दै जाँदा नभेटी फर्की आएको भन्ने कथन छ। केही समय पश्चात फेरी सपनामा चुनदेवी आइ मलाई तिमिहरुले अवहेलना गर्यौ यहि मेरो पूजा गर्दा तिमिहरुलाई भलो हुने थियो भने किन नगरेको र मलाई जसरी पनि पूजा गर्नु



भनेकोले भोलिपल्ट फेरी नागार्जुन जंगलमा खोज्दै गएको तर मानिस ज्यादै कम र नागार्जुनको जंगलमा असम्भव जस्तै भएकोले सबैले चुनदेवि मातालाई जंगल आउने गाह्रो हुने र सधै पूजा आजा गर्न सम्भव नहुने जानकारी गराउँदा देवि लाई जंगल भन्दा बाहिर आउन आग्रह गरेको भन्ने मानिन्छ।

त्यसपछि चुनदेवी माताले जंगल भन्दा बाहिरको शिलामा आएर बस्ने जानकारी दिनु भएछ तर कसरी चिन्ने भनि विन्ती गर्दा नागार्जुन बाहिर लाम्चो शिलामा घोच्दै जानु र जुन ढुङ्गाबाट दुध जस्तो पानी निस्कन्छ (चुन जस्तो सेतो पदार्थ) म त्यहिँ ढुँङ्गामा हुन्छु भन्नु भएछ र हाल रहेको चुनदेवी स्थलको ढुङ्गा भेटिएको र सोही समयदेखि उक्त शिलालाई चुनदेवि मानेर पूजा गर्ने गरेको मानिन्छ।

चुनदेविलाई असन नरदेविमा बसोबास गर्ने नेवार समुदायको कुलदेविको रुपमा पुजिएको पनि उल्लेख गरिएको छ भने नवरात्रीमा उक्त समुदायबाट यो स्थानमा आइ विशेष पूजा गर्ने चलन रहेको छ। केही स्थानीय वासिन्दाको भनाई अनुसार विशेष पूजा गरेको समयमा राती सेतो बाघ देखिएको भनिन्छ भने सेतो बाघलाई चुनदेविको बहानको रुपमा पनि चिनिन्छ।

- **बद्रिनारायण धाम**



नागार्जुन- ७ बालदकोट डाँडा (दहचोक), चापाकोट सामुदायिक वन क्षेत्रसँग जोडिएको छ। बाचन शिरोमणी स्व. नारायण प्रसाद पोखरेलको नामबाट प्रतिष्ठान बनाइ वि.सं २०६४ सालमा स्थापना गरिएको हो। बद्रिनारायण धाममा ध्यान केन्द्र, विभिन्न देवि देवताका मन्दिर, वैद्दिक यज्ञशाला तथा हवन कुण्ड, ख्याती प्राप्त विशिष्ट गुरु, योगी, पण्डित एवम् अन्य धर्म सम्प्रदायका विद्वान विदुषीहरुद्वारा प्रवचन गराउनका लागि प्रवचन गृह, सत्सङ गृह, धर्मशाला, बगैंचा आदी निर्माण गर्ने योजनाका साथ निर्माण हुँदै छ ।

उपत्यकाको सुन्दर दृश्य अवलोकन गर्न सक्ने र उक्त स्थान सँगै काजी कालु पाडेको समाधि स्थल, ऐतिहासिक सैनिक किल्ला, राजा नरेन्द्रदेवले बनाएको इन्द्र दह, मनकामना मन्दिर, भिमढुङ्गा मन्दिर र वरपर रहेका वन क्षेत्र अवलोकन गर्न सकिन्छ।

- **भिमसेन स्थान**



नागार्जुन- ८ को रमणिय डाँडामा अवस्थित धार्मिक स्थलको रुपमा परिचित यो ठाउँ नागार्जुन नगरपालिकाको एक प्रमुख धार्मिक तथा पर्यटकीय स्थल हो। प्रचलित किम्वदन्ति अनुसार द्वापर युगमा पाँच पाण्डव मध्येका भिमशेन एक दिन भ्रमण गर्दै जाँदा विशाल दह (हालको काठमाडौं उपत्यका) मा पुगे। दह वरपर के रहेछ भनेर थाहा पाउने इच्छाले वरपर चाहार्न थाले। उनको वजन धेरै भएको हुँनाले ढुङ्गाबाट निर्मित डुङ्गा बनाइ यसै सवार भई दहको चारै तिर डुल्न थाले। यसै क्रममा उनको भेट एकदिन सुप्रभा नगरका दानव राजाको छोरी प्रभावती सँग भयो। भेटकै क्रममा दुवै वीच घनिष्ट प्रेम बस्यो र एकदिन उनले चडेको ढुङ्गाको डुङ्गा तालको छेउ अर्थात नागार्जुन फेदमा राखि प्रेम लिलामा मग्न भए। राशलिला पछि तालको छेउमा राखिएको डुङ्गा पुरै वल लगाएर तान्दा पनि बाहिर आएन र त्यहिँ भासियो । यो अवस्था देखेर भिमसेन विलय भए। यसरी भिमशेनको ढुङ्गा विलय भएकोले पछि अपभ्रम्स हुँदै जाँदा यस स्थानलाई भिमढुङ्गा भनियो भन्ने जनश्रृति छ। भिमसेन स्थानमा भिम र गणेशको मूर्ति राखिएको छ। भिमा एकादशीको दिन खट सहित नगरको केही भाग परिक्रमा गरी रथ तान्ने चलन पनि छ। नजिकै जलपा देविको मन्दिर छ र त्यहाँ मौलो (काठको खम्बा) मा अष्टमीको दिन बली दिने चलन छ।

- **शक्तिवल्लभेश्वर मन्दिर**

नागार्जुन - ८ मरहठ्ठा गाउँ (तेर्सा गाउँ) मा अवस्थित यो मन्दिर गोरखाको मन्दिर सँग पनि जोडिएको छ। कुनै समयमा शक्तिवल्लभ र राधा वल्लभ दुई दाजुभाईले आ आफ्नो गुठी स्थापना गर्ने (काठमाडौंको भिमढुङ्गा र गोरखामा) उद्देश्यले मन्दिर निर्माण गर्ने र आफ्ना भान्जाहरुलाई (मरहठ्ठा) पूजारीको रुपमा राखी पूजा आजा संचालन गर्ने भनि शुरुवात भएको र यसै क्रममा मन्दिर निर्माण, भजन घर, भौतिक संरचना आदीको निर्माण गरिएको भन्ने छ। शक्ति वल्लभेश्वर मन्दिर



राणाकालिन समयमा निर्माण भएको पुरातात्विक मन्दिर हो साथै यस मन्दिरमा ढुङ्गाको खम्बामा निकै ठूलो घण्टा रहेको र उक्त मन्दिरमा पूजा आजा गरी घण्टा बजाउँदा स्थानीयहरुले समयको अड्कल गर्ने र उक्त घण्टको आवाज निकै पर सम्म पुग्ने स्थानीय वासीहरुको कथन छ। यस मन्दिर भित्र मध्यम भागमा चन्द्र, पूर्व भागमा सूर्य, राम र श्री कृष्णको मूर्ति, उत्तर भागमा कालिदेवीको मूर्ति रहेको र मन्दिरको मुख्य प्रवेश द्वारको दाहिने भागमा भैरवको मूर्ति रहेको छ। यस मन्दिरको नामबाट शक्तिविल्लभेश्र्वर गुठी हालसम्म पनि संचालन भई रहेको छ। यस मन्दिरमा हाल विशेष पर्वहरुमा भक्तजनहरुको घुइँचो लाग्ने गरेको छ। यस मन्दिर वरपर रहेका टुँडालहरुमा विभिन्न जिव जन्तुको आकृति कुँदेर आकर्षक बनाइएको छ र २०७२ सालको महाभूकम्प पछि पुननिर्माण गरिएको छ।

- **भुवनेश्वरी मन्दिर**

  नागार्जुन-९ भट्टाराई टोलमा अवस्थित भुवनेश्वरी मन्दिर भट्टराई समुदायको कुल देवीको रुपमा पनि उल्लेख गरिएको पाइन्छ। मनमती खोलाको किनार भन्दा केही माथी डाँडामा शान्त वातावरण र हरियाली वीच यो मन्दिर अवस्थित छ। भट्टाराईहरुको कुल देवि झापामा रहेको र वर्षै पिच्छे त्यहाँ जान सम्भव नरहेकोले गत वर्ष खली जगाई अव उप्रान्त  वार्षिक पूजा यही गर्ने गरी पूजा शुरु गरिएको मानिन्छ। यो मन्दिर पौराणीक नभएपनि विभिन्न देवि देवताको मूर्तिहरुको आकृति वरपर राखिएको छ।

- **तारकेश्वर मन्दिर**

  नागार्जुन नगरपालिका वडा नं १० टप्पा कोटमा अवस्थित यो मन्दिर पौराणीक र ऐतिहासिक मानिन्छ। पृथ्वीनारायण शाहसँग जोडिएको यस ऐतिहासिक क्षेत्रको नजिकै दुई वटा पोखरी निर्माण गर्ने क्रममा उक्त पोखरी खन्दा आएको माटोको ढिस्कुरो (थुप्रो) बनाइ सैनिक किल्ला बनाएको भन्ने कथन छ। उक्त पोखरीमा केही समय अघि सम्म सेतो र रातो कमलको फूल फुल्ने स्थानीयको भनाई छ। पहिले उक्त फूल टिप्न त्यहाँका पोडे समुदायलाई मात्र दिइएको कथन छ।


  तारकेश्वर मन्दिरमा गुफा रहेको र सन्यासीहरुले नित्य पूजा गरी लाल भारती नामका सन्यासीले सोही स्थानमा समाधि लिएको भन्ने जन श्रुति पाइन्छ। यहाँको शिवलिङ्गको नाम कलकत्तामा भएको तारकेश्वर मन्दिर सँग जोडिएको पनि मानिन्छ। यस ठाउँमा वि.सं २०३६ साल साउन महिनाको नवमि तिथिबाट श्री तुलसीकृत रामायण भजन शुरु गरिएको मानिन्छ।

- **महाँकाल मन्दिर**

  नागार्जुन ६ मा रहेको यस मन्दिर एउटा ठूलो सुतिरहेको ढुङ्गा आकारमा छ भने सँगै गणेशको मूर्ति पनि छ। नेवार समुदायको (मानन्धर) निकै शक्तिशाली देवीको रुपमा पुजिएको यो मन्दिर छानो नराखी संरक्षण गरिएको छ भने मानन्धर समूहबाट नै विशेष पूजा आजा गर्ने देविको रुपमा परिचित छ। पहिले चाकलापुरमा देविहरु जम्मा भई खेल्ने गरेको र खेली सके पछि हरसिद्दि माता, महाँकाल माता र पञ्चकन्या आफ्ना आफ्ना स्थानमा गई अलप हुने जनश्रुती छ। वडा दशैंको घटस्थापनादेखि दशमी सम्म विशेष पूजाहुने गर्दछ।

- **नारायण मन्दिर**

  नागार्जुन- ६ रामकोटमा रहेको यो मन्दिर सानो भएतापनि निकै प्राचिन मानिन्छ। रामकोट ऐतिहासिक स्थल भएको र यो मन्दिरको निर्माण शैली अलि भिन्न भएकोले पनि पुरातात्विक हिसावले महत्वपूर्ण छ। नारायणको मन्दिर अनि यसको गजुर (चैत्यको आकारमा- डोम माथी गजुर) राखिएको छ। गरुडको मूर्ति, पुरिएको कलात्मक ढुङ्गे धारो र विभिन्न देवताको आकृतिहरु पुरीएको अवस्थामा छ।



### ३. गुम्वा तथा स्तुपा

नागार्जुन नगरपालिका भित्र रहेका विभिन्न गुम्बा तथा स्तुपाहरु थप आकर्षणको रुपमा रहेका छन्। बुद्धिष्ट धार्मावलम्बीहरुको लागि यस क्षेत्र ज्ञान आर्जन, ध्यान, जप आदी गर्नको लागि उत्कृष्ट क्षेत्रको रुपमा लिन सकिन्छ। यहाँ रहेका गुम्बा तथा स्तुपाहरु तल उल्लेख गरिएको छ।

- **सेतो गुम्वा**

  सेतो गुम्बा अर्थात White Gumba ले परिचित यो ठाउँ (Druk Amitabh Monastry) भनेर चिनिन्छ। यो क्षेत्र निकै नै शान्त र रमणीय स्थानमा रहेको छ। सन् १९६० ताका लामा घेस्से वाङ्गेल (Lama Geshe Wangel) तिव्वेतियन विशिष्ट गुरु तिव्वतबाट नेपाल आई सोही स्थानमा बौद्व शिक्षा शुरु गरेको मानिन्छ।

  प्राकृतिक दृश्य अवलोकन र सास्कृतिक पक्ष अवलोकन गर्न यो स्थान निकै नै प्रसिद्व छ। अग्लो डाँडाबाट देख्न सकिने उपत्यकाको प्राकृतिक सौन्दर्य गुम्बा र त्यँहा भएका भित्ते चित्र कला संस्कृति अवलोकनको लागि पनि निकै महत्वपूर्ण मानिन्छ। साथै यस क्षैत्रमा साइक्लिङ्ग, बाइकिङ्ग, पदयात्रा, जंगल यात्रा,

आध्यात्म सम्बन्धि विभिन्न क्रियाकलाप आदी गरी पर्यटन सँग सम्बन्धित विभिन्न क्रियाकलापहरु गर्न सकिन्छ।

यसै गरी नागार्जुन नगर भित्र रहेका अन्य विभिन्न गुम्बाहरु पनि प्रख्यात छन्। रातो गुम्वा, पहेँलो गुम्वा,आनी गुम्वा, हसन्टार गुम्वा, जामाचो गुम्बा, रामकोट स्तुपाआदी यी स्थानहरुको उचित संरक्षण, विस्तृत अध्ययन र ऐतिहासिक महत्व संरक्षण गर्न सके र स्थानीयलाई बुझाउन सके यो क्षेत्रको महत्व साथै नागार्जुन नगरको आकर्षणमा थप टेवा पुग्ने देखिन्छ।

**४. खेल मैदान तथा पार्क**

नागार्जुन नगरपालिका भौगोलिक हिसावले निकै राम्रो छ जहाँ समथल भू-भाग देखि अग्ला डाँडाहरु समेत अवलोकन गर्न सकिन्छ। नागार्जुन नगरपालिकामा रहेका विभिन्न खेलकूद मैदान तथा खुला पार्क क्षेत्र थप आकर्षणको रुपमा रहेको भने खेलकूद पर्यटनको प्रवल सम्भावना बोकेको क्षेत्रको रुपमा पनि रहेको छ। नगर भित्र रहेका प्रमुख खेलमैदान तथा पार्क निम्नानुसार छन्।

- **खड्कुले चौर**

  नागार्जुन ७ गोदामथोक स्थित रहेको यो प्राकृतिक सौन्दर्य र वन क्षेत्रले घेरिएको स्थानमा छ। लगभग १५९० मि. उचाइमा रहेको यो खेलमैदान नागार्जुन नगरपालिका भित्र रहेको खेलमैदान मध्ये सबै भन्दा ठूलो रहेको छ। खड्कुलो आकार रहेको भएर यस मैदानलाई खड्कुले चौर भनिएको हो भने यहाँ राष्ट्रिय र अन्तराष्ट्रिय खेल संचालन गर्न सकिने ठूलो सम्भावना रहेको छ। पुरानो अवस्थामा यो चौर खड्कुलो आकारको (विच भागमा गहिरो) भएकोले यसको नाम खड्कुले चौर रहन गएको र अहिले यस चौरको विस्तार गरि नगरस्तरीय खेलमैदानको रुपमा रहेको छ।

- **भिमढुङ्गा नर्सरी चौर**

  नागार्जुन ८ नर्सरी भञ्ज्याङ्गमा अवस्थित यो खेलमैदानमा राष्ट्रिय स्तरको खेल सञ्चालन गर्न उपयुक्त देखिन्छ।

- **लाखे चौर(छडछडे खोला)**

  नागार्जुन ६ टौफिकलमा अवस्थित यो खेल मैदानमा सामान्य खेलहरु सञ्चालन गर्न सकिन्छ। खेलमैदान नजिकै गुफा पनि रहेको छ। यस चौरलाई लाखे चौरको नामले पनि चिनिन्छ जहाँबाट किर्तिपुरमा लाखे लैजाने क्रममा यहि चौरमा

श्रृंगार गरि पहिले पहिले किर्तिपुरको जात्रामा लगिन्थ्यो भन्ने स्थानीयको भनाई रहेको छ।

- **हसन्टार चौर**

सामान्य खेलकूद सञ्चालन गर्न सकिने उक्त खेल मैदान प्राकृतिक सौन्दर्यको वीच नागार्जुन ७ हसनटार वन क्षेत्र भित्र रहेको छ।

- **पुष्पलाल पार्क**

नागार्जुन ७ स्थित स्थापना गरिएको उक्त पार्क कम्यूनिष्ट नेता पुष्पलालको नाममा स्थापना गरिएको हो।

- **धुन्सा पार्क**

सन् २००६ सेप्टेम्वर २३ का दिन ताप्लेजुङ्गबाट उडेको श्री एयरको MIMI-08 Helicopter घुन्सामा दुर्घटना हुँदा २० यात्रु र चार चालक दल सहित सबैको निधन भएको सम्झनामा बनाइएको स्मृति पार्कको नाममा परिचित छ। जहाँ उक्त दुर्घटनामा मृत्यू भएका २४ जनाकै अर्ध कदको शालिक बनाइ राखिएको छ।

- **छापेचौर (स्विजल्याण्ड पार्क)**

अहिले स्विजल्याण्ड पार्क भनेर चिनिने यो चौर पहिले छापेचौर भनेर चिनिन्थ्यो भने कुनै वेला यहिँ चौरमा बसी विभिन्न सरकारी कार्यालयहरुको र सरकारी निर्णयहरुको छाप लगाउने (लालमोहर लगाउने) कार्य गरिन्थ्यो। त्यसैले छापेचौर भन्ने गरिन्छ। हाल उक्त स्थानमा चापावन वन उपभोक्ता समितिको संरक्षणमा पिक्निक स्पटको रुपमा विकास गरिएको छ।

- **गणेशमान स्मृति पार्क**

नागार्जुन ६ महन्ता पहिरोमा (डाँडापौवा) निर्माणाधिन यस पार्क काँग्रेस नेता/सर्वमान्य नेता गणेशमान सिंहको नाममा स्थापना गरिएको हो।

- **नागार्जुन बतासे पाखा बाटीका**

नागार्जुन ७ पुरीगाउँ स्थित खुला ठाउँमा निर्माण गरिएको नागार्जुन बतासे पाखा बाटीका समय व्यतित गर्नको लागि उपयुक्त स्थान मानिन्छ। वरिपरि हरियाली, प्रदुषण रहित क्षेत्र, मनमोहक दृश्यावलोकन र व्यायम गतिविधिको लागि उपयुक्त स्थानको रुपमा लिइन्छ। नजिकै पुरानो कुवा जहाँको पानी एकदमै सफा र मिठो भएकोले बाटो हिड्ने जो कोहीले पनि यसको स्वाद लिन सक्छन।

- **हरसिद्धि चौर**

  नागार्जुन-०५, नगरपालिकासँगै रहेको यस चौर स्थानीय खनालहरुका पूर्वजहरुले राजा जयप्रकाश मल्लासँग विर्ता पाएकोमा पछि सार्वजनिक प्रयोजनको लागि चौरको रुपमा प्रयोग गरेको पाइन्छ। हाल उक्त चौरमा जनउद्दार माध्यमिक विद्यालयको भवन बनेकोले भौतिक आकार साघुरिँदै गएको देखिन्छ।

नागार्जुन नगरपालिका भित्र निर्माणाधिन र निर्माण योजनामा रहेका अन्य विभिन्न पार्कहरु छन् जस्तै विपि पार्क, रानीवन पार्क, तारकेश्वर कम्प्यूनिटी पार्क, डम्फू पार्क आदी जहाँ स्थानीयहरुले फुर्सदको समयमा विभिन्न क्रियाकलाप गरी समय व्यतित गर्न सक्छन भने खुल्ला पार्कको रुपमा विश्राम स्थल साथै मनोरञ्जन गतिविधिहरु गर्न सक्ने सम्भावना छ।

## ५. पर्यटकीय तथा दृश्यावलोकनको लागि महत्वपूर्ण स्थानहरु

- **थाप्ले र ऐन डाँडा**

  नागार्जुन नगरपालिकाको पश्चिम भागमा रहेको अग्लो डाँडाको रुपमा थाप्ले/ऐन डाँडा भनेर चिनिन्छ। प्राकृतिक स्रोत र ऐतिहासिक महत्व बोकेको उक्त स्थलबाट धादिङ्ग जिल्ला, किर्तिपुर, भक्तपुर, ललितपुर लगायत उपत्यकाको मनोरम दृश्य देख्न सकिन्छ। तामाङ र लामा जातीको बाहुल्यता रहेको उक्त स्थान फूल खेती र तरकारी खेतीको लागि पनि उत्तिकै प्रख्यात छ। सुन्दर हिमाली दृश्य, उपत्यकको मनोरम दृश्य, स्वच्छ हावा र हरियाली आदीले पनि उक्त स्थानको महत्व देखाउँछ।



  वेलायतको भ्रमण पछि जंग बहादुर राणाले नेपाली भूगोलका विविध क्षेत्रलाई वन जंगल, उद्यान आदिको विकास गर्ने सोच पैदा भए सँगै वि.सं १९२६ मा गोलढुङ्गा, जितपुर फेदी, बालाजु, इचङ्गुनारायण, भिमढुङ्गा एवं धादिङ्गको छत्रे देउराली समेटी नागार्जुन जंगल घोषित गर्नुभएको थियो। वन पैदावारको हानी नोक्सानी गर्नेलाई दण्ड लगायतका सुरक्षा सम्बन्धी ऐन र नियमहरु बनाएका थिए

र सबै जंगल भित्र प्रवेश गर्ने चार वटा नै ढोकामा शिलापत्र राख्न लगाएका थिए। सोही समय देखि उक्त स्थानलाई ऐन डाँडाको रुपमा चिनिन्छ।

- **भिरकोट**

थाप्ले भन्दा केही तलको डाँडा जहाँबाट उपत्यकाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ। उक्त स्थानलाई भिरकोट भनि चिनिन्छ। विभिन्न जनजाती मिलि बसेको उक्त स्थल प्राकृतिक हिसावले निकै महत्वपूर्ण छ। नागार्जुन-०८, घट्टेखोला भन्दा माथि र थाप्ले भन्दा केही तलको डाँडाको रुपमा रहेको यो स्थान फूल खेती र तरकारी खेतीको लागि उपयुक्त मानिन्छ।

- **गुरुङ्ग डाँडा**

नागार्जुन-०७ मा रहेको यस स्थान उपत्यकाको मनोरम दृश्य र रात्रीकालिन समयमा उपत्यकको झिलिमिलि हेर्नको लागि उपयुक्त स्थान मानिन्छ। गुरुङ्ग समुदायको नामबाट परिचित उक्त स्थानमा ४२ फिटको ढुङ्गामा बुद्ध मूर्ति बनाउने योजना भएको थियो तर हालसम्म अधुरो नै देखिन्छ। झाँक्रीवास वन भित्र रहेको उक्त ऐतिहासिक पत्थरबाट मैत्रिय बुद्ध मूर्ति निर्माण गर्ने र गुरुङ्ग डाँडाको करिव ४ रोपनी क्षेत्र भित्र ४२ फिट लम्बाइ, ४४ इन्च चौडाइ र ३० इन्च मोटाइ रहेको उक्त ढुङ्गालाई निर्माण गरी राख्न सके आन्तरिक पर्यटक र धार्मिक (बौदिष्ट) पर्यटकलाई नयाँ पर्यटकीय गन्तव्य स्थानको रुपमा विकास गर्न सकिन्छ।

- **हल्चोक डाँडा**

समुन्द्र सतह भन्दा करिव १,५१० मि उचाइमा रहेको यो डाँडा दृश्यावलोकनको लागि निकै उत्कृष्ठ मानिन्छ। स्वयम्भूको ठिक पछाडि पट्टी रहेको डाँडा आकाश भैरव र हाल युवाहरुको माझ सिङ्गल ट्रि भनेर पनि चिनिन्छ। सिँढीहरु चढी उक्त स्थानमा पुग्न सकिन्छ भने पुतुवारहरुको बाहुल्यता रहेको यस स्थानमा विभिन्न आधुनिक सुविधाहरु, व्यवस्थित रेष्टुरेन्टहरु पनि उपलब्ध छन्। यस क्षेत्रले धार्मिक, साँस्कृतिक, ऐतिहासिक साथै उपत्यकाको दृश्य अवलोकनको लागि उत्कृष्ठ गन्तव्य स्थानको रुपमा परिचित गराउन सकिन्छ।

- **रानीवन जंगल तथा अन्य सामुदायिक वन**

कुल वन क्षेत्र २५१.४२ हेक्टर भएको नागार्जुन नगरपालिकामा १४ वटा सामुदायिक वनहरु छन्। विशेष १ , २, ३, ५, ६, ७ र ८ वडामा संरक्षित वन क्षेत्र पर्यटन र वातावरणिय हिसावले निकै नै महत्वपूर्ण छ। संरक्षित सामुदायिक वन भित्र पर्यावरणमा ह्रास नआउने गरी विभिन्न पर्यटकीय गतिविधि संचालन गर्न सकिन्छ। चाँप, काफल, मुसुरे, कटुस, गुँरास, सल्ला, उत्तिस,

चिलाउने, बाँस, निँगालो, सेतिकाठ, अंगेरी र अन्य वनस्पति संरक्षित वन क्षेत्रभित्र पाइन्छ भने जंगली जनावरहरुमा बदेल, चितुवा, स्याल, वन विरालो, फ्याउरो, सालक, मृग, जरायो, दुम्सी आदीको प्रमुख बासस्थानको रुपमा चिनिन्छ। विभिन्न प्रजातीका चराहरु जस्तै कालिज, काँडे भ्याकुर, सुगा, जुरेली, काठ फोरुवा, कोइली, ढुकुर, भंगेरा, सारौं र अन्य सय भन्दा बढी प्रजातीका दुर्लभ चराचुरुङ्गी अवलोकन गर्न सकिन्छ। उक्त वन क्षेत्रमा पर्या-पर्यटन विकास, हाइकिङ्ग, साइक्लिङ्ग, नेचर वाक, चराचुरुङ्गी र वन्य जन्तु अवलोकनको प्रमुख अवसर सिर्जना गर्न सकिन्छ। आन्तरिक र वाह्य पर्यटकहरुलाई प्राकृतिक संरचना, वनस्पती र वन्य जिव जन्तुलाई कुनै पनि असर नपर्ने गरी विभिन्न गतिविधि संचालन गर्न सकियो भने नगरको प्रमुख आय स्रोतको रुपमा लिन सकिन्छ।

- **बादल डाँडा र बद्रीनारायण धाम**

  नागार्जुन नगरपालिका भित्र रहेका विभिन्न पर्यटकीय स्थल मध्ये बादल डाँडालाई पनि प्रमुख स्थानको रुपमा लिन सकिन्छ। यस स्थानबाट उपत्यकाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ। साथै पूर्व पट्टी रहेको अदुवावारी सामुदायिक वन र चापावन सामुदायिक वन अवलोकन गर्न सकिन्छ। हाल निर्माण हुँदै गरेको बद्रिनारायण धाम पनि अर्को आकर्षणको रुपमा लिन सकिन्छ। नजिकै रहेको विन्ध्यावासिनी मन्दिर, धुन्सा पार्क र छापेचौर दहचोक डाँडा नजिकै पर्दछ।

- **सेतो गुम्वा (डाडाँगाउ तथा बतासे डाँडा)**

  धार्मिक र प्राकृतिक हिसावले प्रख्यात यो स्थान नागार्जुन-०८ मा पर्दछ। डाँडा गाउँबाट उपत्यकाको साथै चन्द्रागिरी, चम्पादेवी, फुलचोकी, नगरकोट र शिवपुरी डाँडाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ। लामा तथा तामाङ जातीको बाहुल्यता रहेको यस स्थानमा पहिले होमस्टे संचालनमा थियो। यो क्षेत्र हाल सेतो गुम्वाको नामले चिनिन्छ। जामाचो जाने छोटो बाटोको रुपमा बतासे डाँडालाई लिन सकिन्छ। त्यसै गरी विभिन्न प्रजातीका फूल खेतीको लागि यो स्थान उत्तीकै प्रख्यात छ। कल्पेश्वरी, झम्केश्वरी, उत्तर पट्टी इचङ्गुनारायण र दक्षिण पट्टी पञ्चकन्या मन्दिर साथै पूर्व पट्टी रातो गुम्वा  र केही  तल आदेश्वर मन्दिर र हलचोक भैरव मन्दिर पनि प्रख्यात छन्।

➢ **घट्टेखोला (Rock Climbing)**



नागार्जुन नगरपालिकाको वडा ६ र ८ को सिमामा पर्ने घट्टे खोला प्रकृतिक रुपले धनी छ। यस क्षेत्र पानीको मूलको लागि चर्चित छ भने पहिले ढुङ्गा खानी संचालन गरिएको क्षेत्र- रक क्लाइम्विङ्ग (चट्टान आरोहण) को ठूलो सम्भावना बोकेको क्षेत्रको रुपमा चिनिन्छ। उचित व्यवस्थापन र उक्त साहासिक क्रियाकलाप संचालन गर्न सकिन्छ जहाँबाट हजारौं साहासिक यात्रा रुचाउने आन्तरिक र बाह्य पर्यटक भित्र्याउन सकिन्छ।

➢ **जामाचो**

समुन्द्रि सतहबाट २१३० मि उचाइमा रहेको यो डाँडा बौद्विष्ट तिर्थ स्थलको रुपमा चिनिन्छ। प्राकृतिक सौन्दर्य सँग रम्दै, वन्यजन्तु अवलोकन गर्दै, ताजा हावा लिँदै पदयात्रा गर्न सकिन्छ। फूलवारी गेट हुँदै यस स्थानमा प्रवेश गर्न सकिन्छ। यस क्षेत्रमा ध्यान, चट्टान आरोहण, साइक्लिङ्ग, पदयात्रा, जंगल वाक र जंगल सफारी आदी पर्यटकीय गतिविधि संचालन गर्न सकिन्छ।

## ६. प्रमुख नदी नाला

नागार्जुन नगरपालिका भित्र लगभग १४ वटा सामुदायिक वन छन् र सँगै नागार्जुन राष्ट्रिय निकुञ्ज पनि जोडिएको छ। उक्त सामुदायिक वन प्रमुख स्रोत हुँदै नागार्जुन नगरपालिका भित्र मनमती खोला, लुपाङ्ग खोला, भद्रामती खोला, त्रिवेणी खोला, जुङ्गे खोला, घट्टे खोला, ढोलुङ्गो खोला, ठूलो खोला, कल्चौंडे खोला, छङछडे खोला आदी पानीको मुख्य स्रोतको रुपमा रहेका छन्। अन्य खहरे खोलाहरुले पनि यस क्षेत्रमा पानीको मौसमी स्रोतको रुपमा सहयोग गरेको पाइन्छ। प्राकृतिक स्रोत र धार्मिक आस्था समेत रहेका उक्त नदी नालाहरु उचित संरक्षणको पर्खाइमा रहेको देखिन्छ। उचित ढल व्यवस्थापन नहुनु,

जथाभावी फोहोर फालिनु, वैज्ञानिक तरिकाबाट उपभोग नहुनु, अव्यवस्थित वोरिङ्ग र सार्वजनिक खोला मिचिँदै जानुले पनि नगरभित्र रहेको खोला मासिँदै गएका छन्।

नागार्जुन नगर भित्र वडाहरु ७, ८, ६ र ३ मा विविध कृषि गतिविध अहिले पनि भईरहेका छन्। उक्त क्षेत्रको लागि सिंचाई नै प्रमुख खोला नालाहरु हुन भने पर्यटकीय हिसावले पनि उक्त स्थानहरु उपयुक्त मानिन्छ। नगरको आय आर्जनको लागि पनि प्रमुख स्रोतको रुपमा लिन सकिन्छ। ठाउँ ठाउँमा बाँध बाँधदै रिचार्ज पोखरी बनाउँदै, नदी छेउछाउमा रुख रोप्ने कार्य गर्दै, व्यवस्थित ढल आदीको उचित व्यवस्थापन गर्न सके सबै पक्षलाई फाइदा पुग्ने देखिन्छ।

- मनमती खोला(नागार्जुन नगरपालिका भित्र बग्ने प्रमुख नदीको रुपमा चिनिन्छ)
- भद्रमती खोला (प्राकृतिक हिसाबले निकै सुन्दर, चराचुरुङ्गी अवलोकनका लागि उत्कृष्ठ मानिन्छ)
- लुपाङ्ग खोला
- कल्चौंडे खोला

## ७. प्रमुखचाड पर्व

- **जामाचो मेला**

  नागार्जुन-०१ मा पर्ने जामाचो डाँडामा रहेको सेतो बौद्व स्तुपामा हरेक वर्ष पूर्णिमामा ठूलो मेला लाग्ने गर्छ जुन फागु पूर्णिमा र बुद्ध जयन्ति आउनु अघिको पूर्णिमाको दिन लाग्ने गर्दछ। यसलाई अर्को तर्फ बालाजु २२ धारा मेला पनि भन्ने गरिन्छ। बालाजु २२ धारामा नुहाउनुको विशेषता विशेष महत्वछ किनभने उक्त धारामा नुहाउँदा छालामा भएको रोग निको हुने र अन्य रोग नलाग्ने जनविश्वास गरिन्छ। बालाजु २२ धारामा नुहाएपछि मेला भर्न जामाचो डाँडामा जाने प्रचलन छ। जनश्रुति अनुसार उक्त दिन तिव्वतबाट आफ्ना मरेका आफन्तहरुको टाउकोको हड्डी जामाचोमा ल्याएर आकाशमा फाल्ने चलन छ र उक्त हड्डी सोही स्थानमा गाडियो भने मृत आत्माले मुक्ती पाउने जनविश्वास छ।

- **इन्द्र जात्रा तथा आकाश भैरव जात्रा**

  भैरवलाई तत्कालिन उपत्यका भित्रको राज्यको संरक्षकको रुपमा लिइन्छ। हल्चोक स्थित सव भक्कु (हलचोक — आकाश भैरव) लाई पश्चिम दिशाबाट धेरै नै विघ्न हरु तथा राक्षसहरुले दुःख दिन थाले पछि विघ्नहरुबाट संरक्षण गर्न स्थापना गरिएको मानिन्छ। नीलो अनुहार/ मास्क लगाएको भैरव र सुन्तला

— रातो रङ्गको अनुहार भएका दुई सहयोगी हरुमा बाघको अनुहार भएकालाई सिम्बा द्यः र सिंहको अनुहार भएकालाई धुम्बा द्यः भनिन्छ। इन्द्र जात्राको वेला हलचोक भैरव र अन्य दुई सहयोगीहरुलाई नाच्दै निस्कने गर्दछ। सिम्बा द्यः र धुम्बा द्यः लाई चण्डी र कुमार पनि भनिन्छ।

कथन अनुसार पृथ्वी नारायण शाहले काठमाडौं उपत्यका हमला गर्दा उनी एक चोटी वेहोस भएका थिए। त्यती वेला यिनै हलचोक आकाश भैरवले सहयोग गरेर गोरखा सम्म फर्काएका थिए। त्यसैको सम्झनामा नेवार मध्येकै एक जाती पुतुवारहरु आकाश भैरव, सिम्बा द्यः र धुम्बा द्यः को रुपमा सजिएर नाँच देखाउने गरिन्छ। शहरका विभिन्न समुदायहरुले आमन्त्रण गर्छन र पूजा गर्ने गर्दछन। आकाश भैरव सिम्बा द्यः र धुम्बा द्यः नाच्दा रोग ब्याधि र नकारात्मक शक्तिहरु निर्मूल हुने जनविश्वास रहि आएको छ। कसैले पनि आकाश भैरव सिम्बा द्यः र धुम्बा द्यः बाटो काट्दा नराम्रो हुने विश्वास रहँदै आएको छ र यो जात्रामा भैरव सिम्बा द्यः र धुम्बा द्यः भएर नाँच देखाउन अविवाहित हुनुपर्ने र शुद्ध हुनुपर्ने भनाई रहि आएको छ।

- **ठूलो एकादशी मेला**

हरिवोधनी एकादशीलाई ठूलो एकादशीको रुपमा लिइन्छ। जनविश्वास तथा धार्मिक परम्परा अनुसार सो दिन भगवान विष्णु उठ्नुहुन्छ र तुलसीको विवाहको दिन भनेर चिनिन्छ। यस दिन चार नारायणमा ठूलो मेला लाग्छ भने काठमाडौंको पश्चिम भाग नागार्जुन ३ कान्छो नारायणको रुपमा प्रचलित इचङ्गुनारायणमा ठूलो मेला लाग्दछ। पहिले पहिले त यी चारै नारायण भएको ठाउँमा भक्तालुहरु हिडेर एकै दिनमा पुग्ने गरेको चर्चा पनि सुन्ने गरिन्थ्यो र अन्तिममा शेष नारायण दक्षिणमा रहेको नारायण पुगि सो धार्मिक यात्रा टुङ्याउने गरिन्थ्यो।

- **सीता जयन्ती**

बैशाख शुल्क नवमीका दिन सीतामाताको जन्म दिनको रुपमा लिइन्छ जो रामायणको प्रमुख पात्रको रुपमा चिनिन्छ। सीता माताको जन्म भगवान राम जन्मेको ठिक एक महिना पछि त्रेता युगमा भएको मानिन्छ। वनवासको क्रममा राम सीता र लक्ष्मण यस क्षेत्रमा आइपुगेको र प्रचण्ड गर्मीले गर्दा एउटा ठूलो ढुङ्गामा टेक्दा उक्त ढुङ्गामा सीता माताको पैतालाको डोव बसेको

कारण (सीतापाईला) रहन गयो भन्ने जनविश्वास छ। यो दिन उक्त स्थानमा विभिन्न धार्मिक कार्यक्रमहरु गरी मनाइने चलन छ।

- **हरसिद्धिपूजा (जात्रा)**

श्री सेतो मछिन्द्रनाथको जात्रा सँगै काठमाडौंको पश्चिम नागार्जुन ५ मा पर्ने फय् ख्वा त्वामा श्री हरसिद्दि माइ (श्री चामुण्डा देवि) को पनि भव्य जात्रा हुने गर्दछ। यहाँका स्थानीय मानन्धर लगायत सम्पूर्ण टोल बासीहरु मिलेर श्री हरसिद्धि माताको जात्रा मनाउँदछन्। यहाँका वासिन्दाहरु यस श्री हरसिद्धि मातालाई आफ्नो इष्टदेविको रुपमा पुज्ने गर्दछन्। यस मन्दिरमा वडा दशैको नौ दिन नवरात्री भरी पूजा आराधना गर्ने भक्तजनहरुको घुइँचो लाग्ने गर्दछ भने फेय ख्वा टोलबाट नवरात्री भरी बाजा गाजा सहित यहाँका वासिन्दाहरु श्री को मन्दिरमा साँझको समयमा वत्ती बाल्न जाने गर्दछन। त्यसै गरी चैते दशैमा भने श्री हरसिद्धि माताको भव्य जात्रा समेत हुने गरेको छ। यहाँका स्थानीय हरुले श्री हरिसिद्धि मातालाई खटमा विराजमान गराई फ्या ख्वा टोलको परिक्रमा गराई आ आफ्नो घरबाट पूजा दिने गर्दछन्।



जात्राको अघिल्लो दिन टोलबाट मन्दिर सम्म स्थानीयहरु सुकुन्दा र्‍याली गरी बत्ती दिन जाने क्रमबाट शुरु हुने जात्रा, सोही जात्राको दिन श्री को खट मन्दिरमा पुर्याई दिनभरी जात्रा गरी साँझमा श्री लाई देवघरमा भित्र्याई सगुन दिने कार्यक्रम पछि जात्रा सम्पन्न हुन्छ। यस जात्राको सुरुवात स्वर्गिय श्री तुयु सिं मानन्धरद्वारा २००४ सालमा सुरुवात भएको थियो र हालसम्म पनि त्यो निरन्तर छ।

➢ **भिमसेन (भिमा एकादशी जात्रा)**



माघ शुल्क पक्षमा पर्ने एकादसीलाई भिमा एकादशी भन्ने गरिन्छ र व्रत बाट मनुष्यले भोक र मोक्ष दुवै प्राप्त गर्ने धार्मिक विश्वास लिइन्छ। कुन्ति पुत्र भिमले समेत व्रत बसेका कारण यस एकादशीको नाम भिमा एकादशी रहन गएको पौराणिक कथन छ। नागार्जुन ८ भिमढुङ्गा स्थित भिमसेन स्थानमा विशेष मेला लाग्ने गर्दछ भने अघिल्लो दिन (एकादशी) मा पूजा आराधना गरी महादिप बाली जाग्राम बस्ने गरिन्छ र भोलिपल्ट द्वादशीका दिन खटमा देवता राखि पूजा आजा गरी भिमसेन मन्दिर देखि काठा साघुँ परिक्रमा गराइन्छ। हरेक श्रद्घालु हरुले आफ्नो आँगन अगाडी रातो माटोले लिपेर खटको स्वागत गर्दछन साथै उक्त स्थानमा खट बसाली पूजा आजा गर्ने गरिन्छ। सुरु सुरुमा भिमढुङ्गाको नेवार जातीहरुको मात्र जात्रा भएता पनि अहिले सम्पूर्ण जातजाती सहभागी भई उत्साहको साथ यो जात्रामा सहभागी हुने गरेको पाइन्छ।

➢ **कृष्ण जन्माष्टमी**

कृष्ण जन्माष्टमीलाई गोकुल षष्टी, अष्टमी रोहिणि, श्री कृष्ण जयन्ती पनि भन्ने चलन छ। ज्ञान योग, कर्मयोग र भक्ति योगका प्रेरणाका रुपमा भगवान कृष्णलाई लिइन्छ भने श्री कृष्णको जन्म द्वापर युगमा हिन्दु पञ्चाङ्ग अनुसार भाद्र कृष्ण अष्टमीको मध्य रातमा भएको थियो। नागार्जुन नगरपालिका भित्र रहेका धेरै राधाकृष्ण मन्दिरहरुमा उक्त दिन कृष्ण भगवानको आराधना, प्रवचन, भजन कृतन गर्नुका साथै विशेष गरी नागार्जुन २, ६ र १० मा विशेष जात्रा र अन्य धार्मिक कार्यक्रम गरी मनाइने गरिन्छ।

## ५.२ नगरमा पर्यटन प्रवर्द्धनका वर्तमान अवस्था

यस नगरपालिकामा पर्यटन उद्योगको प्रवद्र्धनको सम्भाव्यता हेर्नका लागि यहाँका सबल पक्षहरू, कमजोर पक्षहरू, अवसर र चुनौतीहरूको बिश्लेषणात्मक अध्ययन गरिएको छ । अध्ययनबाट तिनीहरूको अवस्था निम्नबमोजिम पाइएको छ ।:

**सवल पक्षहरू**

- काठमाडौंबाट भिमढुङ्गा हुँदै धादिङ्ग जाने बैकल्पिक मूल सडकको अधिकांश भाग यसै नगरपालिकामा परेको छ।
- नगरपालिका भित्रका प्राय वस्तीहरुमा सडक यातायातको सुविधा पुगेको ।
- नगरपालिका भरी नै बिजुलीवत्तीको व्यवस्था रहेको।
- नगरपालिका भित्रका सबै वस्तीहरुमा खानेपानीको सुविधा भएको।
- मोबाइलको नेटवर्कमा संचारको राम्रो सुविधा रहेको।
- नगरमा प्रसिद्व मन्दिरहरु, ठूला गुम्बाहरु र प्राकृतिक चौरहरु रहेका।
- नगर भित्रका केही प्रमुख पर्यटकीय गन्तव्यमा ढुंगे पदमार्ग र सिँढी बनिसकेका।
- नगरमा वनजंगल प्रशस्त रहेकाले पर्यटकले जीवजन्तु, चराचुरुङ्गीको दृश्यावलोकन गर्न सकिने।
- नगर भित्रका अग्ला अग्ला डाँडाबाट काठमाडौं उपत्यका, चन्द्रागिरी लगायत धादिङ्ग जिल्लाको पर्यटकीय दृश्यावलोकन गर्न सकिने।
- स्थानीय तामाङ र नेवार जातिहरुका आ आफ्ना गुठी मार्फत परम्परागत नाच, बाजा लगायतको संरक्षण भईरहेका।
- समग्र नागार्जुन नगरपालिका नै धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक पर्यटनका दृष्टिले धनी रहेकाले काठमाडौं आउने पर्यटक यस नगरमा आउन सक्ने।

**कमजोर पक्षहरु**

- नागार्जुन नगरपालिका क्षेत्रको पर्यटन विकास गुरुयोजना नभएको हुँदा यस नगरले पर्यटन विकास बारे स्पष्ट मार्गचित्र बनाउने आधार नपाएको।
- पर्यटन व्यवसायलाई आर्थिक समृद्धिसँग कसरी गाँस्न सकिन्छ भन्ने विषयमा नगरवासीमा स्पष्ट सोच बनिनसकेको।
- पर्यटन उद्योगबाट हुन सक्ने लाभ र तिनमा नगरवासीको पहुँच कसरी बढाउने भन्ने बारेमा स्थानीय जनप्रतिनिधि, व्यवसायी र जनतालाई यथार्थ र व्यावहारिक जानकारी नभएको।
- पर्यटन व्यवसाय र यसबाट नगरवासीले हासिल गर्न सक्ने समृद्धि वीच सेतु निर्माणको कुनै सोच, शैली र संयन्त्र नबनेको।

- पर्यटन उद्योगमा आवश्यक पर्ने विभिन्न प्रकारका शीप सम्बन्धमा व्यावसायिक शिक्षा र उच्चस्तरको तालिमप्राप्त जनशक्ति स्थानीय स्तरमा यथेष्ट संख्यामा उपलब्ध नरहेको।
- व्यावसायिक तालिम, ज्ञान र शीपको अभावमा सही हिसाबले डोर्याउने अगुवा नहुँदा निजी क्षेत्र पनि अनिश्चितताको वातावरणमा रहेको ।
- सानो परिमाणमा उपलब्ध शिक्षित जनशक्तिलाई स्थानीय पर्यटन व्यवसायमा रोकेर राख्ने अवस्था नरहेको ।
- पर्यटन विकासमा युवावर्गलाई उत्प्रेरित गर्नका लागि नगरपालिकाबाट आवश्यक कार्यक्रम र बजेट व्यवस्था नभएको ।
- पर्यटनको विकासका लागि नगरमा कुनै राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाको सहयोग परिचालन नभएको ।

**अवसरहरू**

विश्वका कतिपय राष्ट्रहरूले आफ्नो देशमा प्राचीन महत्वका दर्शनीय स्थलहरू नहुँदा पनि कृत्रिम आकर्षणहरू खडा गरी पर्यटनको माध्यमबाट अथाह धनराशी कमाइरहेको सन्दर्भमा नागार्जुन नगरीलाई आफ्ना सम्पदाका बलमा पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने प्रशस्त अवसरहरू प्राप्त छन् । यहाँका ऐतिहासिक, धार्मिक, सास्कृतिक, प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण र प्रर्वद्धनप्रति चनाखो भई वर्तमान आवश्यकतालाई सम्बोधन गर्ने किसिमबाट तिनको सदुपयोग गर्न सकिन्छ । केही अवसरहरू निम्नबमोजिम छन्

- संघीयसरकारको चालु आवधिक योजनामा पर्यटन क्षेत्रको विकासलाईप्राथमिकता ।
- पर्यटन उद्योगका लागि आवश्यक पर्ने अध्ययन र तालिमको अवसर सहजढंगबाट उपलब्ध गराइएमा सो लिनका लागि युवकयुवती स्थानीय स्तरमाउपलब्ध ।
- पर्यटन उद्योगका लागि आवश्यक अन्न तरकारी, फलफूल, दुध र मासु यस वडार छिमेकी वडाहरूमा उत्पादन हुने भएकाले सरल मूल्यमा उपलब्ध ।
- स्थानीय कृषि उत्पादनको बजारीकरण हुने हुँदा कृषकहरूलाई अवसर ।
- काठमाडौं उपत्यकाका शहरी जनसंख्या यहाँकाडाँडाहरूमा दृश्यावलोकन गर्न रचौरहरूमा पिकनिक गर्न उत्सुक ।
- छोटोरकम खर्चिलो र सुरक्षित हाईकिङको विकास गर्न सकिने अवसर ।
- डाँडाहरूलाई ध्यान एवं योग केन्द्रका रुपमा विकास गर्न सकिने अवसर ।
- बास बस्ने पर्यटकहरूलाई सांस्कृतिक कार्यक्रमहरू देखाउन गुठीहरू तत्पर ।
- नाँचगान गर्ने र बाजा बजाउने कलाकार स्थानीय स्तरमै उपलब्ध ।

- स्थानीय हस्तकला, भेषभूषा र संस्कृतिको प्रवर्द्धनको अवसर ।
- होमस्टे शुरुवात गर्न स्थानीय समूदाय इच्छुक ।
- कोभिड पछि पुनः पर्यटन उद्योगले अन्तर्राष्ट्रिय स्तरमा गति लिन थालेकालेत्यसबाट थपअवसरहरू सिर्जना ।
- स्थानीय स्रोत र साधान उपभोग गरी पर्यटकीय उत्पादनमा जोड दिन सकिने।

**चुनौतीहरू**

कुनै पनि स्थानविशेषको विकास चुनौतीरहित हुन सक्दैन । नागार्जुन नगरपालिकाको पर्यटनको विकासका लागि पनि केही चुनौतीहरू रहेका छन् ।

अज्ञानता नै दुःखको ठूलो कारण मानिन्छ । नागार्जुन वासीहरूलाई जबसम्म आफ्ना वरिपरिका ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदाहरूको महत्वबोध हुँदैन तबसम्म यिनीहरूको विद्यमानताबाट मात्र स्थानीय स्तरमा कुनै आर्थिक लाभ प्राप्त हुँदैन । पर्यटन व्यवसायको विकास, व्यवस्थापन र बिस्तारका सम्भावनाबारेमा स्थानीय राजनैतिक नेतृत्वमा र सांस्कृतिक अभियन्ताहरूमा हिजोआज सामान्य चेतना जागेकोसम्म पाइन्छ तर तुरुन्तै परिणाम देखिने किसिमले ठोस काम केही हुन सकेको छैन । पर्यटनको सम्भावनाबारेमा आम जनमानसमा शिक्षा प्रवाह हुन सकेको छैन । फलस्वरूप मेला,महोत्सव जस्ता क्षणिक आनन्द दिने तर पर्यटनको दीर्घकालीन विकासमा खासै

योगदान दिन नसकिरहेका कार्यक्रमहरूमा समाज अलमलिएर बसिरहेको अवस्था छ । स्थानीय बौद्धिक समुदायमा, विद्यार्थी र अभिभावकहरूमा, निजी क्षेत्रका व्यवसायीहरूमा ब्यापक जनचेतना जगाउनु आवश्यक छ ।

**यसपृष्ठभूमिमा वडाको पर्यटन विकास गर्नमा निम्नलिखित चुनौतीहरू देखा परेका छन् :**

- वरिपरिका प्राकृतिक, धार्मिक, सांस्कृतिक आकर्षणहरूलाई विश्व बजारमा पुर्याउनु र पूरा लाभ लिन सक्नु यस नगरका निम्ति चुनौतीपूर्ण ।
- नयाँ पर्यटकीय गन्तव्यस्थलहरूको एकीकृत र समन्वयात्मक रूपमा पूर्वाधार विकास र प्रर्वद्धन गर्नु चुनौतीपूर्ण ।
- नगरको पर्यटन विकासबारे निर्देशन गर्ने आधिकारिक योजनाको अभावमा नगरले शून्यताको अवस्थाबाट काम शुरु गर्नुचुनौतीपूर्ण ।
- वडामा पर्यटन उद्योगको विकासबारेको दीर्घकालीन सोच, नीतिर रणनीति बनाउनमा सबै सरोकारवालाहरूको विश्वास प्राप्त गर्नु चुनौतीपूर्ण ।

- सरकारी र निजी क्षेत्रबीच आपसी विश्वासको संकट हुनु ।
- वडाभित्रका पर्यटकीय महत्वका कतिपय स्थानहरूमा पूर्वाधार निर्माण गर्न खर्चिलो ।
- शिक्षा र रोजगारीबीचमा तालमेल गराउनु चुनौतीपूर्ण ।
- उद्यमशीलताको विकास हुन समय लाग्नु ।
- युवावर्ग विदेश पलायन हुने क्रम नरोकिनु ।
- पर्यटन र अतिथिसत्कार सम्बन्धी शिक्षा खर्चिलो हुनु र प्राथमिकतामा नपर्नु ।
- जग्गाको मूल्यबृद्धिबाट होटेल÷रिसोर्ट आदिको लगानी बढ्ने हुँदा स्थानीय निजी क्षेत्रलाई पर्यटनसम्बन्धी योजनामा लगानीका लागि आकर्षित गर्न कठिनाइ हुनु ।
- बढ्दो शहरीकरणबाट स्थानीय भूबनोट बिग्रनु ।
- जमीनको खण्डीकरणबाट प्राकृतिक सौन्दर्यमा हास आउनु ।
- विकास निर्माणका नाममा हुने गरेको प्राकृतिक र पर्यावरणीय क्षति रोक्न कठिन हुनु ।
- सरकारी निकायहरूबीच नै यथेष्ठ समन्वय नहुनु र नगरले पर्यटन क्षेत्रलाई प्रमुख प्राथमिकतामा नराखु।

| सि.नं | प्रमुख प्राकृतिक, धार्मिक, सांस्कृतिक सम्पदाहरु | | | वडा नं | कैफियत |
|---|---|---|---|---|---|
| | प्राकृतिक स्थल | धार्मिक स्थल | सांस्कृतिक सम्पदा | | |
| १ | | ➢ पचली भैरव<br>➢ राधाकृष्ण मन्दिर<br>➢ वनदेवि मन्दिर<br>➢ सिद्वेश्वर महादेव मन्दिर<br>➢ रानीवन छोर्तेन गुम्वा<br>➢ नागभूषण मन्दिर<br>➢ कालिदेवि मन्दिर | | १ | |
| २ | | ➢ विश्वनाथ महादेव मन्दिर<br>➢ तिनघरे वनदेवि मन्दिर<br>➢ तिनघरे कुमारी मन्दिर<br>➢ गैरीगाउँ गणेश मन्दिर<br>➢ सिलण्डोल गणेश मन्दिर | | २ | |
| ३ | | ➢ हल्चोक आकाश भैरव<br>➢ इचङ्गु नारायण मन्दिर | | ३ | |

| सि.नं | प्रमुख प्राकृतिक, धार्मिक, सांस्कृतिक सम्पदाहरु | | | वडा नं | कैफियत |
|---|---|---|---|---|---|
| | प्राकृतिक स्थल | धार्मिक स्थल | सांस्कृतिक सम्पदा | | |
| ४ | | ➢ पञ्चकुमारी मन्दिर | | ४ | |
| ५ | ➢ दिव्य सञ्जिवनी | ➢ आदेश्वर मन्दिर<br>➢ हरसिद्धि मन्दिर<br>➢ अकवरेश्वर महादेव मन्दिर<br>➢ शरण भद्रेश्वर महादेव मन्दिर<br>➢ सीतापाइला मन्दिर<br>➢ टुसाल देवि मन्दिर<br>➢ रातो गुम्वा | ➢ त्रिकुटा धाम | ५ | |
| ६ | | ➢ पचली भैरव मन्दिर<br>➢ बंगलामुखी मन्दिर<br>➢ कोतादेवि मन्दिर<br>➢ घट्टेश्वर राजेश्वर महादेव मन्दिर<br>➢ पन्चकन्या मन्दिर<br>➢ विन्दावासिनी मन्दिर<br>➢ कोटश्य भैरव मन्दिर<br>➢ राधाकृष्ण मन्दिर<br>➢ टाँखेल शिव मन्दिर<br>➢ अम्विका देवि मन्दिर<br>➢ पन्चकन्या मन्दिर<br>➢ श्यामेश्वर मन्दिर<br>➢ सिद्धेश्वर मन्दिर<br>➢ कल्पेश्वर मन्दिर<br>➢ ज्योतेश्वर मन्दिर | | ६ | |
| ७ | ➢ छापे चौर पार्क | ➢ कुमारी मन्दिर<br>➢ कालिदेवि मन्दिर<br>➢ पन्चकन्या मन्दिर | ➢ अदुवा वारीमा पृथ्वी नारायण शाहले कोट | ७ | |

| सि.नं | प्रमुख प्राकृतिक, धार्मिक, सांस्कृतिक सम्पदाहरु | | | वडा नं | कैफियत |
|---|---|---|---|---|---|
| | प्राकृतिक स्थल | धार्मिक स्थल | सांस्कृतिक सम्पदा | | |
| | | ➢ कमलेश्वर मन्दिर<br>➢ कोदारदेवि मन्दिर<br>➢ जगनाथेश्वर मन्दिर<br>➢ कृष्ण मन्दिर<br>➢ वनदेवि मन्दिर<br>➢ सिद्धेश्वर मन्दिर<br>➢ इन्द्रायणी मन्दिर | बनाएको ढुङ्गा सोबाट वुद्ध भगवानको मूर्ति बनाएको | | |
| ८ | | ➢ चुनदेवि मन्दिर<br>➢ सेतिदेवि/कालिदेवि मन्दिर<br>➢ शक्तिवल्लवेश्वर मन्दिर<br>➢ लक्ष्मेश्वर मन्दिर | | ८ | |
| ९ | | ➢ भुवनेश्वरी मन्दिर<br>➢ पञ्चकन्या मन्दिर<br>➢ गणेश देवि मन्दिर<br>➢ बासुकी मन्दिर | | ९ | |
| १० | | ➢ भैरव मन्दिर<br>➢ कमलेश्वर मन्दिर<br>➢ तारकेश्वर मन्दिर<br>➢ कमल विनायक मन्दिर<br>➢ पन्चकन्या मन्दिर<br>➢ पाँचकन्या मन्दिर | | १० | |

## ६ .नगरपालिकामा पर्यटन प्रवर्द्धनका सम्भाव्य क्षेत्रहरु

पर्यटन क्षेत्रको योजनाबद्ध र व्यवस्थित विकासबाट अन्य सम्बद्ध क्षेत्रहरूलाई समेत जोड्दै रोजगारीको सृजनाका माध्यमबाट नेपालको समग्र आर्थिक विकास गर्न सकिने कुरा बिभिन्न स्थानहरूका अध्ययनले पुष्टि गरिसकेका छन् ।

साथै विभिन्न कालखण्डमा पर्यटन क्षेत्रमा पुर्याइएको सामाजिक र आर्थिक फाइदाबाट पनि आकलन गर्न सकिन्छ। पर्यटन क्षेत्रको यथोचित विकास भएमा नै खाद्यान्न, दुधदही, माछामासु, अण्डा, तरकारी, फलफूल, स्थानीय हस्तकलाका वस्तुहरू, स्थानीय कला संस्कृति, रोजगारी र यातायातलगायत बिभिन्न सेवाहरूको माग बढ्ने हुँदा यसबाट पर्यटन उद्यमीका अतिरिक्त स्थानीय कृषकहरू, पशुपंक्षीपालकहरू, घरेलुउद्योग संचालकहरू, यातायात व्यवसायीहरू, बेरोजगारहरू, कलाकारहरू पनि प्रत्यक्ष रूपले लाभान्वित हुनेछन् । फलस्वरुप, देशको कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product ) मा पर्यटन क्षेत्रको योगदान त बढ्ने छ नै, यी सबै क्षेत्रमा प्राप्त हुने रोजगारीका अवसर र आयबाट देशको समग्र आर्थिक बृद्धि र प्रति व्यक्ति आयमा पनि सुधार हुने निश्चित छ ।

पर्यटन व्यवसाय एउटा सेवामूलक व्यवसाय हो । यो मूलतः मानव श्रममा आधारित हुन्छ । यसले प्रत्यक्ष रुपमा संलग्न कामदारहरूलाई रोजगारी प्रदान गर्नुका साथै पर्यटनबाहेकका अन्य सम्बद्ध क्षेत्रका व्यक्तिहरूलाई पनि अप्रत्यक्ष रुपमा रोजगारी दिन्छ। अर्को तर्फ बेमौसमी बेरोजगार न्यूनीकरणमा समस्या हल गर्न पनि महत्वपूर्ण भूमिका खेल्छ। अतिथिहरूलाई उच्चस्तरको सेवा प्रदान गरी सन्तुष्टि दिलाउन सक्नु नै यस उद्योगको सफलताको साँचो हो । यस पेशामा सम्बद्ध जनशक्तिमा उच्चस्तरको व्यावसायिक ज्ञान, शीप र सेवाभाव भएमा मात्र अपेक्षित सफलता प्राप्त गर्न सकिन्छ । अग्र पंक्तिमा बसेर अतिथिहरूलाई सेवा प्रदान गर्नेहरूमा यी गुण भएनन् भने अन्य पूर्वाधारहरू भएर मात्र खासै उपलब्धि हुँदैन ।

विश्वका कुनाकुनाबाट नेपाल आउने सम्पूर्ण पर्यटकहरूका भ्रमणका उद्देश्य एकै प्रकारका हुँदैनन् । उनीहरूका उमेर, इच्छा, प्राथमिकता, बसोबास, आर्थिक, सामाजिकर शैक्षिक पृष्ठभूमि, धार्मिक आस्था अनुसार व्यक्तिव्यक्तिका रुची र गन्तव्य फरक हुने गर्दछन् । धर्मप्रति आकर्षण भएकाहरू धार्मिक स्थलहरूको दर्शन र पूजाआजामा रमाउँछन् भने सांस्कृतिक पक्षमा रुचि भएकाहरू स्थानीय कलासंस्कृति हेर्ने, संग्रहालय भ्रमण गर्ने, चाडपर्व र खानपानमा सरिक हुने, रहनसहन बुझ्ने जस्ता काममा अभिरुची राख्छन् । विशेष गरी युवावर्गको रुचि स्वच्छ वातावरणमा विभिन्न गतिविधि जस्तै पदयात्रा, साइकलयात्रा, खानपान, गीतसंगीत आदिमा हुन्छ भने

साहसिक पर्यटन मन पराउनेहरू नेपालजस्तो विविधतापूर्ण भौगोलिक धरातल भएको देशमा राफ्टिङ, क्यानोनिङ, स्किइङ, बन्जीजम्पिङ, प्यारागलाइडिङ, पर्वतारोहण जस्ता बढी रोमाञ्चक र खतरापूर्ण खेलको आनन्द लिन चाहन्छन् ।

नागार्जुन नगरमा अनेकौं सांस्कृतिक र धार्मिक सम्पदाहरू विद्यमान छन् । यहाँका अनेकौं प्राचीन सभ्यता, संस्कार, चाडपर्व, मेलामहोत्सव, कला, धर्म र संस्कृतिको विशिष्ट महत्व छ । यी यावत् सम्पदाहरूको उपस्थिति आफैंमा नगरवासीका लागि गौरवको विषय हो । तर यो गौरवलाई त्यतिमै सीमित राखी रमाउनुको साटो यसलाई स्थानीय जनताको आर्थिक विकासको अनुपम अवसरका रूपमा विकास गर्न सकिन्छ भन्ने सोच ब्यापक रूपमा बन्नु जरुरी छ । प्रचूर सांस्कृतिक र धार्मिक सम्पदा भएको, विशिष्ट ऐतिहासिक पहिचान बनाएको, राजधानीसँगै जोडिएको, यातायातको सुविधा भएको र चन्द्रागिरी, कीर्तिपुर नगरपालिका लगायत छिमेकी जिल्ला धादिङ्ग सीमानामै रहेको यो क्षेत्र समग्र पर्यटनको विकासको दृष्टिले अत्यन्त सम्भावनायुक्त गन्तव्य हो । पर्यटनको व्यवस्थित विकासको माध्यमबाट आर्थिक समृद्धिको भाग्यरेखा कोर्न सकिने प्रशस्त संभावनाहरू यस नगरपालिकामा देखिन्छन् ।

स्थानीय स्तरको पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रको मुख्य भूमिका हुन्छ । तर तिनीहरूको प्रयासले मात्र यो सम्भव हुँदैन, सरकारी स्तरबाट पूर्वाधार निर्माण र सहजीकरण हुनु जरुरी छ । नागार्जुन नगरपालिकाका वार्षिक कार्यक्रमहरूमा सडक निर्माणले विशेष प्राथमिकता पाएको छ । त्यस्तै, पछिल्ला वर्षहरूमा स्थानीय नै जागरुक भई फलफूल उत्पादन, कृषि तथा पशु विकासलाई प्राथमिकता दिइएको देखिन्छ । फलफूल खेती बिकास र बिस्तारका कार्यक्रम राखिएको छ । कृषि पेशामा युवाहरूको आकर्षण वृद्धि गर्न युवा स्वरोजगार लक्षित कार्यक्रमहरू संचालन गरिएका छन् । मासु उत्पादनमा थप लगानी गर्न प्रोत्साहन, व्यावसायिक प्रयोजनका लागि जंगली पशुपंक्षीको फार्म खोल्न प्रोत्साहन, दूध, मासु र फुलमा गुणस्तरीय उत्पादनका लागि कृषकहरूलाई तालीम तथा क्षमता अभिबृद्धि, माछापालन प्रति कृषकहरूलाई आकर्षित गर्न थौरै भएपनि विभिन्न कार्यक्रमहरू नगरपालिकाले अघि सारेको छ । यी कार्यक्रमहरूले नगरपालिका स्तरमा पर्यटन उद्योगलाई मद्दत पुग्ने अनुमान गर्न सकिन्छ । त्यसो हुँदा वडामा पनि पर्यटन उद्योग बिस्तारका लागि अनुकूल वातावरण तयार हुन सक्छ ।

पर्यटकहरू आकर्षित गर्न सर्वप्रथम स्थानीय स्तरमा व्यावसायिकताको विकास हुनु जरुरी छ । उनीहरूको बसोबास र खानपानमा स्तरीय सेवा प्रदान गर्नु अत्यन्त महत्वपूर्ण पक्ष हो । चाहे विदेशी हुन् चाहे स्वदेशी, सबै पर्यटकले स्तरीय सेवाको अपेक्षा गर्छन् । सरोकारवालाहरूले यस कुरालाई मनन गरी पर्यटन व्यवसायको व्यवस्थित रुपले विकास गर्न प्रोत्साहित गरिदिनुपर्ने हुन्छ

। पर्यटन व्यवसायमा विस्तार भएमा स्थानीय स्तरका कृषि, पशुपालन, फलफूल उत्पादनहरूले उपयुक्त बजार र मूल्य पाउने भई यी तमाम् उत्पादनहरूले स्थानीय अर्थतन्त्रमा ठूलो टेवा पुर्याउँछन।

यस विश्लेषणका आधारमा नागार्जुन नगरपालिका भित्र समग्र पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि निम्नबमोजिमका उपक्षेत्रहरूमा केन्द्रित हुनु जरुरी देखिन्छः

- आन्तरिक पर्यटन
- धार्मिक — सांस्कृतिक पर्यटन
- साहासिक पर्यटन
- ग्रामीण पर्यटन
- एतिहासिक पर्यटन
- मनोरञ्जन पर्यटन
- खानपान पर्यटन
- प्राकृतिक पर्यटन
- खेलकूद पर्यटन
- कृषि पर्यटन
- स्वास्थ्य तथा आध्यात्मिक पर्यटन
- साहित्यिक पर्यटन
- पदयात्रा मार्गहरु

### ६.१ आन्तरिक पर्यटन

सन् २०२० को शुरुवातदेखि पूरा विश्व नै कोभिडबाट नराम्ररी प्रभावित हुँदा संसारभरिकै अर्थव्यवस्था धराशायी भयो । विश्वकै पर्यटन व्यवसाय जोखिममा पर्दा स्वाभाविक रूपमा नेपाल पनि यसको असरबाट अछुतो रहन सकेन । त्यस वर्षदेखि हालसम्म नै विदेशी पर्यटकहरू नराम्रो गरी घट्दा नेपालको पर्यटन क्षेत्रले ठूलो मार सहनु परिरहेको थियोतर २०२२ र २०२३ साथै २०२४ को ६ महिनाको तथ्याङ्क हेर्ने हो भने पर्यटन क्षेत्र थप झाँगिदै गएको देखिन्छ।

कोभिड पश्चात सन् २०२२ देखि नेपालमा आन्तरिक पर्यटन भने बिस्तारै केही बढेको छ । लामो समयदेखि देशविदेश घुम्न नपाएका विशेष गरी शहरी क्षेत्रका मध्यम आयस्तरका बासिन्दाले कोभिड बिरुद्धको खोप पनि लिइसकेका छन् । यस वर्गका व्यक्तिहरू र परिवारलाई पोखरा, सौराहा, लुम्बिनी लगायतका पर्यटकीय ठाउँहरूले पुनः आकर्षित गर्न थालेका छन् ।

काठमाडौंवासी नेपालीहरूलाई नागार्जुनका धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाहरूप्रति आकर्षित गराउन सकिने बलियो सम्भावना देखिन्छ । धेरै वैभवले सम्पन्न भएको, धार्मिक-सांस्कृतिक र साहसिक पर्यटनको विकासका सम्भावनै सम्भावना भएको स्थल भएको हुँदा बाह्य पर्यटक नआइरहेको वर्तमान अवस्थामा नागार्जुनमा आन्तरिक पर्यटन उद्योगबाट निजी क्षेत्रलाई केही राहत मिल्ने हुन्छ । स्थानीय स्तरको दीर्घकालीन योजनाका माध्यमबाट उद्यमशीलताको विकास, लगानीलाई प्रोत्साहन, सेवाप्रवाहमा गुणस्तरीयताको अभिबृद्धि जस्ता रणनीतिहरू तर्जुमा गरी आन्तरिक पर्यटनलाई व्यवस्थितगर्न सकियो भने दीर्घकालमा स्थानीय जनताको आयस्तर बढ्न सक्ने अनुमान गर्न सकिन्छ ।

आफ्नो घरआँगनमै रहेका प्रसिद्ध ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, पौराणिक र प्राकृतिक स्थलहरूको संरक्षण गरी तिनलाई आर्थिक विकासका अवसरहरूसँग जोड्ने प्रयासमा स्थानीय सरकार र व्यवसायी केन्द्रित भएमा मात्र पर्यटकीय महत्वका यी सम्पदाहरूबाट स्थानीय जनताले राम्रो आर्थिक लाभ पाउन सक्छन् । नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६ २०२५) ले पनि नेपालमा आन्तरिक पर्यटनको विकासको ठूलो सम्भावना रहेको पुष्टि गरेको छ ।

यस पृष्ठभूमिमा पर्यटन व्यवसाय सम्बन्धी ज्ञान र शीप भएका तालीमप्राप्त व्यक्तिहरूको सहभागिता, सक्रियता, निर्देशन र अनुगमनमा स्वस्थकर स्थानीय खानपीन एवं बसोबासको सुनिश्चितता गरिएमा नागार्जुन नगरपालिका क्षेत्रमा आन्तरिक पर्यटकको सम्भावना बढेको देखिन्छ । नागार्जुन नगर भित्र पर्यटकलाई आकर्षण गर्न सक्ने अनेकौं स्थल हुँदा आन्तरिक पर्यटनको बिस्तारको बलियो सम्भावना छ । उचित व्यवस्थापन र प्रचारप्रसार भएमा यो नगरपालिका राजधानीवासी र देशै भरिका मध्यमवर्गीय परिवारहरूको आकर्षणको केन्द्र बन्ने सम्भावना छ ।

## ६.२ धार्मिक - सांस्कृतिक पर्यटन

नेपालमा पहिलो पञ्चवर्षीय योजनाकाल (२०१३ , २०१८) देखि नै पर्यटन विकासका लागि धार्मिक-सांस्कृतिक सम्पदाको संरक्षण हुनुपर्ने कुरालाई महत्व दिइएको पाइन्छ । त्यसपछिका प्रत्येक योजनामा धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षणलाई प्राथमिकतामा राखिएको छ ।

नेपाल सरकारको मौजुदा पर्यटन नीति (२०६५) मा पनि पर्यटन विकासका लागि सांस्कृतिक सम्पदाको संरक्षण तथा विकासमा जोड दिइएको छ । पर्यटन नीतिका ४ वटा उद्देश्यहरूमध्ये एउटामा "देशका मूर्त , अमूर्त प्राकृतिक, सांस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरूको खोज, संरक्षण, सम्वर्द्धन एवं विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्यस्थलको

रूपमा विकास गर्ने" कुरा स्पष्टसँग उल्लेख गरिएकाले देशको पर्यटन उद्योगको बिस्तारमा सांस्कृतिक सम्पदाको महत्व स्थापित हुन्छ ।

नेपाल आउने कुल विदेशी पर्यटकहरू मध्ये भारतीय पर्यटकको संख्या सबैभन्दा बढी हुने गरेको छ । कोभिडपूर्व पर्यटन व्यवसाय सामान्य रहेको अवस्थाको विश्लेषण गर्दा सन् २०१९ मा नेपाल आएका कुल विदेशी पर्यटक ११,९७,१९१ मध्ये २,५४,१५० (२१.२५) त भारतीय मात्र थिए । संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयबाट प्रति वर्ष प्रकाशित हुने वार्षिक तथ्यांकमा हवाई मार्ग तथा स्थल मार्गबाट आएका अन्तर्राष्ट्रिय पर्यटकहरू समावेश गरिएका हुन्छन् भने भारतीयका हकमा हवाई मार्गबाट आएकाको मात्र गणना गरिएको हुन्छ । हवाई मार्गबाट आएका भारतीय पर्यटकभन्दा पाँच गुणा बढी त्यस देशका पर्यटक स्थलमार्गबाट आउने गरेको कुरा सोही मन्त्रालयबाट सन् १९१८ मा प्रकाशित एउटा अध्ययन प्रतिवेदनमा जनाइएको छ। यी दुवै मार्ग गरी नेपाल आउने भारतीय पर्यटकहरूको संख्या बर्सेनि बढिरहेको छ । यीमध्ये ठूलो संख्या धार्मिक पर्यटनमा आएका हुन्छन्।



नागार्जुन नगरपालिका क्षेत्रमा अवस्थित श्री आदेश्वर, इचङ्गुनारायण र आकाश भैरवको महिमा बारे सर्वप्रथम त देशभरिकै आन्तरिक पर्यटकहरूमा प्रचारप्रसार गर्नु जरुरी छ । त्यसका अतिरिक्त यस क्षेत्रमा रहेका अन्य देवीदेउता र चाडपर्व बारेमा काठमाडौं उपत्यकामा बसोबास गर्ने ठूलो जनसंख्यालाई आकर्षित गर्न लक्षित प्रवद्र्धनात्मक कार्यक्रमहरू संचालन गर्नु जरुरी छ । त्यस्तै, भारतबाट श्री पशुपतिनाथको दर्शन गर्न आउने धार्मिक पर्यटकहरूलाई यहाँ आकर्षित गर्न सकिएमा यस नगरपालिका क्षेत्रमा धार्मिक , सांस्कृतिक पर्यटन प्रवद्र्धनको अत्यन्त ठूलो सम्भावना देखिन्छ । पर्यटन व्यवसायमा प्रत्यक्ष रुपमा निजी क्षेत्रको संलग्नता हुने हुँदा प्रवर्द्धनात्मक कार्यका लागि नगरपालिकाबाट निजी क्षेत्रलाई उदारतापूर्वक प्रोत्साहित गरिनु पर्दछ ।

त्यस्तै, यस नगरमा अनेकौं सानाठूला बौद्ध गुम्बाहरू छन् । सेतो गुम्बा, रातो गुम्बा, पहेँलो गुम्बा, आनी गुम्बा र हसन्टार गुम्बा साथै चाकलापुरमा रहेको पुरानो रामकोट स्तूपा यसै नगरभित्र रहेका छन्। तीमध्ये कतिपयमा भिक्षुहरूलाई बौद्ध धर्म र दर्शन बारेमा औपचारिक शिक्षा पनि प्रदान गरिन्छ । यी विषयमा रुचि राख्ने विदेशी पर्यटकहरूलाई निजी क्षेत्र मार्फत ती गुम्बाहरूको भ्रमणमा आकर्षित गर्न सकियो भने उनीहरूको बसाइ लम्बिन गई समग्र नगरकै पर्यटनको प्रवर्द्धनमा सघाउ पुग्ने छ ।

### ६.३ साहसिक पर्यटन

सन् १९४१ मा बेलायती सर्भेयर जनरल जर्ज एभरेस्टले नेपाली हिमश्रृङ्खलाको एउटा चुलीलाई विश्वकै सबैभन्दा अग्लो स्थान भनी चिनाएपछि हिमालमा रुचि राख्ने विश्वभरिकै साहसिक पर्यटकहरूका लागि यो देश एउटा गन्तव्यका रुपमा स्थापित भएको छ । तथापि, त्यस बखतमा नेपालमा राणा शासन व्यवस्था रहेको हुँदा र यातायातका पूर्वाधारहरूको विकास शून्यप्रायः रहेको हुँदा विदेशी पर्यटकहरूको आवागमन सजिलो थिएन । सन् १९५१ मा देशमा प्रजातन्त्र आएपछि नेपालका भौगोलिक सीमाहरू विदेशीहरूका लागि खुला गरिएका हुन् । सन् १९५३ मा न्युजिल्यान्डका एडमन्ड हिलारी र नेपालका तेन्जिङ नोर्गेले त्यही सर्वोच्च चुचुरा सगरमाथाको सफलआरोहण गरेपछि यो देश पर्वतारोहणका लागि संसारभरिकै आकर्षणको केन्द्र बनेको छ । पछिल्लो कालखण्डमा पर्वतारोहणका अतिरिक्त पदयात्रा, जङ्गल सफारी, शिकार, राफ्टिङ, क्यान्योनिङ, रक क्लाइम्बिङ, बन्जी जम्पिङ, प्याराग्लाइडिङ जस्ता साहसिक पर्यटनमा रुचि राख्ने विशेष गरी पश्चिमी देशहरूका युवकयुवती नेपाल आउन थालेका छन् ।




हिजोआज नेपाली युवावर्गमा पनि आन्तरिक पर्यटनप्रतिको चाख बढेर गएको पाइन्छ । उनीहरूमा पदयात्राप्रति रुचि बढेको पाइन्छ । विशेष गरी काठमाडौं उपत्यकावासी युवावर्गमा छेउछाउका ठाउँको भ्रमणमा जाने, खुला ठाउँमा पदयात्रा गर्ने, एक रात वास बस्ने चलनको

विकास भएको देखिएको छ । त्यस्ता पर्यटकका लागि नागार्जुन उपयुक्त गन्तव्य हुन सक्छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र नेपाल पर्यटन बोर्डको सहभागितामा संचालित जीविकोपार्जन पुनरुत्थानका लागि दीगो पर्यटन परियोजना ( Sustainable Tourism for Livelihood Recovery Project – STLRP ) सँग सहकार्य गर्दै विभिन्न साहासिक कार्य संचालन गर्न सकिन्छ। नागार्जुन नगरपालिका भित्रका १, २, ३, ६, ७ र ८ वडालाई जोडेर साइकलयात्रा ( Cycling ) का लागि उपयुक्तमार्ग( Trail )भएकोले नगरपालिकाले चासो लिनुपर्ने हुन्छ।

नेपाली युवकयुवतीको साहसिक पर्यटनप्रतिको आकर्षण बढेर गएको तथ्य विश्लेषण गर्दा दक्षिणकाली नगरपालिका क्षेत्रमा अग्लाअग्ला डाँडा र रमणीय पदमार्गहरू भएका, राजधानीबाट नजिक रहेको र आउनजान सडकको राम्रो व्यवस्था भएको हुँदा विशेष गरी पदमार्गमा रुचि हुने आन्तरिक पर्यटकलाई सप्ताहान्तमा यहाँ आकर्षित गर्न सकिन्छ । छोटो र लामो दूरीका पदयात्रा र जंगल सफारी, प्याराल्याइडिङ्ग आदीको सम्भाव्यता रहेकोले उचित अध्ययन गरी सञ्चालन गर्न सकिन्छ।

### ६.४ ग्रामीण पर्यटन



ग्रामीण पर्यटनमा भ्रमणकर्ताले शहरको भीडभाडबाट केही परको प्राकृतिक वातावरणमा संलग्न भएर स्थानीय कृषि, ग्रामीण जनजीवन र संस्कृतिको प्रत्यक्ष अवलोकन गर्न पाउँछ । यस किसिमको पर्यटनबाट एकातिर वातावरण तथा संस्कृतिको संरक्षण, स्थानीय प्राकृतिक सम्पदाको सदुपयोग र रोजगारीको सिर्जना भई स्थानीय जनसंख्यालाई प्रत्यक्ष प्रभाव पार्दछ भने पर्यटकले कम जनघनत्वको, जमीनमा कृषि र वनजंगलको बाहुल्य भएको एउटा छुट्टै वातावरणमा रहेर परम्पागत सामाजिक संरचना र जीवनपद्धतिलाई नजिकबाट अनुभव गर्दै आरामदायी बास र स्वादिष्ट स्थानीय भोजनको आनन्द लिन पाउँछ ।

मौजुदा पर्यटन नीति २०६५ का उद्देश्यहरूमध्ये पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्नु पनि एउटा रहेको छ । पर्यटन उद्योगबाट हुने लाभलाई ग्रामीण तहसम्म

पुर्याउन सकिएमा मात्र ठूलो जनसंख्या लाभान्वित हुने हुँदा यस नीतिले ग्रामीण पर्यटनका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार हुने अपेक्षा गरेको छ ।

पछिल्ला वर्षहरूमा नेपालका शहरबासीहरूमा गाउँतिर घुम्न जाने प्रबृत्ति बढेको छ । राजधानीबाट नजिक रहेको यस वडाका ग्रामीण क्षेत्रमा स्थानीय खाना, रहनसहन, संस्कृति आदि बारेमा प्रत्यक्ष अनुभव गर्न सकिने हुन्छ । यो यथार्थ बुझेर वडाभित्रको ग्रामीण परिवेशमा उपत्यकाका तीन ठूला शहरहरू काठमाडौं, ललितपुर र भक्तपुरका परिवारहरूलाई लक्षित गरी भ्रमणका कार्यक्रमहरू राख्न सकिएमा यस स्थानमा ग्रामीण पर्यटनको सम्भावना देखिन्छ । हरदम ख्याल गर्नुपर्ने कुरा चाहिँ के हो भने व्यापार व्यवसाय गर्ने जिम्मेवारी निजी क्षेत्रलाई छाडिदिनुपर्ने हुन्छ र सरकारले यसका लागि उपयुक्त वातावरण बनाई सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

नागार्जुन नगरपालिका भित्र रहेका १, ३, ६, ७ र ८ वडाहरुमा भौगोलिक बनोट, सामुदायिक बन जंगल र पर्यावर्णीय हिसावले निकै नै उत्कृष्ट स्थानहरु भएकोले ग्रामीण परिवेश र स्थानीय विभिन्न जनजाती, उहाँहरुको भाषा, संस्कृति, रहनसहन र खेतीपातीलाई नै महत्व दिई विभिन्न ठाँउमा ग्रामीण पर्यटनमास्थानीय स्रोत नै उपभोग गरी अर्गानिक विशेषतालाई जोड दिई सञ्चालन गर्न सकिने प्रचुर सम्भावना छ।

## ६.५ मनोरञ्जन पर्यटन

मनोरञ्जन वा दिन बहलाउने उद्देश्यले गरिने भ्रमण र घुमफिर गर्ने कार्य नै मनोरञ्जन पर्यटन हो। विभिन्न तथ्याङ्क अनुसार नेपालमा धेरै संख्यामा विदेशी पर्यटकहरु मनोरञ्जन र आनन्दप्राप्तिको लागि आउने गर्दछन्। नागार्जुन नगरपालिका भित्र मनोरञ्जन प्राप्तिका लागि त्यस्तो कुनै संरचना नभएपनि विभिन्न पूर्वाधारहरु निर्माण गरी थप पर्यटक आकर्षिक गर्न सकिन्छ। Water Park, Theme Park, Recreational Park, Amusement Park, आदीको अवधारणा विकास गर्ने हो भने मनोरञ्जन पर्यटनलाई विकास गर्न सकिन्छ।

## ६.६ ऐतिहासिक पर्यटन

ऐतिहासिक स्थलको भ्रमण, अवलोकन र उक्त स्थलको अध्ययन नै ऐतिहासिक पर्यटन हो। नागार्जुन नगरपालिका आफैंमा पौराणिक ईतिहास र विभिन्न कालखण्ड सँग जोडिएको स्थल हो। नागार्जुन-७ र १० लाई पृथ्वीनारायण शाहसँग जोडि ऐतिहासिक पर्यटकीय संचालन गर्न सकिन्छ। पृथ्वीनारायण शाहले बनाएका विभिन्न किल्ला, कोतघर, मन्दिर, गढी, पोखरी आदीको अवलोकन गर्न सकिन्छ। नागार्जुन-७ गुमुजमा रहेको राणाकालिन पर्खाल, वडा नं ८ मा रहेको

कलात्मक ढुङ्गेधारा, जंग बहादुर राणाले ऐन निर्माणको क्रममा बसको ऐन डाँडा, नागार्जुन ६ मा रहेको पञ्चकन्या मन्दिर र त्यहाँको शिलालेख, नागार्जुन-३ मा रहेको वीर भगवती मन्दिर र विभिन्न राणाकालिन दरवार (हाल नरहेको तर पुन जीवित गर्न सकिने), आदी स्थानहरुलाई ऐतिहासिक पर्यटकीय सम्भावना बोकेको क्षेत्रमा विकास गर्न सकिन्छ। उचित संरक्षणको कमि, स्थानीय जागरुक नहुँदा र ईतिहास विर्सदै गर्दा उक्त सम्पदाहरुको अस्थित्व मेटिँदै गएको देखिन्छ।

## ६.७ खानपान पर्यटन

नागार्जुन नगरपालिका स्थानीय उत्पादन उपभोग गरी विभिन्न खानपानको व्यवस्था मिलाउन सकिन्छ। यहाँ रहेका विभिन्न जनजाति र उनीहरुको खानपान आकर्षक छ। शहरी क्षेत्रमा बसोबास गर्ने नेवार समुदायको छुट्टै किसिमको खानपान र विभिन्नता ज्यादै आकर्षक र स्वादिष्ट छ। त्यसैगरी ग्रामीण भेगमा बस्ने तामाङ, क्षेत्री, ब्राह्मण र अन्य समुदायमा पनि आ आफ्नै खानपान शैली भोज आदी  प्रचलित र आकर्षक छ जुन पर्यटकसँग जोडेर राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा प्रचार प्रसार गर्न सकिन्छ। स्थानीय उत्पादनको रुपमा नगर भित्र विभिन्न खानपान महोत्सव गरी प्रचार प्रसार जगेर्ना र स्थानीय उत्पादनलाई Branding गर्न सकिन्छ। विभिन्न तालिम दिई स्थानीयलाई सवल बनाइ वेरोजगारी न्यूनीकरण, स्थानीय उत्पादनलाई महत्व र पर्यटकीय आकर्षणको रुपमा खानपान पर्यटनलाई प्रचार गर्न सकिने सम्भावना निकै छ।

## ६.८ प्राकृतिक र पर्या-पर्यटन


पर्यटनको क्षेत्रमा वातावरण र जैविक विविधताको संरक्षणको साथै स्थानीय जनताको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुर्याउने वातावरणमैत्री पर्यटन नै पर्यापर्यटन हो। नेपाली परिवेशमा पर्या पर्यटनको उद्देश्य पर्यटन र वातावरण वीच उचित सम्बन्ध राखी पर्यटनको माध्यमबाट स्थानीय ग्रामीण अर्थतन्त्रलाई माथि उठाउन सकियोस। नागार्जुनको पश्चिमी क्षेत्रबाट मात्र काठमाडौंलाई चाहिने ४० प्रतिशत अक्सिजन उत्पादन हुन्छ।



पदयात्रा, जंगल सफारी, गुफाको यात्रा, जंगली जनावर, चराचुरुङ्गी अवलोकन, गाउँवस्तीको

अनुपन मौलिकता आदी प्राकृतिक पर्यटनको लागि प्रमुख प्राकृतिक आधारहरु हुन। प्राकृतिक रुपमा रहेका सम्पदाको संरक्षण र भौतिक विकास गरी पर्यटकहरुलाई भ्रमण गर्ने वातावरण बनाउनुपर्छ। पर्यटनको क्षेत्रमा पर्या पर्यटनको विकास गर्न प्रकृति पर्यटन, पर्यावरणीय पर्यटन र शान्त पर्यटन लगायत पर्यटकहरुलाई सेवा दिन सक्नुपर्दछ। पर्या पर्यटन वातावरण प्राकृतिक र सांस्कृतिक धरोहरहरुको संरक्षणको लागि प्रोत्साहन गर्दै स्वच्छ प्राकृतिक सुन्दरता हेर्न आउने र त्यस ठाउँका रुख, विरुवा, जनावरहरु अध्ययन गर्न आउने पर्यटकहरुबाट आय आर्जन गर्न सकिने माध्यम पनि हो। पर्या पर्यटन प्राकृतिक सुन्दरतामा रमाउने पर्यटन हो।

## ६.९ खेलकूद पर्यटन



खेलकूद एउटा  यस्तो विधा हो जसले हरेक क्षेत्रलाई समेटेको हुन्छ। अझ भन्नुपर्दा खेलकूद अव मनोरञ्जनको क्षेत्र मात्र रहेन यो त अर्थ व्यवस्थासँग जोडिएको महत्वपूर्ण पाटो बनिसकेको छ। खेलकूदको प्रभाव नेपालमा पनि ठूलो छ। अझ नेपालमा बढ्दो खेलकूद गतिविधि सँगै खेल क्षेत्रका दायराहरु पनि फराकिलो बन्दै गइरहेको छ। यसलाई पर्यटकीय हिसावले हेर्दा नेपालमा विभिन्न साहासिक खेलकूदका प्रतियोगिताहरु हुन्छन। जसले पर्यटन क्षेत्रको विकासका लागि महत्वपूर्ण भुमिका खेल्दै छ। नागार्जुन नगरपालिकामा खेल मैदान र सम्भावित खेलकूद गतिविधिको सम्भाव्यता प्रवल छ। प्रचुर सम्भावना रहेको फुटवल, भलिवल, बास्केटवल र विभिन्न इनडोर खेलकूद हरु पर्यटनसँग जोड्न सकिन्छ। नागार्जुन ७ मा रहेको खड्कुले चौरमा अन्तराष्ट्रिय फुटवल संचालन गर्न सकिन्छ र अन्य खेलमैदानको स्तरोन्नती हुने हो भने नागार्जुन नगरपालिका भित्र विभिन्न खेलकूद संचालन गरी आन्तरिक पर्यटक तान्न सकिन्छ।

साथै खेलकूदमा भविष्य देख्ने युवाहरुलाई अझै प्रोत्साहन गर्न सकिन्छ। नागार्जुन १० मा रहेको अन्तराष्ट्रिय स्तरको कभर्ड हलमा विभिन्न खेलकूदको आयोजना गरी वडा र नगरले राम्रो आम्दानी

गर्न सक्छ। साइक्लिङ्ग प्रतिस्पर्धा, म्याराथन आदी पर्यटन क्षेत्रसँग जोडी नागार्जुनको खेलकूद पर्यटन विकास गर्न सकिन्छ। स्थानीय र परम्परागत खेल सहित विभिन्न पाहुना खेलहरुलाई समेत समावेश गरी पर्यटनलाई प्रवर्द्धन गर्ने योजना बनाउन सकेको खण्डमा स्वदेशी उत्पादन र मौलिक पहिचानको नेपाली सभ्यतालाई विश्वमा स्थापित गर्न सहज हुनेछ।

## ६.१० कृषि पर्यटन



कृषि पर्यटन समग्र पर्यटनको अर्को क्षेत्र हो। जुन नेपालमा विगत केही वर्षदेखि विकास हुँदै आएको छ। कृषि पर्यटनको अवधारणा इटालीमा इ सं १९७० को दशकको अन्त्य तिर सुरु भयो जवकी नेपालमा कृषि पर्यटनको इतिहासको बारेमा कुनै आधिकारिक अभिलेख छैन। फार्म भित्र र वरपर भएका कुनै पनि गतिविधि जस्तै शैक्षिक ज्ञान, खेतिपातीको गतिविधि हेर्ने, गाईवस्तु पालन, पुरानो विधि द्वारा गरिने खेती, नयाँ विरुवाको विजारोपन, अर्गानिक मल उत्पादन गर्ने, विरुवाहरुको हेरचाह गर्ने वा कुनै पनि प्रकृतिमा आधारित गतिविधिहरु र आकर्षणहरु कृषि पर्यटनका अपरिहार्य पक्षहरु हुन्। कृषि पर्यटन व्यवसायीहरुले पर्यटकहरुलाई स्थानीय रुपमा उब्जिएको खाद्य वस्तुहरुको उत्पादन र प्रसोधनको प्रक्रिया प्रत्यक्ष प्रस्तुत गर्नका निमित्त फार्म भ्रमण पनि प्रदान गर्दछन। यसका साथै किसानहरुले पर्यटकहरुलाई फार्म वा वरपरको परिसरमै घरबासको अवसर प्रदान गरी फार्म गतिविधिहरु र खाद्य प्रणाली सम्बन्धी आधारभूत शिक्षा पनि दिने गर्दछन।

नागार्जुन नगरपालिका भित्र रहेका वडा न् ३, ६, ७ र ८ मा कृषि पर्यटनको प्रवल सम्भावना थियो। तर विगत केही वर्ष यता यसको सम्भावना न्यून हुँदै गएको छ। खेती योग्य भूमि माँसिदै गएको, बढ्दो शहरीकरण, उचित सिंचाई नभएको, उत्पादित वस्तुको बजारीकरण आदीले गर्दा कृषि पर्यटनको सम्भावना खुम्चिदै गएको छ। एक तर्फ कृषि योग्य भूमि खुम्चिनु, अर्को तर्फ कृषिमा आश्रित जनसंख्यामा पनि कमि हुँदै जानु, खेती योग्य जमिन बाँझो राखी र खेतियोग्य जमिन मासेर कङ्क्रिट शहर बसाउने परिपाटीका कारण पनि नागार्जुन नगरपालिका भित्र कृषि पर्यटन मासिँदै गएको छ। तथापी टनेल फार्मिङ्ग (बागवानी) खेती प्रणालीबाट फूलखेती, बेमौसमी

तरकारी उत्पादन, गाई/भैँसी/बाख्रापालन, कुखुरा तथा कालिज पालन, जैविक तरकारी उत्पादन, माछापालन आदी गर्रिंदै आएको छ।

### ६.११ स्वास्थ्य तथा आध्यात्म पर्यटन

स्वास्थ्य पर्यटन (मेडिकल टुरिजम) भनेको सहज र सर्वसुलभ रुपमा स्वास्थ्य सेवाहरुको खोजी गरी त्यसको सुविधा भोग गर्न एक देश वा भूगोलबाट अर्को देशमा जाने प्रक्रिया हो। यस अन्तर्गत विशेषगरी चिकित्सकीय परीक्षणहरु, जटिल प्रकारका स्वास्थ्य सेवाहरु, आयूर्वेदिक उपचार, योग, ध्यान, प्राणायम , मिसावट रहित खानपिन जस्ता कुराहरु पर्दछन। नगरको समृद्धिको विभिन्न आयाम मध्ये स्वास्थ्य पर्यटन एउटा माध्यम बन्न सक्छ।



नागार्जुन नगरपालिका भित्र रहेको स्वच्छ वातावरण, ताजा हावा, चराचुरुङ्गिको आवाज, योग तथा ध्यान गर्न उपयुक्त स्थलहरु प्रमुख सम्भावना रहेका छन्। स्वास्थ्य उपचारका लागि प्राचिन पद्दति अपनाइ जडिबुटी वा अन्य आयूर्वेदिक पद्दतिबाट उपचार गर्न सकिने सम्भावना उत्तिकै प्रवल छ र यसलाई विकास पनि गर्दै लैजानुपर्नेछ। यसै गरी ठूला अस्पताल, केन्द्र, योगाश्रम, ध्यान आश्रम बनाउन जरुरी देखिन्छ। यसले मात्रै पनि नागार्जुन नगरपालिका भित्र स्वास्थ्य र आध्यात्मिक पर्यटनको सम्भावना प्रचुर छ।

### ६.१२ साहित्यिक पर्यटन

साहित्य आफैंमा एक उत्कृष्ट विधा हो जहाँ हर कोहीले आफ्ना भावना पोख्न सक्छन्। नागार्जुन नगरपालिका भित्र त्यस्ता विभिन्न प्रेरक स्रोतहरु छन् जसले जो कोहिलाई पनि कुनै न कुनै रुपमा साहित्य प्रति आकर्षिक गर्न सक्छ। यहाँको कला, सँस्कृति, हावापानी, प्राकृतिक सौन्दर्य, ऐतिहासिक स्थल आदि बाट प्रेरित हुन सकिन्छ। एकपटक महाकवि लक्ष्मी प्रसाद देवकोटा पनि एक हप्ताको लागि आदेश्वर महादेव मन्दिरमा आएर बस्नु भएको सन्दर्भ जोडिएको छ। महाकवि लक्ष्मी प्रसाद देवकोटा औषधि उपचारको लागि आएको र औषधी उपचारका लागि मामाहरुले महादेवको मन्दिर पछाडी कुखुरा काटेको जुन पछि लक्ष्मी प्रसाद देवकोटाको श्रीमतीले थाहा

पाएपछि उहाँहरु बीच खटपट परेको थियो। त्यही कुखुरा काटेको कुरालाई लिएर लक्ष्मी प्रसाद देवकोटाले "चिकेन ब्रथ" भन्ने निबन्ध पनि लेख्नु भएको थियो।

*स्रोत- "साप्ताहिक" शुक्रबार कान्तिपुर पब्लिकेशन प्रा.लि. २०५६/०८/०६*

### ६.१३ पदयात्रा मार्गहरुको सम्भावयता



नागार्जुन नगरपालिका पदयात्राको लागि निकै नै उपयुक्त क्षेत्र हो। नगरपालिका भित्र विभिन्न पदयात्रा मार्ग बनाइ सञ्चालन गर्न सकिन्छ। विशेष गरी दुई किसिमको पदयात्रा- शहरी क्षेत्र र धार्मिक स्थल जोडि र अर्को धार्मिक र ग्रामिण भेगलाई समेटी पदयात्रा संचालन गर्न सकिन्छ। सांस्कृतिक, प्राकृतिक र ग्रामिण भेगलाई समेटी यात्रा योजना छोटो, एक दिनको, केही दिनको बनाउन उपयुक्त देखिन्छ।नागार्जुन १ बाट शुरु गरी २, ३, ५, ६, ७ र ८ वडा लाई समेटी नागार्जुन सर्किटको योजना बनाउन सकिन्छ भने विद्यार्थी र स्थानीयहरुलाई उपयुक्त हुने गरि १ दिन वा केही घण्टाको पदयात्रा सञ्चालन गर्न सकिन्छ।

जामाचो, नागार्जुन डाँडा, बतासे डाँडा, भिरकोट, थाप्ले, चापावन, अदुवावारी सामुदायिक वन हुँदै हसनटार सम्म लामो दुरीको पदयात्रा गर्न सकिन्छ। अन्य एक दिनका लागि भने छोटो दुरीका (४-६ घण्टा सम्मको) पदयात्रा सञ्चालन गर्न सकिन्छ। यहाँका विद्यालयका शैक्षिक गतिविधिका रुपमा पदयात्रालाई अनिवार्य गर्न सके नगरलाई आम्दानी, स्थानीयलाई आम्दानी, स्थानीय श्रोतको उपयोग साथै रोजगारीको अवसर सिर्जना गर्न सकिन्छ।

**प्रस्तावित पदमार्गहरुः**

१। महाँकाल मन्दिर- हुँदै न्यौपाने खोल्सी - खड्कुले चौर - विन्ध्यावासीनी मन्दिर - चापावन हुँदै भिमढुङ्गा नर्सरी सम्म

२। महांकाल मन्दिर - पुरीगाउँ - खड्कुले चौर - विन्ध्यावासिनी मन्दिर -इन्द्रदह -सोतीगाउँ - रामकोट

३। महांकाल - कछाडथोक -घट्टेखोला -भिरकोट - थाप्ले - भिमढुङ्गा - इन्द्रदह - छापेचौर - खड्कुले चौर - हसनटार गुम्बा - गुमज

४। पञ्चकन्या मन्दिर - सेतो गुम्बा -घट्टेखोला - भिरकोट - थाप्ले हुँदै भिमढुङ्गा

५। घट्टेखोला - भिरकोट - थाप्ले -ऐनडाँडा - नारायण गुफा - ठूलो खोला - भिमढुङ्गा

६। फूलवारी गेट - जामाचो - बतासे डाँडा - सेतो गुम्वा - आदेश्वर मन्दिर हुँदै आकाश भैरव

७। आकाशभैरव - आदेश्वर - इचङ्गुनारायण -कल्पेश्वरी -पञ्चकन्या - चाकलापुर स्तुपा - हरसिद्धि (धार्मिक पदमार्ग)

८। कमल पोखरी स्यूचाटार हुँदै राणाकालिन पर्खाल -अदुवावारी - छापेचौर - खड्कागाउँ (ऐतिहासिक पदमार्ग - पृथ्वीनारायण शाहसँग जोडिएको)

**रात बसी गर्न सकिने पदयात्रा**

१. जामाचो - आकाश भैरव -ईचङ्गुनारायण - डाँडागाउँ (होमस्टेमा रात बस्ने) - घट्टेखोला - भिमढुङ्गा

२. महांकाल - खड्कुले चौर - इन्द्रदह -मजुवा (होमस्टेमा रात बस्ने) -भिमढुङ्गा - थाप्ले - भिरकोट -घट्टेखोला -रामकोट

**अन्तराष्ट्रिय स्तरको पर्यटन**

१। स्वयम्भू -सेतो गुम्बा- चाकलापुर स्तुपा- हसन्टार गुम्बा-स्वयम्भू

२। पशुपतिनाथ- आकाश भैरव-ईचङ्गुनारायण- आदेश्वर -पशुपतिनाथको आरती

अन्य धेरै पदमार्गहरु पहिचान गरि पूर्वाधार विकास गर्दै संचालन गर्न सकिने सम्भाव्यता धेरै छ। अझै पदमार्गमा पर्ने स्थानहरुमा फल्चा, पार्टी पौवा, होमस्टे निर्माण र संचालन गर्न सके नागार्जुन नगरपालिका भित्र पदयात्राको माध्यमबाट धेरै विकास गर्न सकिन्छ।

## ७. पर्यटन विकाससँगै पर्न सक्ने सकारात्मक र नकारात्मक प्रभावहरु

कुनै पनि स्थान, क्षेत्रमा वा राष्ट्रमा नै पर्यटनको शुरुवात सँग-सँगै क्रमश सकारात्मक र नकारात्मक प्रभावहरु देखिँदै जान्छ र दीर्घ कालिन रुपमा केही न केही छाप छोडेको हुन्छ। यसै क्रममा नागार्जुन नगरपालिका भित्र पनि पर्यटनको सम्भावना निकै रहेको र पर्यटन सञ्चालन पछि पर्न सक्ने प्रभावको बारेमा अध्ययन गर्न सकिन्छ। पर्यटनबाट विशेष प्रभाव पर्न सक्ने क्षेत्रहरु र प्रभावहरुलाई निम्न रुपमा लिन सकिन्छ।

### ७.१ समाज र संस्कृति क्षेत्र

सकारात्मक प्रभावहरु

- स्थानीय कला संस्कृतिको प्रवर्द्धन
- साँस्कृतिक गतिविधिको साटासाट
- अन्तराष्ट्रिय बुझाइ
- साँस्कृतिक स्रोतको संरक्षण
- समाजमा सकारात्मक सचेतना
- अन्य कला संस्कृतिको र धर्मको सम्मान

नकारात्मक प्रभावहरु

- मौलिक कला संस्कृतिको परिवर्तन हुने सम्भावना
- सामाजिक अपराधमा वृद्धि
- साँस्कृतिक गतिविधि बढी व्यवसायिक हुने
- मठ-मन्दिर र पुरातात्विक महत्वका स्थानहरुमा असर पर्ने सक्ने
- मौलिक कला संस्कृति पूर्ण रुपमा लोप हुने सम्भावना

### ७.२ आर्थिक क्षेत्र

सकारात्मक प्रभावहरु

- रोजगारीको अवसर
- वैदेशिक मुद्रा आर्जन गर्ने अवसर
- स्थानीय व्यवसायलाई प्रोत्साहन
- राष्ट्रिय/नगरको आम्दानी बढाउने
- पूर्वाधारको विकास
- स्थानीय आर्थिक उपार्जन
- जनस्तरको स्तरोन्नती
- मौसमी वेरोजगारी घटाउन सहयोग पुर्याउने

- स्थानीय उत्पादन र स्थानको प्रवर्द्धन

नकारात्मक प्रभावहरु

- मूल्य वृद्धि हुने
- आवश्यक सामानको अभाव हुने
- पर्यटनसँग मात्र आधारित/भर पर्नुपर्ने

### ७.३ वातावरण क्षेत्र

सकारात्मक प्रभावहरु

- पर्यटन स्रोत र साधनको संरक्षण
- दुर्लभ पंक्षि, वन्य जन्तु र वातावरण संरक्षणमा स्थानीयलाई जनचेतना वृद्धि गर्ने
- पर्यावरणीय र दीगो पर्यटनको अवधारणा विकास गर्ने
- प्राकृतिक सम्पदाको स्तरोन्नती
- पर्यावरणीय सन्तुलन कायम गर्न सकिने

नकारात्मक प्रभावहरु

- वातावरण प्रदुषण
- दुर्लभ वन्य जन्तु चोरी सिकारी वा लोप हुने सम्भावना
- पर्यावरणमा ह्रास आउने
- पर्यटन स्रोत र वातावरणमा असर पुग्ने

### ७.४ **अन्य क्षेत्र**

सकारात्मक प्रभावहरु

- नयाँ पठन पाठन प्रणाली शुरु हुने
- ग्रामिण भेगमा शैक्षिक क्षेत्रमा सहयोग
- विद्यार्थी सटही गर्न सक्ने (विद्यालयको मार्फत विद्यार्थी देश भित्र र देश बाहिर जान सक्ने)

नकारात्मक प्रभावहरु

- शिक्षा क्षेत्रमा महंगाई/महंगो शिक्षा प्रणाली
- विद्यार्थी विदेश पलायन हुन सक्ने
- संचार माध्यमको दुरुपयोग

# ८. निष्कर्ष र सुझावहरु

## ८.१ निष्कर्ष

काठमाडौं उपत्यका सँगै जोडिएको काठ क्षेत्रको रूपमा रहेको, संघीय राजधानी काठमाडौंको महत्वपूर्ण क्षेत्र जहाँ अनेकौं ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदाहरूले सम्पन्न नागार्जुन नगरपालिका क्षेत्रमा धार्मिक तथा सांस्कृतिक पर्यटन, साहसिक पर्यटन र ग्रामीणरकृषि पर्यटनको सम्भाव्यता प्रबल देखिन्छ । पर्यटन व्यवसायको प्रवद्र्धनका बारेमा स्थानीय राजनैतिक नेतृत्वमा हिजोआज केही सामान्य स्तरको चेतना जागेकोसम्म पाइए पनि यसको योजनाबद्ध विकास, व्यवस्थापन र बिस्तारबारेमा गहिरिएर सोच राखेको देखिँदैन। सांस्कृतिक अभियन्ताहरूमा र आम जनमानसमा प्रभावकारी ढंगबाट शिक्षा प्रवाह हुन सकेको छैन । धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरू हुँदैमा पर्यटनको विकास आफैंमाहुने होइन । यसका लागि योजनाबद्ध ढंगबाट काम गरिनु पर्दछ । त्यसो भएमा मात्र यस क्षेत्रमा पर्यटनको विकासका रूपरेखाहरू क्रमश देखा पर्दै जानेछन् ।

दिगो तथा उत्तरदायी पर्यटन विकासका लागि स्थानीय जनताको क्षमता अभिवृद्धि गर्नु अर्को आवश्यक पक्ष हो । अहिले स्थानीय स्तरमा उद्यमशीलता र व्यवसायिकताको समुचित विकास भइनसकेको अवस्था छ । यसका लागि आधुनिक विषयगत ज्ञान एवं व्यवसाय अनुरुपको दक्षता र शीप आवश्यक पर्दछ । त्यसका साथसाथै पूर्वाधारको विकास हुनुपर्दछ । व्यवस्थित तरिकाबाट पर्यटन क्षेत्रको विकास गरेर एउटा ब्रान्ड बनाई स्वदेशका साथसाथै विदेशमा त्यसको बजार बिस्तार गर्न सकिन्छ । बढी रकम खर्च गर्ने विदेशी पर्यटकहरूलाई यहाँ आकर्षित गर्न सकिने पर्याप्त सम्भावना छ । नजिकै रहेका नागार्जुन रानीवन क्षेत्र, डाँडागाँउ बतासे डाँडा, भिमढुङ्गा थाप्ले र ऐन डाँडा, दहचोकका डाँडा साथै गोदामथोक र  हसन्टारका विभिन्न प्राकृतिक क्षेत्रलाई **(*Acclimatize*)** पदयात्रा जानु अघि हावा पानीसँग घुलमिल हुने उपयुक्त स्थलको रुपमा विकास गर्न सकिन्छ। त्यसो भएमा नागार्जुन नगरपालिकामा पर्यटन क्षेत्रमा उच्च आयआर्जन हुने रोजगारीका प्रशस्त अवसरहरू सिर्जना गर्न सकिने साथै कृषि, उत्पादनमूलक उद्योगहरू, हस्तकला उद्योग, ब्यापार, निर्माण, यातायात आदि गैर पर्यटन क्षेत्रमा कार्यरत स्थानीय समुदायका घरपरिवारहरूलाई पनि लाभान्वित बनाउन सकिन्छ । यसका लागि स्थानीय सरकारको सहजीकरण र निजी क्षेत्रको नेतृत्वदायी भूमिका अपरिहार्य हुन्छ ।

देशको वर्तमान पर्यटन नीति (२०६५) ले ग्रामीण पर्यटन र आन्तरिक पर्यटनलाई पर्यटन व्यवसायको महत्वपूर्ण क्षेत्रका रूपमा अघि बढाएको छ । नागार्जुन नगरपालिका क्षेत्रमा पर्यटन

व्यवसायको प्रवद्र्धनका लागि मुख्यतः व्यावसायिकताको विकास राम्ररी हुन नसकेकोले यस सोचको सफल कार्यान्वयन हुन नसकेको हो ।

८.२ सुझावहरू

वडा तथा नगरभित्रका धार्मिक, सांस्कृतिक, पुरातात्विक र प्राकृतिक सम्पदा संरक्षण र तिनका माध्यमबाट स्थानीय पर्यटन उद्योगको व्यावसायिक विकासका लागि नागार्जुन नगरपालिका कार्यालय, स्थानीय सरोकारवाला वर्ग र निजी क्षेत्रले आआफ्ना तर्फबाट र साझेदारीमा गर्न सकिने निम्नलिखित कामहरू पहिचान गरिएका छन्। सरोकारवाला निकायहरूद्वारा उल्लेखित विषयहरूमा उचित ध्यान पुर्याई तदनुसारका कार्यक्रमहरू संचालन गरिनु पर्दछ ।

- वडा तथा नगरभित्रका धार्मिक, सांस्कृतिक, पुरातात्विक र प्राकृतिक सम्पदा संरक्षण र तिनका माध्यमबाट स्थानीय पर्यटन उद्योगको व्यावसायिक विकासका लागि नागार्जुन नगरपालिका कार्यालय, स्थानीय सरोकारवाला वर्ग र निजी क्षेत्रले आआफ्ना तर्फबाट र साझेदारीमा गर्न सकिने निम्नलिखित कामहरू पहिचान गरिएका छन् । सरोकारवाला निकायहरूद्वारा उल्लिखित विषयहरूमा उचित ध्यान पुर्याई तदनुसारका कार्यक्रमहरू संचालन गरिनु पर्दछ ।
- नगरपालिका भित्र लगभग ७० प्रतिशत क्षेत्रमा बाटो ढलान, कालोपत्रे र ग्राभेल भइसकेको भएतापनी केही उच्च स्थानहरुमा अझै सडकको सुविधा नपुगेको र वर्षा सँगै सुचारु हुन नसकेको देखिन्छ। सडक खुलेका स्थानहरुमा कम्तिमा सडक स्तरोन्नती गर्नुपर्ने देखिन्छ जुन तत्कालै हुनुपर्ने देखिन्छ।
- नगरका विभिन्न आकर्षक स्थलहरुमा पुग्ने पदमार्गहरु (वडा नं ७ का विभिन्न पदयात्रा मार्ग, वडा नं ८ र ६ का पदमार्ग, ३, २ र १) लाई जोड्ने पदमार्गमा पर्यटक/पदयात्रीहरुलाई प्रत्येक ५०० मि. को दुरीमा विश्रामस्थल, शौचालय र खानेपानीको सुविधा उपलब्ध गराउनुपर्ने देखिन्छ।
- छापेचौर, खड्कुले चौर, नर्सरो चौर, थाप्ले आदी रमणीय चौरहरुमा पर्यटक र पदयात्रीका लागि पानी, वत्तिको सुविधा पुर्याई टहराहरु (**Sheds**), फल्चा, शौचालय, बस्ने बेन्चहरु निर्माण गरिनुपर्ने साथै टहरा/फल्चाहरु बनाउँदा छवाली, खर, जस्ता स्थानीय सामाग्रिहरुको प्रयोग गर्ने।

पर्यटकहरुलाई रानीवन हुँदै नागार्जुन जंगल, वडा नं ६ को डाँडागाँउ, वडा नं ८ को भिरकोट र थाप्ले हुँदै वडा नं ७ को दहचोक, गोदामथोक, हसन्टार हुँदै केवुलकारबाट दृश्यावलोकन गराउन सकिने प्रारम्भिक सम्भावना देखिन्छ।

साथै यात्रुहरूको सुविधालाई मध्यनजर गरी ठाउँठाउँमा **service centre** को अवधारणामा स्टेशन राख्ने व्यवस्था गर्ने । यसका अतिरिक्त, माथि केबलकार मार्ग, तल साइक्लिङ मार्ग **(cycling path )**र पदमार्गको विकास गर्न तत्सम्बन्धी विज्ञहरूबाट बिस्तृत प्राविधिक अध्ययन गरिनु पर्ने ।

नगरपालिका लगायत सम्पूर्ण वडाहरुले तत्काल अवलम्बन गर्नुपर्ने केही सुझावहरुः

- पुरानो ऐतिहासिक स्थानीय नामहरु नयाँ नामाकरण भएका र पुराना नाम लोप हुँदै गएको हुँदा प्रत्येक वडाहरुमा कम्तिमा १० वटा बोर्डहरुमा पुराना तथा ऐतिहासिक नाम लेखि सार्वजनिक स्थानमा राख्नुपर्ने।
- नयाँ बनेका वा पुराना पुरातात्विक, ऐतिहासिक विशेषता बोकेका सम्पदाहरुको निर्माण गर्दा पुरातात्विक शैलीमा र इतिहास नमासिने गरी निर्माण गर्न पहल गर्नुपर्ने।
- वडा नं १, २, ३, ४, ५ लगायत अन्य वडाहरुमा बाहिरी पर्यटकहरुको आगमन बढ्दै गएको हुँदा सामान्य सुविधा जस्तै ए.टि.एम, मुद्रा सटही सुविधा, सूचना केन्द्र आदीको उचित व्यवस्थापन मिलाउनुपर्ने
- हरेक वडा र नगरमा हुने सांस्कृतिक / कृषि/शैक्षिक गतिविधिमा पर्यटन समितिको उपस्थितिको उचित वातावरण मिलाउने
- नगरका विभिन्न वडामा संचालन भईरहेका पर्यटन गतिविधिको अभिलेख व्यवस्थापन गर्नुपर्ने
- नगर भित्र संचालन भई रहेका होमस्टे वा अन्य पर्यटकीय सुविधा दिने संघ/संस्था दर्ता छ छैन वा उक्त स्थानमा कस्ता र कति पर्यटक आउँछन सोको अभिलेख राख्नुपर्ने
- पर्यटकको चहलपहललाई ध्यानमा राखि विभिन्न स्थानको (कम्तिमा **Entry Point** र **Exit Point**) मा म्याप नक्सा बनाइ उक्त ठाउँको बारेमा जानकारी उपलब्ध गराउन उचित भूमिका खेल्ने
- पर्यटकलाई ढुक्कसँग घुमफिर गर्नको लागि उचित सुरक्षाको प्रवन्ध मिलाउने

नागार्जुन नगरपालिकाले दीर्घकालिन रुपमा नगरको पर्यटन विकासको लागि कला, संस्कृति, पर्यटन तथा वातावरण संरक्षण तथा प्रवर्द्धनको लागि गर्नुपर्ने कार्यहरुः

- नगरस्तरीय पर्यटनसँग सम्बन्धित गौरवका आयोजनाहरु, ऐतिहासिक महत्वका स्मारकहरु, धार्मिक स्थल, जलाधार संरक्षण लगायत विभिन्न आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा प्राथमिकता निर्धारण गरी संचालन गर्नुपर्ने।

- पूर्वाधार सहितको पर्यटन विकासको लागि/विस्तृत पर्यटन विकासको लागि आवधिक पञ्च वार्षिक र दीर्घकालिन गुरुयोजना तर्जुमा गरी लागु गर्नुपर्ने साथै उक्त कार्यको लागि हाल गठन गरिएको पर्यटन अध्ययन समितिलाई निरन्तरता दिनुपर्ने।
- नागार्जुन नगरपालिका भित्र पर्यटन विकासमा अधिकतम चासो राखि पर्यटन सम्भाव्यता अध्ययन तथा पर्यटन समितिबाट पेश गरिएको प्रतिवेदनलाई उच्च प्राथमिकता दिई पर्यटन विकास गरिनुपर्ने।
- नागार्जुन नगरपालिका भित्र सम्भावना भएका विभिन्न पर्यटकीय स्रोत उपभोग गरि नगरवासीलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा पुग्ने फाइदाहरुको पहिचान गरि विभिन्न पर्यटकीय गतिविधि संचालनमा जोड दिनुपर्ने।
- नगरपालिकामा भित्र रहेका विभिन्न प्राकृतिक स्रोतको पहिचान गरि (वनजंगल, खोलानाला, डाँडाकाँडा, विभिन्न प्रजातीका पशुपंक्षी, गुफा, चट्टान, भौगोलिक बनोट आदी) उक्त स्रोत संरक्षणमा महत्वपूर्ण योजनाहरु संचालन गरि समिक्षा गरिनुपर्ने ।
- नगरको सम्पतीको रुपमा रहेका भाषा, कला, संस्कृति, गुठी, भेषभूषा, चाडपर्व स्थानीय जात्रा, जनजातीको पहिचान गरी त्यसको संरक्षण र सम्वर्द्धन एवं विकास गरी राष्ट्रियस्तरमा प्रचार प्रसार गर्नुपर्ने।
- नगरपालिकामा क्षेत्र भित्र रहेका धार्मिक, पुरातात्विक, ऐतिहासिक तथा परम्परागत शैलीका सम्पत्ती जस्तै मठ मन्दिर फल्चा, पाटीपौवा, गुम्बा, ऐतिहासिक स्थल, पोखरी/तालतलैया, पुरानो लिपि, शिलालेख, ग्रन्थ आदीको पहिचान गरी संरक्षण तथा प्रवर्द्धन गर्नुपर्ने
- नागार्जुन नगरपालिकामा भित्र वडा नं १ ,२ ,३ ,६ ,७ र ८ मा संचालन गर्न सकिने वा सम्भाव्यता अध्ययन गरी साहासिक पर्यटन जस्तै पदयात्रा, वञ्जि जम्पिङ्ग, साइक्लिङ्ग, जिप सफारी, चट्टान आरोहण, प्यारागलाइडिङ्ग, क्यानयोनिङ्ग, म्याराथन दौड आदी संचालन गर्न जोड दिनुपर्ने।
- नागार्जुन नगरपालिका भित्र सम्भाव्यता रहेको स्वास्थ्य पर्यटनलाई जोड दिँदै आध्यात्मिक पर्यटन, साधना तथा योग ध्यान केन्द्र, होमियो थेरापी, प्राकृतिक उपचार (**Nature Healing**), आयुर्वेदिक तथा परम्परागत औषधी विधि संचालन गरिनुपर्ने साथै नगरपालिका भित्र संचालनमा रहेका अस्पताल र स्वास्थ्य चौकीको स्तरोन्नाती गरी स्वास्थ्य पर्यटन संचालन गरिनुपर्ने।

- कृषि क्षेत्रसँग समन्वय गरी पर्यटन संचालन गरिनुपर्ने साथै पर्यटन क्षेत्र र कृषि लाई व्यवस्थित बनाउन ग्रामीण पर्यटन, फूलखेती, खानपान पर्यटन र स्थानीय स्तरमा उत्पादित हस्तकला, कृषि सामाग्रीको प्रवर्द्धन र बजारीकरण गरिनुपर्ने।
- नगरपालिका भित्र ठूलो सम्भावना बोकेको शैक्षिक, खेलकूद तथा चलचित्र पर्यटनलाई महत्वका साथ संचालन  र प्रचार प्रसार गरिनुपर्ने।
- नागार्जुन नगरपालिका भित्र व्यवासायिक पर्यटन संचालन गरिनुपर्ने उक्त कुरालाई अझ टेवा पुर्याउन सभा सम्मेलन (**MICE TOURISM**), व्यापार मेला, हाट बजार, सांस्कृतिक महोत्सव आदी आयोजना गरिनुपर्ने।
- नागार्जुन नगरपालिका भित्र रहेका ऐतिहासिक स्थानको पुरानो नाम लोप हुँदै गएकोले ऐतिहासिक स्थानको पहिचान गरि उक्त स्थानहरुमा स्थानीय/पुरानै नाम राख्नुको साथै सबैले देख्ने र पहिचान गर्न सक्ने गरी नगरपालिकाको सम्पूर्ण वडाहरुमा राखिनुपर्ने।
- आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन सहजताको लागि प्रमुख चोक, प्रवेश स्थल वा अन्य सार्वजनिक स्थलहरुमा नक्सा सहितको सूचना राखिनुपर्ने।
- पर्यटकको सहजताको लागि आवश्यकता हेरी वडा वडामा पर्यटन सूचना केन्द्र वा टिकट काउन्टर राखिनुपर्ने।
- नगर भित्र व्यवस्थित पर्यटन संचालन र प्रचार प्रसारको लागि स्थानीय रुपमा नगरको वार्षिक पर्यटन क्यालेन्डर बनाइ विभिन्न कार्यक्रम आयोजना गरिनुपर्ने।
- पूर्वाधार विकास नभई पर्यटन विकास हुँदैन तसर्थ पर्यटन सम्बन्धी पूर्वाधार निर्माण र स्तरोन्नतीको लागि विभिन्न कार्यक्रमहरु गरिनुपर्ने।
- दक्ष जनशक्ति उत्पादनको लागि उचित तालिम जस्तैः पथप्रदर्शक, होटल तालिम, पर्यटन सीप विकास तालिम आदी स्थानीय युवा जनशक्ति उत्पादनमा कार्य गरिनुपर्ने।
- पर्यावरणीय वातावरण विग्रदै गएकोले वनजंगल संरक्षण, खोलानाला संरक्षण, वृक्षरोपण, जनचेतना आदी कार्यक्रमहरुलाई जोड दिनुपर्ने साथै उक्त कार्य गर्नको लागि नगरभित्र रहेका नीजि/सामुदायिक विद्यालय, संघ/संस्था आदीसँग समन्वय गरी उक्त कार्य संचालन गर्नुपर्ने।
- नगर भित्र सम्भावना रहेका दीर्घकालिन योजनाहरुको सम्भाव्यता अध्ययन गरिनुपर्ने र उक्त योजनाहरु सार्वजनिक तथा निजी साझेदारी (**Public Private Partnership**) मोडेलको रुपमा संचालन गर्नको लागि उचित वातावरण मिलाउनुपर्ने।

- नगर क्षेत्रभित्र संचालनमा रहेका र थप गरिन सकिने होटेल, होमस्टे हरुको क्षमता विकासमा ध्यान दिनुपर्ने साथै उक्त गतिविधि संचालन गर्न चाहिने न्यूनतम आधार बनाइ गुणस्तरीय एवं सेवामुखी बनाउन नियमन तथा अनुगमनमा जोड दिनुपर्ने।
- नगर भित्र रहेका सम्पदा, पदमार्ग, पर्यटकीय गतिविधि, एतिहासिक र धार्मिक क्षेत्रको प्रचार प्रसारमा विशेष जोड दिई तारे होटल, विमान कम्पनी, ट्राभल एजेन्सी, पर्यटन मन्त्रालय, तथा अन्य पर्यटन संस्थाहरु (**NTB, HAN, NATTA, TAAN, NARA, NMA** र अन्य) सँग समन्वय गरी वृतचित्र, व्लग, सामाजिक सञ्जाल, ब्रोसर आदीमा उक्त गन्तव्य स्थलहरुको चिनारी, महत्व तथा तस्विरहरु समावेश गरी प्रचार प्रसार गरिनुपर्ने।
- स्वदेशी तथा विदेशी पर्यटकको आगमनलाई ध्यानमा राखि र वातावरण संरक्षणमा जोड दिन खाली रहेका सार्वजनिक जग्गाहरुलाई खुला स्थान/क्षेत्रको अवधारणा अघिबढाउनुपर्ने तथा उक्त स्थानहरुमा पार्क, व्यायमशाला, जेष्ठ नागरिकको लागि विश्रामस्थल, संग्राहलय, पुस्तकालय, काल्पनिक पार्क (**Theme Park**) मनोरञ्जन स्थलको रुपमा विकास गरिनुपर्ने।
- नगरलाई वातावरणीय हिसावबाट उचित स्थान राख्नको लागि उचित फोहोर व्यवस्थापन गरिनुपर्ने साथैं वडा नं १, २, ३, ५, ६, ७ र ८ मा वढी वन जंगल क्षेत्र भएकाले सामुदायिक उपभोक्ता समितिसँग समन्वय गरी वन तथा वातावरण जोगाउन उचित कार्य गर्नुपर्ने।
- नगर भित्र रहेका सम्पदाहरुको प्रचिन गाथा, इतिहास, महत्वको प्रचार प्रसार तथा पुस्तान्तरणका लागि क्यू आर कोड (**QR CODE**) को प्रयोग गरि पढ्न, सुन्न तथा देख्न मिल्ने गरी अध्ययनको प्रवन्ध गरिनुपर्ने जसले गर्दा नागार्जुन नगरपालिकाको इतिहास, सभ्यता तथा मौलिकताको जगेर्ना तथा सम्पदा संरक्षण तथा प्रचार प्रसारमा ठूलो सघाउ पुर्याउनुपर्ने।
- नगर भित्र रहेका विभिन्न सम्पदा र स्थानहरुलाई समेटी पदमार्ग योजना, धार्मिक स्थल पदमार्ग योजना आदी बनाइ स्वदेशी र विदेशी पर्यटकहरु माझ प्रचार प्रसार गरिनुपर्ने।
- नगरपालिकाले स्थापना काल देखि प्रचारमा ल्याइएको नारा " समृद्ध नागार्जुनको आधारः पर्यटन सहितको पूर्वाधार" लाई यथार्थमा बदल्नको लागि नागार्जुन नगरपालिकालाई धार्मिक, सांस्कृतिक, प्राकृतिक र ऐतिहासिक गन्तव्य स्थलको रुपमा अन्तराष्ट्रिय स्तरमा छाप (**Branding**) गरिनुपर्ने।

### ८.२.१ उद्यमशीलता विकास

दिगो तथा उत्तरदायी पर्यटन विकासका लागि जनताको क्षमता अभिवृद्धि गर्नु जरुरी छ । यसका लागि स्थानीय स्तरमा उद्यमशीलताको विकास आधारभूत तत्व हो । नेपाली समाजमा युवाहरूमा आफ्ना भौगोलिक क्षेत्रमा कुन कुन मौलिक व्यवसाय गर्न सकिन्छ, कुन कुन पेशाको सम्भावना छ, ती कामका लागि कुन प्रकारका ज्ञान र शीप आवश्यक पर्दछन् जस्ता कुराहरूको खोजीनिति गर्ने, पहल गर्ने संस्कारको विकास राम्ररी भइसकेको छैन । सम्भाव्यता अध्ययन नगरी देखासिकीमा काम गरेर पूँजी डुबाउने अनेकौं उदाहरण समाजमा यत्रतत्र देखिन्छन् । त्यस्ता उदाहरणका आधारमा नयाँ कामलाई सधैं जोखिमपूर्ण मान्ने प्रवृत्ति छ । घरपरिवारबाट पनि कुनै जोखिम नभएका साधारण काममा मात्र सन्तानलाई प्रोत्साहित गरिने चलन छ ।यस्तो अवस्थामा पर्यटन क्षेत्रको समग्र विकासका लागि युवावर्गमा उद्यमशीलताको विकास हुनु आवश्यक छ । यसका लागि नगरपालिकाले सरकारी वा गैरसरकारी निकायहरूसँग पहल गरी युवाहरूलाई उद्यमशीलताको विकासका लागि आवश्यक ज्ञान, शीप उपलब्ध गराइदिएमा सकारात्मक वातावरण तयार हुन सक्छ ।

### ८.२.२ जनशक्ति विकास

नेपालमा पर्यटन क्षेत्रको यथोचित विकास हुन नसक्नुका प्रमुख कारक तत्वहरूमध्ये गुणस्तरीय जनशक्तिको अभाव पनि एक हो ।पर्यटनको विकास आफैंहुने होइन, यो सम्भव गराउन शिक्षित, प्रशिक्षित र उत्प्रेरित उच्चकोटिको जनशक्ति आवश्यक पर्छ । पर्यटन व्यवसाय स्वाभाविक रूपमा सेवामूलक व्यवसाय हो । अतिथिहरूलाई उच्चस्तरको सेवा प्रदान गर्न सक्नु नै यस उद्योगको सफलताको साँचो हो । अन्तर्राष्ट्रिय बजारमा पुगी यथेष्ट प्रचारप्रसार गरेर धेरै रकम खर्च गर्न सक्ने पर्यटक **(High End Tourist)** हरू ल्याउनु कठिन काम हो । आएका अतिथिहरूलाई भरपर्दो र गुणस्तरीय सेवा प्रदान गर्नु अर्को चुनौती हो । यी दुबै काममा उच्चस्तरको ज्ञान र शीप भएका, आफ्नो पेशाव्यवसायप्रति पूर्ण रूपमा समर्पित र अभिप्रेरित दक्ष जनशक्ति स्थानीय बजारमा मौजूद रहनु आवश्यक हुन्छ । त्यस प्रकारको जनशक्ति स्थानीय स्तरमा नै विकास भएमा काममा दीगोपन हुनेछ ।

हाल स्थानीय स्तरमा यो चेतनाको विकास नभएका कारण र स्थानीय सरकारले पनि युवावर्गलाई यस कार्यमा कुनै प्रकारले प्रोत्साहित नगरेकाले उनीहरूमा यो पेशा र यस विद्याप्रति आकर्षण बढ्न सकेको छैन । यस सम्बन्धमा निम्नबमोजिमका कार्यक्रमहरू सिफारिश गरिन्छ;

- पर्यटन विषयमा विद्या आर्जन गरी त्यसैलाई पेशा बनाएमा घरआँगनमा नै सम्पन्नता साथ र सम्मानित तवरबाट जीवनबृत्ति चल्छ भन्ने कुराको ज्ञान राजनैतिक नेतृत्वतहमा, विद्यार्थीहरूमा, अभिभावक गणमा र शिक्षकहरूमा प्रवाहगर्नका लागि तत् सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने,
- आफ्नो ठाउँ प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक हिसाबले महत्वपूर्ण रहेको र यस्ता ठाउँमा पर्यटन व्यवसाय फस्टाउन सक्ने कुराको ज्ञान स्थानीय बालबालिकालाई सानै उमेरदेखि दिइएमा उनीहरूमा गहिरो प्रभाव पर्ने हुँदा यसनगरपालिका क्षेत्रभित्रका विद्यालयहरूमा माध्यमिक तहदेखि पर्यटन विषयलाई पाठ्यक्रममा समावेश गराउने,
- जेहेनदार, राम्रो शैक्षिक पृष्ठभूमि भएका र आफ्ना घरगाउँमै बसेर यस विषयलाई जीवनबृत्ति बनाउन इच्छुक स्थानीय युवक युवतीलाई पर्यटन तथा अतिथि सत्कार व्यवसायमा प्रोत्साहित गर्न नगरपालिकाभित्रका उच्चमाध्यमिक विद्यालयहरूमा (प्लस टु) तहमा पर्यटन तथा होटेल व्यवस्थापन विषयको पढाइ संचालनका लागि पहल गर्ने,
- सरकारी क्षेत्रको स्तरीय शैक्षिक संस्था नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानसँग समन्वय गरी प्रतिष्ठानबाट प्रदान गरिने निम्नलिखित विषयकाघुम्ती तालिमका कार्यक्रम नगरपालिका क्षेत्रमा आयोजन गर्नेः
    - साना होटल तथा लज व्यवस्थापन
    - होमस्टे
    - स्थानीय गाइड/प्रकृति गाइड
- पढाइमा सफलताको राम्रो संभावना पुष्टि भएका, उद्यमशीलतामा रुचि राख्ने,पछि स्थानीय स्तरमा नै पर्यटन व्यवसाय शुरु गर्न चाहने घटीमा २ जनायुवा युवतीलाई प्रत्येक वर्ष नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठानमा पर्यटन तथा अतिथि सत्कार विषयमा स्नातक तहमा अध्ययन गर्न छात्रवृत्ति नगरपालिकाबाट प्रदान गर्ने ।

### ८.२.३ होमस्टेको प्रवर्द्धन

समुदायमा आधारित उद्यम विकासका माध्यमबाट गैर पर्यटन क्षेत्रमा कार्यरत स्थानीय समुदायका घरपरिवारहरूलाई पर्यटनमा रोजगारीका अवसरहरू बढाउन होमस्टेको प्रवर्द्धन एउटा प्रभावकारी माध्यम हुन सक्छ । यसबाट रोजगारीको सिर्जना, वस्तु उत्पादन तथा व्यापार, सेवा खरिद आदिका माध्यमबाट पर्यटनमा स्थानीय समुदायको सहभागिता बढाउने अवसरहरू प्राप्त हुनेछन् ।

नागार्जुन नगरपालिका क्षेत्रभित्र पर्यटनको विकास गर्न सामुदायिक होमस्टेलाई एउटा भरपर्दो माध्यम बनाउन सकिन्छ। सामुदायिक होमस्टे संचालन र प्रवर्द्धनका निम्ति हालसम्म स्थानीय

स्तरमा कुनै पहल भएको देखिँदैन। गाउँटोलमा सेवासुविधा उपलब्ध गराउन स्थानीय समूदायलाई परिचालित र प्रोत्साहित गरिनुपर्दछ । अतः होमस्टेको माध्यमबाट स्थानीय समूदायका संस्कृति, नाचगान, उत्पादित कृषिजन्य वस्तुहरू र पशुपंक्षीहरूको व्यावसायिक उत्पादनका माध्यमबाट खानपानको प्रवर्द्धन गर्नका लागि निम्नबमोजिम गर्न सिफारिश गरिएको छ ।

- वनजंगलको नजिकै रमणीय ठाउँमा रहेको गाउँ डाँडागाँउ, भिरकोट, थाप्ले आदि तामाङ बस्तीमा होमस्टे संचालनका लागि नगरपालिकाको सहयोगमा समूह गठन गर्ने,
- नेपाल पर्यटन बोर्ड, नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठान र तारागाउँ विकास समितिसँग सहकार्य गरी स्थानीय व्यक्तिहरूलाई होमस्टे संचालनसम्बन्धी तालिम समय-समयमा दिने,
- समूहका युवाहरूको ज्ञानको दायरा फराकिलो बनाउन नेपालमा होमस्टे संचालनमा केही सफलता प्राप्त गरिसकेका स्थानहरू अमलटारी, सिरुबारी ,बन्दीपुर आदिको अवलोकन भ्रमण गराउने र त्यहाँका असल अभ्यासहरूलाई अनुसरण गर्ने,
- यस नगरभित्र निर्माण गरिएका बिभिन्न पदमार्गका छेउछाउमा र शहरी वस्तीमा नेवार, दशनामी, ब्राह्मण, तामाङ, गुरुङ, बलामी बस्तीहरूमा गाउँलेहरूलाई सरसफाइको तालीम, सामूदायिक होमस्टे संचालन तालीमको व्यवस्था गरिदिने, निजी होमस्टेका माध्यमबाट ग्रामीण पर्यटनको विकास गर्ने,
- समग्र नागार्जुन नगरपालिका क्षेत्रमा होमस्टे व्यवसायको संभाव्यताबारे बिस्तृत जानकारी लिई सम्भाव्य वडाहरूमा त्यसको प्रवर्द्धन गर्ने उद्देश्यले होमस्टे सम्बन्धी अध्ययन अनुसन्धान तत्कालै गर्ने,

### ८.२.४ पर्यटकीय सम्पदाहरूको संरक्षण

स्थानीय स्तरमा भएका ऐतिहासिक मठमन्दिर, गुम्बा, कलासंस्कृति, भेषभूषा, वनजंगल, नदीनालालाई बिग्रिन, मासिन नदिई जोगाएर राख्न सकिएमा मात्र ती हेर्नका लागि पर्यटक आउने हुन्छन् । यस सम्बन्धमा निम्न बमोजिमका कार्यक्रमहरू सिफारिश गरिएको छः

- ➢ नागार्जुन नगरपालिकाले पुरातात्विक मठमन्दिर र कला- संस्कृतिको संरक्षण माग रहेको सहयोग कार्यमा अझ प्रभावकारिताका लागि स्थानीय समूदायको सहभागितामा सम्पदाहरूको संरक्षण गर्ने कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने,

- पुराना धरोहरहरू, संरचनाहरू, वास्तुकलाका नीतिहरूलाई कसरी रक्षा गर्ने स्पष्ट नीति बनाउनु पर्ने,
- विकासका नाममा पुनःनिर्माणका नाममा भएका कमी कमजोरी सुधार्दै पुरातात्विक महत्व बुझी निर्माण कार्य अगाडी बढाउने र निरीक्षण गर्नुपर्ने

### ८.२.५ सहजीकरण

नेपालको वर्तमान पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) ले स्थानीय स्तरमा पर्यटनको विकासका लागि निम्नलिखित महत्वपूर्ण नीतिहरू लिएको छः

- सार्वजनिक-निजी-सहकारी साझेदारीमा आधुनिक पर्यटन पूर्वाधार विकास,बजारीकरण र प्रवर्द्धन गर्ने।
- निजी क्षेत्रसँगको सहकार्यमा पर्यटकीय गन्तव्य स्थल पहिचान, विकास तथा विविधीकरण गर्ने।
- पर्यटनबाट हुने लाभलाई स्थानीय स्तरसम्म पुर्याउने ।

यी नीतिको कार्यान्वयनका क्रममा स्थानीय स्तरमा पर्यटन क्रियाकलापको विकास र पर्यटक सुविधा विस्तार गरी दीगो ढंगबाट पर्यटन व्यवसायको प्रवर्द्धन गर्नका लागि नीजि क्षेत्र र सामूदायिक क्षेत्रलाई व्यावसायिक रूपमा सक्षम बनाउनु पर्ने हुन्छ । यस्ता कार्यका माध्यमबाट वडाहरु र सम्पूर्ण नगरपालिका क्षेत्रकै पर्यटन प्रवर्द्धनमा नगरपालिकाले सहजीकरण गरिदिने।

### ८.२.६ प्रवर्द्धन र प्रचार–प्रसार

नगरको पर्यटन प्रवर्द्धनमा स्थानीय समुदायको सहभागिता र आर्थिक लाभका लागि स्थानीय पर्यटन व्यवसायीहरूलाई उत्प्रेरित गर्ने अनेकौं उपायहरू मध्ये व्यवसायको प्रवर्द्धन र प्रचार प्रसारमा संस्थागत माध्यमबाट सहयोग गर्नु पनि हो ।आजको युग समुन्नत संचार, प्रविधि र विश्व व्यापीकरणको हो । संचार र प्रविधिका माध्यमबाट यहाँ विद्यमान सम्पदाहरूलाई स्वदेशी र विदेशी पर्यटक सामू पुर्याइएमा स्थानीय स्तरमा पर्यटन उद्योगको विकासका लागि अनेकौं सम्भावनाका ढोका खुल्न सक्छन् ।

स्थानीय स्तरमा व्यवसायिकताको विकास सँगसँगै पर्यटनका आकर्षणहरूबारे प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गरिएमा मात्र पर्यटक भित्रिन सक्ने हुँदा त्यसका लागि नगरपालिकाले नेपाल पर्यटन बोर्ड **(NTB)** र पर्यटन क्षेत्रका व्यावसायिक छाता संगठनहरू (ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल **(TAAN),** होटेल एसोसिएसन नेपाल **(HAN),** नेपाल

एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस् (**NATTA**), रेस्टुरेन्ट एण्ड बार एसोसिएसन अफ नेपाल (**REBAN**) आदिसँग समन्वय गरी प्रचार प्रसार र अन्य प्रवर्द्धनात्मक कार्यहरू गर्ने ।

प्राचीन सम्पदा, संस्कृति, जात्राहरू, पर्वहरूको महत्वको अध्ययन गरी तिनको दस्तावेजीकरण र प्रचार प्रसारको सम्वन्धमा फोटोहरू संकलन गरी एल्बम बनाएर प्रचार प्रसार गरिनु आवश्यक छ । नगर भित्र रहेका र अन्तराष्ट्रिय महत्वका स्थानहरु जस्तै नागार्जुन गुफा, आकाश भैरव जात्रा, इचङ्गुनारायण मन्दिर, आदेश्वर मन्दिर, बद्रिनारायण धाम, पञ्चकन्या मन्दिर र पृथ्वीनारायण शाहसँग जोडिएका सम्पदाहरुलाई अन्तराष्ट्रिय रुपमा प्रवर्द्धन गर्न ब्राण्ड बनाउने कार्य तत्काल गर्नुपर्ने देखिन्छ। नगरका प्रमुख जात्रा लगायत अन्य महत्वपूर्ण भौतिक र अभौतिक सम्पदाहरूको बुकलेट, ब्रोसर, वेबसाइट तयार गरी प्रचार गरिने लक्ष्य,कार्यक्रम र बजेट नगरपालिकाबाट राखिनु जरुरी छ । नगरको पर्यटकीय वार्षिक क्यालेन्डर बनाइ नगर भित्र विभिन्न कार्यहरु गरी प्रचार प्रसारमा जोड दिने।

### ८.२.७ भगिनी सम्बन्ध स्थापना

यस नगर क्षेत्रलाई देश तथा बिदेशमा चिनाउन अन्य स्वदेशी तथा विदेशी नगरपालिकाहरूसँग अन्तरनगर भगिनी सम्बन्ध स्थापना गर्ने कार्यले पर्यटन क्षेत्रको विकासमा सहयोग पुर्याउने हुँदा यसबारे विशेष ध्यान दिनु पर्ने हुन्छ ।

### ८.२.८ पर्यटक सूचना केन्द्र स्थापना गर्ने

अन्तर्राष्ट्रिय पर्यटकले नेपाल आउनुअघि यहाँका प्रमुख पर्यटकीय महत्वका गन्तब्यहरूका बारेमा आधिकारिक निकायबाट जारी भएका सूचनाहरू हेर्ने र जानकारी प्राप्त गर्ने गर्छन् । नागार्जुन नगरपालिका क्षेत्रका बारेमा यथेष्ट आधिकारिक सूचनाका अभावमा नेपालको पर्यटन मानचित्रमा यसको स्थान हाल शून्य नै छ । उपत्यकाकै काठमाडौं, ललितपुर र भक्तपुर नगरपालिकाहरूले आफ्ना प्राचीन संस्कृति र सम्पदाको प्रचारप्रसार गरेर विश्व पर्यटन बजारमा स्थान बनाउन सकेका छन् तर यहीं अवस्थित नागार्जुन नगरपालिकाले स्वदेशी पर्यटक, भारतीय पर्यटक र अन्य विदेशी पर्यटकका लागि जानकारीमूलक ब्रोसर, पर्चा, पम्प्लेट, पोस्टर, भिडियो सामग्री आदि तयार गरेको नदेखिएको हुँदा यो स्थान विदेशी पर्यटकका बीच मात्र होइन स्वदेशी र भारतीयहरूबीच पनि केही अपरिचित अवस्थामै छ ।

त्यस्तो अवस्थामा पनि नगरपालिका क्षेत्रको भ्रमणमा आएकाविदेशी पर्यटकहरूलाई नगरका पर्यटकीय स्थलहरू बारेमा आधारभूत कुराहरूको जानकारी उपलब्ध गराउन नगरको केन्द्रमा एउटा पर्यटक सूचना केन्द्र स्थापना गर्नु उपयोगी हुन्छ ।

### ८.२.९ पर्यटक तथ्यांक संकलन

पर्यटनसम्बन्धी कुनै पनि नयाँ कार्यक्रम लागु गर्नुपर्दा तत्सम्बन्धी आधारभूत तथ्याङ्क र जानकारीहरू आवश्यक पर्ने हुन्छ । पर्यटनको उद्देश्य लिई नागार्जुन नगरपालिका क्षेत्रमा आउने स्वदेशी र बिदेशी यात्रुहरूको तथ्यांक संकलन गरी यथार्थ विवरण राख्ने र अद्यावधिक गर्ने पद्धति बनाउनु जरुरी छ । वर्तमान अवस्थामा पनि अन्तराष्ट्रिय पर्यटकहरु भित्रिएको देखिन्छ तर उचित तथ्याङ्क राखिएको छैन। यसरी पर्यटकको सहि सूचना संकलन गर्दा भविष्यमा बनाउने योजना र कार्यविधिको लागि थप टेवा पुग्ने देखिन्छ।

### ८.२.१० प्रभावकारी संयोजन

नागार्जुनमा समग्र पर्यटन विकास र विशेष गरी धार्मिक, प्राकृतिक र सांस्कृतिक पर्यटन विकास सम्बन्धी कार्यक्रमहरूलाई तीव्र गतिमा अघि बढाउन नगर कार्यपालिकाले आफैंगर्ने कामका अतिरिक्त संघीय र प्रदेश सरकार तथा छिमेकका कार्यपालिकाहरूसँग प्रभावकारी ढङ्गको संयोजन आवश्यक हुन्छ । व्यवस्थित ढंगबाट काम गरिएमा मात्र नगरबासीहरूले चाँडै प्रत्यक्ष लाभ लिन सक्ने वातावरण तयार हुने हुँदा निम्न बमोजिमका कार्यहरू गर्न सिफारिश गरिएको छः

- संघीय सरकारका निकायहरू संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,पर्यटन विभाग तथा नेपाल पर्यटन बोर्डको निकट सम्पर्कमा रही ती निकायहरूका कार्यक्रमहरूबाट के कसरी फाइदा लिन सकिन्छ निरन्तर रुपमा जानकारी प्राप्तगर्ने र सहकार्यका लागि पहल गर्ने,
- यस नगरपालिकासँग सीमाना जोडिएका र ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय महत्वका स्थानहरू कीर्तिपुर, काठमाडौं महानगरपालिका, तारकेश्वर नगरपालिका, धादिङ्ग जिल्लाको थाक्रे गाउँपालिका र चन्द्रागिरी नगरपालिका लगायत सँग समन्वय गरी सहभागितामा एकीकृत प्रवर्द्धनात्मक कार्यक्रमबारे विचारविमर्श गर्ने **(HAN, TAAN, NATTA, REBAN, NMA, MoCTCA, NTB)**
- पर्यटन प्रवर्द्धनमा प्रमुख भूमिका भएको स्थानीय निजी क्षेत्र र समुदायलाई समेत परिचालन गर्नु पर्ने हुँदा कार्यपालिकाभित्र प्रभावशाली समिति बनाई सशक्त ढङ्गबाट संयोजनात्मक पद्धति निर्माण गर्ने,

➢ नगरपालिकाले पर्यटन समिति निर्माण गरी वा हाल भएको समितिलाई थप अधिकार दिई पूर्ण रुपमा पर्यटन प्रवर्द्धनको काममा संलग्न गराउने ।

### ८.२.११ पर्यटन बिकास गुरुयोजना तर्जुमा

वित्तीय स्रोत साधनको उपलब्धताको तुलनामा गर्नुपर्ने कामको सूची जहाँ पनि र जहिले पनि लामो हुन्छ । त्यस्तो अवस्थामा एउटा व्यवहारिक योजना बनाई व्यवस्थित ढंगबाट काम गर्न सकियो भने मात्र निर्धारित समयभित्र निर्धारित विधि प्रयोग गरी निर्धारित बजेटको सीमामा रही निर्धारित गुणस्तरको काम गर्नरगराउन सकिन्छ । पर्यटकीय महत्वका क्षेत्रहरू **(sectors)** लाई उद्यमशीलताका माध्यमबाट स्थानीय जनताको आयआर्जनमा जोड्न सकियो भने मात्र पर्यटन क्षेत्रको दीगो विकास सम्भव हुन्छ ।

यस नगरपालिकाको आ व २०७५/७६ देखि नै प्रत्येक वर्षका वार्षिक नीति, योजना, कार्यक्रममा पर्यटन प्रवर्द्धनका लागि दीर्घकालीन लक्ष्य सहितको गुरुयोजना निर्माणको सोच बनाएको देखिन्छ । तर व्यवहारमा अहिलेसम्म पर्यटन प्रवर्द्धनको लागि गुरुयोजना निर्माण भएको देखिएन ।सबै चुनौतीहरूलाई व्यवस्थित गर्न र पर्यटनको दीर्घकालीन विकासका लागि सर्वप्रथम स्थानीय सरकारको दृष्टिकोण स्पष्ट हुनु पर्छ । यस्तो दृष्टिकोण सबैले अनुभुति गर्न सक्ने गरी योजनामा प्रतिविम्वित हुनु पर्दछ । गन्तब्य स्पष्ट भए मात्र कुनै दिशामा सुरु गरिएको यात्राको सार्थकता हुन्छ ।

स्थानीय सरकारहरूले स्पष्ट दीर्घकालीन दृष्टिकोणमा आधारित बैज्ञानिक ढङ्गको आवधिक पर्यटन बिकास योजना बनाउनु आवश्यक हुन्छ । यसो भएमा आवश्यक जनसाधनको उत्पादन र आपूर्ति, आर्थिक स्रोतसाधनको खोजी, उपयुक्त संख्यामा र उपयुक्त गुणस्तरका होटेल र रिसोर्टहरूको स्थापना, पर्यटनमैत्री भौतिक निर्माण, पर्यटक घुम्ने क्षेत्रमा पदमार्गको विकास, साइकल मार्गको निर्माण, स्थानीय वस्तु प्रयोग गरी टहराहरू निर्माण, पहाडी भेगको दृश्यावलोकनका लागि केबलकारको संचालन जस्ता काम स्पष्टताका साथ गर्न सकिन्छ ।

त्यस्तै अर्गानिक खाद्यवस्तुको उत्पादन, वातावरण र प्राकृतिक पाखापहराको संरक्षण, वनमा काठका साथसाथै फलफूलको पनि खेती, जंगलमा रैथाने जीवजन्तु र चराचुरुङ्गीको संरक्षण, उचाइ अनुसारका धरातलमा त्यही किसिमका फलफूलको खेती, जंगलको संरक्षणमा र पर्यटकीय स्थलको सरसफाइमा पर्यटकको सहभागिता सुनिश्चित गर्न सकिन्छ ।अन्तर्राष्ट्रिय बजारमा व्यवस्थित तरिकाबाट प्रचारप्रसार गरी बढी खर्च गर्ने पर्यटक भित्र्याउन सकिन्छ ।

योजनाबद्ध ढंगबाट काम गरेमा दुर्लभ स्रोतसाधनको सदुपयोग हुने, पर्यटन क्षेत्रमा उद्यमशीलताको विकासका अतिरिक्त अन्य सहयोगी क्षेत्र-उपक्षेत्रहरूमा रोजगारीका अवसरहरूको सिर्जनाका माध्यमबाट लक्षित समूदायको आयआर्जनमा बृद्धि हुने, शिक्षित युवा युवतीहरूले स्थानीय स्तरमा आफ्ना घरपरिवारसँगै बसेर सम्पन्न जीवनयापन गर्नसक्ने, स्थानीय कला-संस्कृतिको विकास हुने, वातावरण संरक्षण हुने आदि अनेकौं लाभ प्राप्त हुन्छन्।

अतः नागार्जुन नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रका अपार संभावनालाई महसुस गरी पर्यटन क्षेत्रको १०-१५ वर्षको दुरदृष्टि राखेर त्यसमध्ये आगामी ५ वर्ष अवधिको विस्तृत पर्यटन बिकास योजना बनाउनु आवश्यक देखिन्छ । सबै राजनीतिक दल र सरोकारवालाहरूको सहभागितामा निर्माण हुने त्यस्तो योजनामा सबैको अपनत्व हुने हुँदा योजनाका आधारमा कार्यक्रमहरू संचालन गरिएमा दीर्घकालमा स्थानीय जनता निश्चित रुपमा लाभान्वित हुनेछन् ।

## ८.२.१२ नीजि क्षेत्रहरुबाट गरिनुपर्ने कामहरु

### १. होटेल, लज, रिसोर्ट, होमस्टेहरूको विकास र व्यवस्थापन

नेपाल घुम्न आएका विदेशी पर्यटकहरू आर्थिक रुपले कति सम्पन्न देशका नागरिक हुन ? त्यहाँका जनताको औसत प्रतिव्यक्ति आय कति हुन्छ ? भ्रमणलाई उनीहरूले कति महत्व दिन्छन् ? यस उद्देश्यमा उनीहरू कतिसम्म खर्च गर्न सक्षम छन् ? नेपालमा उनीहरू प्रति दिन कतिसम्म खर्च गर्न चाहन्छन् ? उनीहरू के हेर्न चाहन्छन् ? के खान चाहन्छन् ? के मन पराउँछन्? के मन पराउँदैनन्? जस्ता प्रश्नहरूको उत्तर स्थानीय पर्यटन उद्यमीले खोज्नु जरुरी हुन्छ । अतः निजी क्षेत्रका लागि निम्नलिखित सुझावहरू दिइएको छः

- भ्रमणमा आउने पर्यटकहरूलाई खान, पिउन र बस्नका लागि नगरपालिका क्षेत्रभित्र गुणस्तरीय आधुनिक सुविधायुक्त, सुरक्षित, सफासुग्घर रेष्टुराँ, होटेल, लज ररिसोर्टहरूको विकास गर्ने,
- ती स्थानमा सुविधासम्पन्न आवास, स्वस्थकर खानपिन, स्वस्थ मनोरंजनका साधनहरूको उपलब्धता सुनिश्चित गर्ने,
- पर्यटन प्रवर्द्धनको सोचका साथ होटेल, रिसोर्टहरूको बिकास गर्दा स्थानीय पर्यावरणमा कुनै प्रकारको पनि नकारात्मक चाप पर्न नदिने,
- समयको माग अनुसार योग्य, शिक्षित, सक्षम जनशक्तिको विकासमा ध्यान दिने ।

### २. उपलब्ध सेवासुविधाको ब्रान्डिङ

पर्यटनलाई एउटा उद्यमका रूपमा विकास गर्न व्यावसायिक सोचको आवश्यकता पर्दछ । आफ्ना क्षेत्रमा उत्पादित वस्तुहरू र उपलब्ध सेवा सुविधाहरूलाई व्यावसायिक पहिचान दिनका लागि ब्रान्ड बनाउनु जरुरी हुन्छ । ब्रान्डबाटै वस्तु र सेवासुविधाको प्रचारप्रसार हुने गर्दछ । तिनको गुणस्तरको निरन्तर अनुगमन गरेर पर्यटन बजारमा विश्वसनीयता कायम राख्न सकिन्छ।

अहिलेको अवस्थामा नागार्जुनमा आफ्ना कुन उत्पादन राम्रा छन्, कहाँका पर्यटकले तिनमा रुचि राख्लान्, कसरी तिनको बजार व्यवस्थापन गर्ने जस्ता कुरामा स्पष्टताका साथ सोच राखेको पाइएन । त्यसैले, विशेष गरी स्थानीय प्राकृतिक सौन्दर्य, स्थानीय पर्व र जात्राहरु, स्थानीय खाना, स्थानीय फलफूल, स्थानीय मौलिक पेयपदार्थको ब्रान्डिङ हुनु जरुरी छ ।

## ८.२.१३ समूदाय स्तरबाट गरिनुपर्ने कामहरू

पर्यटन उद्यमको सफलताका लागि सबै सरोकारवालाहरू बीच चासो र चिन्तन बढाएर ब्यापक सामुदायिक सहभागिता अभिवृद्धिका उपायहरू लागु गरिनुपर्दछ । विशेष गरी वडामा संगठित भएका गैर सरकारी संस्थाहरू, क्लबहरू, महिला समूहहरू, सहकारीहरू, निजीक्षेत्रका संघ-सङ्गठनहरू तथा स्थानीय विकासमा कार्यरत स्थानीय समितिहरूको भूमिका प्रभावकारी हुने हुँदा तिनीहरूलाई यथासक्य परिचालन गरी समुदाय स्तरमा आयोजन गर्न सकिने पर्यटन सम्बन्धी जनचेतना अभिवृद्धिका निम्नबमोजिमका व्यवहारिक कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने सिफारिश गरिएको छ:

### १. चेतना अभिबृद्धि

स्थानीय जनतामा पर्यटन र त्यसबाट समूदायले पाउने लाभका बारेमा यथेष्ठ चेतना नजागेसम्म अरुले बाहिरबाट आई गरिदिएर मात्र सफलता हासिल हुँदैन । त्यसैले स्थानीय स्तरमा आम नागरिक, विद्यार्थी, अभिभावक, राजनीतिक कार्यकर्ता, व्यवसायीहरूमा जागरुकता बढाउने काममा सामूदायिक संघ संस्थालाई परिचालन गरियो भने प्रभावकारी हुन्छ । स्थानीय स्तरमा गठन भई सामाजिक कार्य गरिरहेका युवाहरूका, महिलाहरूका संस्थाहरूलाई केही आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराइदिएमा कम खर्चिलो ढंगबाट चेतना अभिबृद्धि सम्बन्धी काम हुन सक्छ ।

**२. होमस्टे संचालन**

होमस्टेका माध्यमबाट ग्रामीण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागी गराएर उनीहरूको आयस्रोत वृद्धि गर्ने, स्थानीय स्तरमा स्वरोजगार विकास गर्ने, पर्यटकलाई आवास सुविधाका अतिरिक्त ग्रामीण जनजीवन, रीतिरिवाज, कला संस्कृति, रहनसहन र खानपीनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्दै पर्यटन क्षेत्रको प्रतिफलग्रामीण समुदायमा पुर्याउने उद्देश्यबाट निजीका अतिरिक्त सामुदायिक ग्रामीण होमस्टे कार्यक्रम सरकारले लागु गरेकाले सो कार्यक्रमबाट लाभान्वित हुन समूदायले तत्परता देखाउनुपर्ने ।

**३. सरसफाइ**

पर्यटन प्रवर्द्धनमा सरसफाइको ठूलो महत्व हुन्छ । होटेल, लज, होमस्टेको प्राङ्गणमा मात्र सफाइ भएर पुग्दैन, वरिपरिका बाटाघाटा, सार्बजनिक स्थल, पार्क, चौर आदिको पनि सफाइ आवश्यक हुन्छ । सार्वजनिक स्थलमा शौचालयको व्यवस्थापनको मापनबाट त्यस क्षेत्रको समग्र सरसफाइको मूल्याङ्कन गर्न सकिन्छ ।नगर भित्र रहेका क्लब, महिला समूह,सहकारी र नीजि तथा सामूदायिक विद्यालय रहेका छन् । तिनीहरूसँग नगरपालिकाले समन्वय गरी फोहरमैलाको उचित व्यवस्थापनमा तिनलाई परिचालित गर्न सकिन्छ ।

**४. विकृति नियन्त्रण र सुरक्षा**

समूदायमा कुनै प्रकारका विकृतिहरू देखिए त्यसबाट पर्यटन प्रवद्र्धनमा नकारात्मक असर पर्दछ । विकृतिहरूको कडा नियन्त्रण र सुरक्षाको भरपर्दो प्रवन्ध हुनुपर्ने देखिन्छ । यस्ता काममा सरकारी निकायहरूले मात्र गरेको प्रयासभन्दा सरकार र समुदायको संयुक्त प्रयासमा गरिने कार्यक्रम बढी प्रभावकारी हुने हुँदा यसतर्फध्यान दिई तदनुकुलका कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनु पर्ने ।

### ५. प्राचीन सम्पदाहरूको अतिक्रमणप्रति सजगता

बढ्दो शहरीकरण र भूमिको उच्च मूल्यवृद्धिका कारण प्राचीन सम्पदाहरूको अतिक्रमण तथा निजी स्वामित्व र निजी प्रयोगमा ल्याउने क्रियाकलाप नेपालका शहरी क्षेत्रहरूमा बढिरहेको सन्दर्भमा तिनलाई रोक्नमा समुदायको पहरेदारको भूमिका हुनु पर्ने । नागार्जुन नगरपालिका क्षेत्रभित्र पनि यस्ता घटना हुन नदिन समुदायले सजगता राख्नुपर्ने । सार्वजनिक जग्गा, खोलानाला, प्राकृतिक सम्पदा आदी चरम अतिक्रमणमा परेको देखिन्छ साथै उक्त सम्पदाहरु वेलैमा संरक्षणका लागि पहल गरिनुपर्दछ।

### ८.३.अन्य निकायहरूसँग सहकार्य

नेपालको पर्यटन क्षेत्रको विकासमा मित्रराष्ट्रहरू र यहाँ कार्यरत अन्तर्राष्ट्रिय निकायहरूको पनि रुचि भएको पाइएको हुँदा त्यस्ता सम्भावनाहरूको खोजी गरी सहकार्यका अवसरहरूबाट लाभ लिन सकिन्छ ।

## अनुसूची -१ अध्ययनका क्रममा सम्पर्क गरिएका महानुभावहरुको विवरण

नागार्जुन पर्यटन प्रवर्द्धन तथा अध्ययन समितिको मिति २०८०/१२/२९ गते, वडा नं १ को भेलामा उपस्थित एवं अन्तरक्रिया कार्यक्रम देहायका महानुभावहरुको उपस्थितिमा सम्पन्न गरियो।

**नागार्जुन वडा — १**



उपस्थित तथा सम्पर्क गरिएका महानुभावहरुको नाम

| | |
|---|---|
| रामेश्वर लामा | वडा अध्यक्ष- नागार्जुन - १ |
| लक्ष्मण सापकोटा | नागार्जुन - १ |
| राम प्रसाद खनाल | ” |
| भुवन गिरी | “ |
| बाबुराम राना मगर | “ |
| हिरा खड्का | “ |
| भोलानाथ दाहाल | “ |
| भेषराज पौडेल | “ |
| योगेन्द्र चित्रकार (मनोज) | “ |
| बाबुराम विश्वकर्मा | “ |
| सितल चन्द्र खरेल | “ |
| बिकेज बोगटी | “ |

**नागार्जुन , वडा — २**




उपस्थित तथा सम्पर्क गरिएका महानुभावहरुको नाम

| | |
|---|---|
| तिलक बहादुर खड्का | नागार्जुन वडा नं — २ |
| भुवन कार्की | “ |
| योगेन्द्र कुमार श्रेष्ठ | “ |
| रुकमणि कार्की | “ |
| सीता खतिवडा | “ |
| सविना श्रेष्ठ | “ |
| लक्ष्मी ढुङ्गाना | “ |
| राजु तामाङ | “ |
| लक्ष्मण लामा | “ |
| द्रुपत के.सी | “ |
| नवराज लामा | “ |
| प्रताप दानी | “ |
| रिता के.सी | “ |
| सुनिता श्रेष्ठ | “ |
| सोनम थापा | “ |
| इन्द्रजित राई | “ |

**नागार्जुन , वडा -  ०३**



उपस्थित तथा सम्पर्क गरिएका महानुभावहरुको नाम

| | |
|---|---|
| उमेश लामा, | वडा अध्यक्ष, नागार्जुन -  ०३ |
| कुल बहादुर श्रेष्ठ | “ |
| जीवन पुतुवार | “ |
| बम बहादुर श्रेष्ठ | “ |
| Katie Bastian | (USA) |
| मान बहादुर कार्की | “ |
| प्रेम लाल श्रेष्ठ | “ |
| अनुज श्रेष्ठ | “ |
| रवि श्रेष्ठ | “ |
| उत्तम श्रेष्ठ | “ |
| रविन श्रेष्ठ | “ |
| सुशिल श्रेष्ठ | “ |
| श्रीलाल श्रेष्ठ | “ |
| खड्ग मान श्रेष्ठ | “ |
| सागर पुतुवार | “ |
| शंश विर पुतुवार | “ |
| राम चन्द्र के.सी | “ |
| बल भद्र श्रेष्ठ | “ |
| कान्छा काजी श्रेष्ठ | “ |
| राम चन्द्र तिमिल्सिना | “ |

**नागार्जुन , वडा -    ४**



उपस्थित तथा सम्पर्क गरिएका महानुभावहरुको नाम

लक्ष्मी राम शर्मावडा अध्यक्ष, नागार्जुन -  ४
राज कुमार लोहनी "
बाबु राजा महर्जन "
शोभा नेपाली "
सुरेश प्रसाद ढुङ्गाना "
दमत्त कुमारी के.सी "
शोभा थापा मगर "
सुधा देवि शास्त्री "
जानुका खड्का "
सुनिल श्रेष्ठ "
निरु थापा मगर "
राम कृष्ण महर्जन "
नविन निश्चल थपलिया "
देवेन्द्र बहादुर थापा "
पुरुषोत्तम विष्ट "
हरिहर उप्रेती "
अनुज श्रेष्ठ "

| | |
|---|---|
| सुमित्रा अर्याल | “ |
| मछिन्द्र खकुरेल | “ |
| सन्तोष महर्जन | “ |
| निश्चल श्रेष्ठ | “ |
| शर्मिला के.सी | “ |
| इश्वरी बुढाथोकी | “ |
| प्रविना श्रेष्ठ | “ |
| उज्वल पनेरु | “ |
| सुवर्ण थापा | “ |
| क्षितिज सापकोटा | “ |
| सुरेश श्रेष्ठ | “ |
| पूर्ण बस्नेत | “ |
| रविन सिंह बस्नेत | “ |
| शास्वत सुवेदी | “ |

**नागार्जुन , वडा - ५**



उपस्थित तथा सम्पर्क गरिएका महानुभावहरुको नाम

| | |
|---|---|
| महेश रिमाल | वडा अध्यक्ष, नागार्जुन - ५ |
| चिरन्जिवी खनाल | " |
| राम बहादुर बस्नेत | " |
| कल्पना बसेल | " |
| सुन्दर खनाल | " |
| राम राजा कुँवर | " |
| बाल कृष्ण कपाली | " |
| केदार मानन्धर | " |
| पुरुषोत्तम थापा | " |
| दिलिप भट्टराई | " |
| श्रीराम प्रसाद पन्थी | " |
| सुरेश श्रेष्ठ | " |
| बलराम बस्नेत | " |
| गौतम राज कुँवर | " |
| गंगा थापा मगर | " |
| मिना थोकर | " |
| इश्वर राज बलामी | " |
| रोहित तामाङ | " |
| सुशिला अर्याल ज्ञवाली | " |

**नागार्जुन , वडा-   ६**



उपस्थित तथा सम्पर्क गरिएका महानुभावहरुको नाम

| | |
|---|---|
| देवेन्द्र राज गिरी | वडा अध्यक्ष, नागार्जुन -   ६ |
| नरेन्द्र श्रेष्ठ | “ |
| प्रेम बहादुर मानन्धर | “ |
| राम राज गिरी | “ |
| सन्तमाया ढिके | “ |
| गायत्री कार्की | “ |
| दिपक गिरी | “ |
| मोहन राज धिताल | “ |
| सलिना पौडेल | “ |
| बाल कुमारी विश्वकर्मा | “ |
| राजन पुरी | “ |
| भैरव नाथ खनाल | “ |
| सुनिल ढुङ्गाना | “ |
| गीता खनाल | “ |
| हुम्जुला राई वि.क | “ |
| मिरा पुरी | “ |
| विमला गिरी | “ |
| भवानी गिरी | “ |
| बलराम तामाङ | “ |
| कपिल राज पुरी | “ |

| | |
|---|---|
| झलक बहादुर तामाङ | " |
| ज्ञान बहादुर के.सी | " |
| मुकुन्द बहादुर सुवेदी | " |
| रघुविर तामाङ | " |
| मुकुन्द्र  तामाङ | " |
| अप्सरा ढुङ्गाना | " |
| नविन शाक्य | " |
| शैलेश्वरी गिरी | " |
| सुर्य मान तामाङ | " |
| तिर्थ तामाङ | " |
| राजन खत्री | " |
| सरोज तामाङ | " |
| विरेन्द्र तामाङ | " |
| सुदिप तामाङ | " |
| आर्यन गोले | " |
| रवी तामाङ | " |
| राजु गिरी | " |
| विवेक तामाङ | " |
| पदम तामाङ | " |
| कान्ति थापा | " |
| सिजन खड्का | " |
| कृतन पुरी | " |
| उद्वव खनाल | " |
| मिठ्ठु तामाङ | " |
| चन्द्र बहादुर तामाङ | " |
| कुमार तामाङ | " |
| सुर्य गिरी | " |
| राम गिरी | " |
| इश्वर गिरी | " |
| दिनेश लामा | " |
| प्रकाश गिरी | " |

**नागार्जुन , वडा - ७**



उपस्थित तथा सम्पर्क गरिएका महानुभावहरुको नाम

| | |
|---|---|
| शैलेन्द्र लामा | वडा अध्यक्ष, नागार्जुन - ७ |
| जयराम गिरी | “ |
| पार्वती गोतामे दाहाल | “ |
| पुष्कर दाहाल | “ |
| विश्वकर लामा | “ |
| सानु माया लामा | “ |
| महोदय लामा | “ |
| राम काजी गिरी | “ |
| रविन्द्र राज दाहाल | “ |
| बाल कृष्ण पुरी | “ |
| गोकुल गिरी | “ |
| हरिकृष्ण भण्डारी | “ |
| सानु राज लामा | “ |
| रिता तामाङ | “ |
| रवि गोतामे | “ |
| हर्क मति जोशी | “ |
| शिवहरी खनाल | “ |
| सन्तोष गौतम | “ |

| | |
|---|---|
| इश्वर गौतम | " |
| इश्वर भण्डारी | " |
| गोमा दाहाल | " |
| कान्छी गिरी | " |
| दुर्गा गिरी | " |
| गोविन्द गिरी | " |
| झम्क बहादुर लामा | |

**नागार्जुन , वडा - ८**



उपस्थित तथा सम्पर्क गरिएका महानुभावहरुको नाम

| | |
|---|---|
| सुरज कुमार पोखरेल, | वडा अध्यक्ष, नागार्जुन - ८ |
| सानु कान्छा लामा | " |
| मधुसुदन प्रसाद भट्टराई | " |
| दिनेश महर्जन | " |
| कमला मंग्राती | " |
| रामेश्वर लुईटेल | " |
| शारदा तिमिल्सिना | " |
| श्याम बाबु कुँवर | " |
| नवराज मंग्राती | " |
| सुवास लुईटेल | " |
| यादव भट्टराई | " |

**नागार्जुन , वडा -   ९**




उपस्थित तथा सम्पर्क गरिएका महानुभावहरुको नाम

| | |
|---|---|
| राम कृष्ण भट्टराई, | वडा अध्यक्ष, नागार्जुन -  ९ |
| मनिष रिसाल | “ |
| दिलिप रिसाल | “ |
| रोहन बुढाथोकी | “ |
| सोनी मालमुल (विशंके) | “ |
| निर्मला विडारी | “ |
| लक्ष्मण बुढाथोकी | “ |
| प्रवला श्रेष्ठ | “ |
| सुरेन्द्र भण्डारी | “ |
| प्रविण विष्ट | “ |

**नागार्जुन , वडा - १०**



उपस्थित तथा सम्पर्क गरिएका महानुभावहरुको नाम

| | |
|---|---|
| सुन्दर बहादुर के.सी, | वडा अध्यक्ष, नागार्जुन — १० |
| विदुर पन्त | “ |
| विजय राज अधिकारी | “ |
| कृष्ण हरि खत्री | “ |
| इश्वरी देवि भण्डारी | “ |
| शिव कुमार पन्त | “ |
| प्रधुम्न के.सी | “ |
| डिल्ली राज पौडेल | “ |
| अप्सरा बोहरा | “ |
| ईशा खड्का | “ |
| धन राज वि.क | “ |
| सुदन अधिकारी | “ |
| लक्ष्मी ज्ञावली | “ |
| विमला पौडेल | “ |
| इन्दिरा खड्का | “ |
| सोभेन्द्र झा | “ |
| माधव प्रसाद खतिवडा | “ |
| पवन रोक्का | “ |
| शशी कुमार खड्का | “ |
| शुभ कुमार नेपाली | “ |

## अनुसूची -२ विगत २७ वर्षमा नेपाल आएका विदेशी पर्यटकहरुको वार्षिक संख्या


| सि.नं | वर्ष | भारतीय (हवाइ मार्गबाट आएका मात्र) | अन्य देशका | जम्मा |
|---|---|---|---|---|
| १ | १९९७ | १३३४३८ | २८८४१९ | ४२१८५७ |
| २ | १९९८ | १४३२२९ | ३२०४५५ | ४६३६८४ |
| ३ | १९९९ | १४०६६१ | ३५०८४३ | ४९१५०४ |
| ४ | २००० | ९५९१५ | ३६७७३१ | ४६३६४६ |
| ५ | २००१ | ६४३२० | २९६९१७ | ३६१२३७ |
| ६ | २००२ | ६६७७७ | २०८६९१ | २७५४६८ |
| ७ | २००३ | ८६३६३ | २५१७६९ | ३३८१३२ |
| ८ | २००४ | ९०३२६ | २९४९७१ | ३८५२९७ |
| ९ | २००५ | ९६४३४ | २७८९६४ | ३७५३९८ |
| १० | २००६ | ९३७२२ | २९०२०४ | ३८३९२६ |
| ११ | २००७ | ९६०१० | ४३०६९५ | ५२६७०५ |
| १२ | २००८ | ९११७७ | ४०९१०० | ५००२७७ |
| १३ | २००९ | ९३८८४ | ४१६०७२ | ५०९९५६ |
| १४ | २०१० | १२०८९८ | ४८१९६९ | ६०२८६७ |
| १५ | २०११ | १४९५०४ | ५८६७११ | ७३६२१५ |
| १६ | २०१२ | १६५८१५ | ६३७२७७ | ८०३०९२ |
| १७ | २०१३ | १८०९७४ | ६१६६४२ | ७९७६१६ |

| सि.नं | वर्ष | भारतीय (हवाइ मार्गबाट आएका मात्र) | अन्य देशका | जम्मा |
|---|---|---|---|---|
| १८ | २०१४ | १३५३४३ | ६५४७७५ | ७९०११८ |
| १९ | २०१५ | ७४८१४ | ४६४१५६ | ५३८९७० |
| २० | २०१६ | ११८२४९ | ६३४७५३ | ७५३००२ |
| २१ | २०१७ | १६०८३२ | ७७९३८६ | ९४०२१८ |
| २२ | २०१८ | १९४३२३ | ९७८७४९ | ११७३०७२ |
| २३ | २०१९ | २५४१५० | ९४३०४१ | ११९७१९१ |
| २४ | २०२० | ४०३३६ | १८९७४९ | २३००८५ |
| २५ | २०२१ | ६४६७२ | ८६२९० | १५०९६२ |
| २६ | २०२२ | २०९१०५ | ४०५७६४ | ६१४८६९ |
| २७ | २०२३ | ३१९९३६ | ६९४९४९ | १०१४८८५ |
| २८ | २०२४ | | | ११४७५६७ |


स्रोतः *Immigration Department Analyzed and Compiled By NTB – January 2025*

# अनुसुची- ३ नक्साहरु


## ऐतिहासिक स्थलहरु




## धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरु




## खेल मैदान तथा पार्क


Ground
Major grounds available in Nagarjun Municipality
Legend
Feature 1
Feature 2
Khola
Khola
Bhimdhunga Nursery Chaur
Khadkule chaur
Hasantar Football Ground
APF ground
Chang Change Ground
Google Earth

## गुम्वा तथा स्तुपा


Gumba
Major Gumba of Nagarjun Municipality
Legend
Feature 1
Feature 2
Khola
Khola
Triten Monastery
White Gumba
Ramkot Stupa
APF ground
Terger Osel Ling Monastery(Pahelo Gumba)
Aani Gumba
Hasantar Gumba
Google Earth
N
4000 ft

# खेल मैदान तथा पार्क




Park
Major parks of Nagarjun Municipality
Legend
Feature 1
Feature 2
Khola
Khola
Raniban Park
Damfu Park
Ghunsha Park
Chhape Chaaur (Swizerland Park)
Ganeshman Smriti Park
Pushpalal Park
B.P Park
Google Earth
N

## प्रमुख नदी नाला


Rivers
Major Rivers of Nagarjun Municipality
Legend
Feature 1
Feature 2
Khola
Khola
Thulo Khola
Mahesh Khola
Bhadramati River
Lupang river
Manamati River
Google Earth

## पर्यटकीय तथा दृश्यावलोकनको लागि महत्वपूर्ण स्थानहरु



# सन्दर्भ सामाग्रीहरु


- रा.यो.आ. (२०७७) १५ औं योजना (२०७६/७७-२०८०/८१) राष्ट्रिय योजना आयोग काठमाडौं।
- स.प.ना.उ.म (२०७३) नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं।
- स.प.ना.उ.म (२०६५) पर्यटन नीति २०६५ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, काठमाडौं
- CRT (२०२०) Inpact of COVID-१९ on the Tourism Industry of Nepal (A Brief Diagnostic Survey), Center for Research in Tourism, Kathmandu.
- MoCTCA (२०१८), Overland Indian Visitors Survey २०१७, Ministry of Culture, Tourism & Civil Aviation, Kathmandu.
- MoCTCA (२०२२) Nepal Tourism Statistics २०२१, Ministry of Culture, Tourism & Civil Aviation, Kathmandu.
- विभिन्न वार्षिक योजना तथा कार्यक्रम पुस्तिकाहरु
- नागार्जुन एतिहासिक, धार्मिक एवम् सामाजिक विषयवस्तु को संग्रह- लुमणी आचार्य (२०७२- बंगलामुखी अफसेट प्रेस, कुपण्डोल)
- चिरन्जिवी खनाल (२०४७) : सीतापाईला गाउँको विस्तृत अध्ययन (Village Profile) अप्रकाशित
- नागार्जुन नगरपालिका (२०८१): नागार्जुन नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका
- नेपाल सरकार सूचना तथा प्रशारण विभाग (२०७६)
- नेपाल परिचय सुचना तथा प्रसारण विभाग
- "नेपाल महात्म्य" लगायत केही धार्मिक ग्रन्थहरु जस्तैः श्री स्वस्थानी व्रत कथा, स्कन्द पुराण आदी